नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

मंगलबार साउन ८, २०७५ | Tuesday, July 24, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लाथ्व १२ | वर्ष २४, अंक १९५ | पृष्ठ १२ | मूल्य रु १०/–

भर्खरै !
भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ
जवाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

# अब मजदुरले आन्दोलन गर्न नपाउने

**मधुसूदन रायमाझी, काठमाडौं**

नेपालको संविधानले शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारको ग्यारेन्टी गरेको छ। तर, होटल तथा क्यासिनोमा कार्यरत मजदुरले आगामी दिनमा आफ्नो अधिकार माग गरेर आवाजसमेत उठाउन नपाउने भएका छन्।

मजदुर संगठनमा आबद्ध केही नेताको स्वार्थका कारण मजदुरको अधिकारमाथि नै बन्देज लगाउने सहमति गरेपछि मजदुर संगठनमा विवाद चुलिएको छ। मजदुरको हक-हितका लागि खुलेका संगठनका केही नेताले होटल तथा क्यासिनो सञ्चालकको प्रलोभनमा परेर मजदुरविरोधी सम्झौता गरेको आरोप सम्झौता गर्नेहरूमाथि लागेको छ।

गत जेठ १८ गतेदेखि लागू हुने गरी मजदुर नेता र होटल सञ्चालकका बीच मजदुर अधिकारलाई असर हुने गरी सम्झौता भएको पाइएको हो। मजदुर नेता र होटल सञ्चालकबीच भएको १९ बुँदे सम्झौता मजदुरकै लागि घातक रहेको भन्दै मजदुरले असन्तुष्टि जनाएका छन्। नेपाल होटल संघ हान, अखिल नेपाल होटल क्यासिनो तथा रेस्टुराँ मजदुर संघ, नेपाल स्वतन्त्र होटल क्यासिनो तथा रेस्टुरेन्ट युनियन, नेपाल पर्यटन तथा होटल सम्बद्ध श्रमिक संघबीच मजदुरले आगामी दिनमा आन्दोलन गर्न र कुनै पनि माग राख्न नपाउने सम्झौता भएको हो।

- सम्झौताप्रति ट्रेड युनियन कांग्रेसको आपत्ति
- मजदुरको हितमा सम्झौता गरेको नेताहरूको दाबी

होटल तथा क्यासिनोमा आउने सेवाग्राहीबाट १० प्रतिशत सेवा शुल्क उठाउने र सो रकम मजदुर संगठन र होटल सञ्चालकबीच भागवण्डा गर्नेसमेत सहमति भएको छ। सम्झौताअनुसार होटल तथा क्यासिनोमा कार्यरत मजदुरले आफ्नो अधिकार माग राखेर आवाजसमेत उठाउन नपाइने विषय समावेश गरिएको छ।

सम्झौतामा भनिएको छ- 'भविष्यमा होटल रेस्टुरेन्टमा कार्यरत कामदार र कर्मचारी, क्रियाशील वा आधिकारिक युनियन कोही कसैले पनि प्रतिष्ठानलाई आर्थिक भार पर्ने गरी तलब, महँगी भत्ता, वार्षिक ग्रेड, उपदान शीर्षकमा वृद्धि गरी पाऊँ भनी प्रतिष्ठानलाई प्रत्यक्षरूपमा भार पर्ने गरी सामूहिक सौदाबाजीसम्बन्धी माग दाबी पेस गर्ने छैनन्।'

'सामूहिक सौदाबाजीलगायत कुनै पनि विवाद वा माग दाबीको कारणबाट श्रम ऐन, नियमविपरीत होटल वा रेस्टुरेन्ट बन्द र गैरकानुनी तालाबन्दी गर्ने/गराउने छैनन्', सम्झौतामा थप लेखिएको छ- 'होटल वा रेस्टुरेन्टहरूमा कुनै पनि प्रकारको गैरकानुनी प्रकारको हड्ताल हुनेछैन।' गत जेठ १२ गते भएको उक्त सम्झौता गोप्य राखिएको भए पनि अहिले मजदुरबीच यो सम्झौताको विषयलाई लिएर शुरू भएको विवाद उत्कर्षमा पुगेको छ।

त्यसै गरी सेवा शुल्कबापतको १० प्रतिशत रकमसमेत भागवण्डा गर्ने सहमति भएको छ। उनीहरूले ७२ प्रतिशत मजदुरलाई दिने भनिए तापनि २३ प्रतिशत रकम भने प्रतिष्ठानलाई दिनुपर्ने सम्झौतामा उल्लेख गरिएको छ। सेवा शुल्कबापत पाउने रकमको ५ प्रतिशत सबै रकम होटल सञ्चालकको संस्था हानको खातामा जम्मा गर्नुपर्ने सर्तसमेत सम्झौतामा उल्लेख छ। एक मजदुर नेताका अनुसार यो सम्झौताअनुरूप तीन मजदुर संगठनको खातामा प्रतिमहिना ६ देखि ७ लाख रुपियाँ जम्मा हुन्छ। यसअघि होटल क्यासिनोमा कार्यरत मजदुरले वार्षिक १० प्रतिशत ग्रेड वृद्धि पाउँदै आएका थिए।

(क्रमशः पृष्ठ ९ मा)



हिन्दू महिलाले साउने सोमबार तथा हरिशयनी एकादशी अर्थात् तुलसी रोप्ने दिन भव्यरूपमा मनाएका छन्। सोही दिन पशुपतीको बागमतीमा शेचन गर्दै एक महिला।
तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# आमाको विशेष आग्रहपछि डा. केसीको रगत परीक्षण

**नेपाल समाचारपत्र**
काठमाडौं

विभिन्न माग राखेर अनशनमा बस्दै आउनुभएका डा. गोविन्द केसीको शरीरमा भएको परिवर्तनका बारे पहिलोपटक नयाँ जानकारी प्राप्त भएको छ।

८० वर्षीय आमा मित्रकुमारी केसीको विशेष आग्रहमा डा. केसीले रगतको परीक्षण गर्न सहमत हुनुभएको थियो। आइतबार साँझ अनशनरत छोरालाई भेट्न टिचिङ अस्पताल पुग्नुभएकी आमा मित्रकुमारी छोरा डा. केसीले स्वास्थ्य परीक्षण गर्न नमानेको थाहा पाएपछि विक्षिप्त हुनुभएको थियो। भेट्दा केही नभन्नुभए पनि टेलिफोनमा भावुक हुँदै छोरा डा. केसीलाई स्वास्थ्य परीक्षण गराउन आग्रह गर्नुभएको थियो।

डा. केसीको स्वास्थ्यलाई नजिकबाट नियालिरहनुभएकी डा. दिव्यासिंह शाह केही दिनयता डा. केसीको शरीरमा आएको परिवर्तनका कारण चिन्तित हुँदै आउनुभएको छ। बोल्न नसके पनि करिब ४५ मिनेटसम्म डा. दिव्याले बताउनुभएको कुरा सुनिसकेपछि र आमाको विशेष आग्रहमा डा. केसी रगत परीक्षण गराउन सहमत हुनुभएको थियो।

यता रगतको रिपोर्ट आएसँगै चिकित्सकहरू भने थप चिन्तित भएका छन्। रगतका सम्पूर्ण 'प्यारामिटर' असामान्य हुँदै गएका छन्।

सेतो रक्तकोशिकाको संख्या अहिलेसम्मकै न्यून देखिएको छ। यति कम सेतो रक्तकोशिका भएका बिरामीलाई यदि कुनै संक्रमण भइहाले, त्यसले भयावह रूप लिने चिकित्सकहरूले बताएका छन्।

यसैका कारण भेट्न आउने मानिसलाई १० मिटर परै राख्ने गरिएको छ र डा. केसी अनशन बस्ने कोठामा प्रवेशका लागि अनिवार्य मास्क र 'ह्यान्ड स्यानिटाइजर'को प्रयोग गर्ने व्यवस्थासमेत गरिएको छ। यसले केही हदसम्म संक्रमण रोक्ने भए तापनि अब भने थप सावधानी नअपनाए डा. केसीलाई गम्भीर खाले संक्रमण हुन सक्ने चेतावनी चिकित्सकहरूले दिएका छन्।

रगतमा ग्लुकोजको मात्रा पनि अहिलेसम्मकै सबैभन्दा न्यून देखिएको छ। शरीरका सबै अङ्गले काम गर्ने प्रमुख तत्त्व ग्लुकोजबाट प्राप्त हुने गर्दछ। यसको मात्रामा कमी आएसँगै अङ्गहरू विस्तारै काम नगर्ने अवस्थामा पुग्ने गर्दछन्।

(क्रमशः पृष्ठ ९ मा)

## चिकित्सक संघको थप आन्दोलन

काठमाडौं, (नेस)

प्राडा गोविन्द केसीको मागप्रति सरकार गम्भीर नभएको आरोप लगाउँदै नेपाल चिकित्सक संघले थप आन्दोलन घोषणा गरेको छ।

संघले आवासीय चिकित्सकद्वारा जारी बहिरंग र अन्तरंग सेवा बहिष्कारमा ऐक्यबद्धता जनाउँदै देशभरका चिकित्सकलाई नियमित ओपीडी बहिष्कार गरी वैकल्पिक उपायबाट ओपीडी चलाउन आह्वान गरेको छ।

संघले रिले अनशन बस्न, र्‍याली, धर्ना निकाली विरोध कार्यक्रम गर्न र नागरिक समाजसँग मिलेर आन्दोलनमा उत्रन निर्देशन दिएको छ।

### प्रधानन्यायाधीशमाथि गम्भीर आरोप

# छोराको बिहे खर्च ९० लाख ?

**प्रशान्त वली, काठमाडौं**

कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीले छोराको बिहेको इन्गेजमेन्टमा मात्रै २० लाख र पूरा बिहेमा ९० लाख रुपियाँ खर्च गरेको भन्दै उक्त रकमको स्रोतको खोजी भएको छ।

प्रधानन्यायाधीश बन्ने प्रक्रियामा रहनुभएका जोशीविरुद्ध परेको उजुरीमा योलगायत ५ वटा गम्भीर आरोप रहेको संघीय संसद् सचिवालय स्रोतले जनाएको छ।

संघीय संसद् सचिवालयले संवैधानिक परिषद्को बैठकबाट प्रधानन्यायाधीशमा सिफारिस हुनुभएका जोशीविरुद्ध साउन ६ गतेसम्म उजुरी दिन आह्वान गरेको थियो। उहाँमाथि सबैभन्दा पछिल्लो समयमा सामाजिक सुधार ऐनविपरीत छोराको बिहेमा कुस्तौं खर्चेर भोज गरेको, राष्ट्रलाई क्षति पुऱ्याउने गरी अन्तरिम आदेश जारी गरेको, सरकारका नाममा स्रेस्ता कायम रहेको तनहुँको भिमाद नगरपालिकाको ८ सय रोपनी पर्ती जग्गा गैरकानुनीरूपमा दर्ताका लागि मेलमिलापमा पठाएको जस्ता उजुरीहरू परेका हुन्।

**उजुरीकर्ता भन्छन्- हामीसँग प्रमाण छ**

जोशीले भर्खरै काठमाडौंको एक होटलमा करिब ६ सय जना राखी छोरीको इन्गेजमेन्ट गरेको आरोप लगाउँदै उहाँविरुद्ध परेको उजुरीपत्रमा प्रतिप्रश्न गरिएको छ- 'करिब ३ महिनाअगाडि छोराको बिहेमा ९० लाख रुपियाँभन्दा बढी खर्च गरेका जोशीले इन्गेजमेन्ट मात्रै २० लाख रुपियाँको गरेका छन्। उक्त रकम कहाँबाट आयो। प्रधानन्यायाधीशले खर्चको स्रोत देखाउन पर्दैन।'

उजुरीकर्तामध्ये एक जनाले नाम नभन्ने सर्तमा भन्नुभयो- 'मैले पर्याप्त प्रमाणका आधारमा प्रधानन्यायाधीशविरुद्ध उजुरी गरेको छु। आवश्यक परेर समितिले बोलाए हाजिर हुन तयार छु।'

संसदीय सुनुवाइ समितिका सदस्य ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार संसदीय सुनुवाइ विशेष समितिको सोमबार बसेको बैठकले जोशीको सुनुवाइ यही १० गते बिहीबार गर्ने निर्णय गरेको छ। समितिले उजुरीकर्तासँग भने आज मंगलबार नै छलफल गर्ने भएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# मेट्रो रेलको डीपीआर तयारीका लागि कम्पनी छानिँदै

काठमाडौं, (नेस)

लगानी बोर्डले नागढुंगादेखि धुलिखेलसम्म मेट्रो रेल सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्न ६ कम्पनी छनोट गर्ने अन्तिम तयारी गरेको छ।

बोर्डका प्रवक्ता उत्तमभक्त वाग्लेले अहिले बोर्डले विभिन्न कम्पनीका आशयपत्रमाथि मूल्याङ्कन गरिरहेको बताउनुभयो। 'हामीले ग्लोबल टेन्डरमार्फत नागढुंगा-धुलिखेल खण्डमा मेट्रो रेल सञ्चालनका लागि डीपीआर तयार पार्ने कम्पनीको आशयपत्र माग गरेका थियौं। बोर्डमा परेका त्यही आशयपत्रमाथि मूल्याङ्कन भइरहेको छ। यो अन्तिम चरणमा पुगिसकेको छ।' -उहाँले भन्नुभयो।

३७ किलोमिटर लामो यस खण्डको डीपीआर तयार पार्न विभिन्न देशका २३ आशयपत्र परेको र त्यसमध्ये ६ वटा छनोट गर्न अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो।

२०७५ वैशाख १५ गते प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बोर्डको बैठकले काठमाडौं उपत्यकाको रुट नम्बर २ मा मेट्रो रेलको सम्भाव्यता अध्ययनको आशयपत्रसम्बन्धी प्रस्ताव स्वीकृत गरेसँगै यो प्रक्रिया शुरू भएको बोर्डले जनाएको छ। काठमाडौंमा मेट्रो सञ्चालनका लागि रुट-२ मा नागढुंगा-कलंकी-कोटेश्वर-धुलिखेलसम्मको रुट पर्दछ। बोर्डले आशयपत्रका लागि जेठ पहिलो साता विश्वव्यापी बोलपत्र आह्वान गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# राजधानीमा अवैध हुन्डीको कारोबार बढ्यो

**नेपाल समाचारपत्र**
काठमाडौं

लामो समयदेखि अवैधरूपमा हुन्डी कारोबार गर्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। गिरोहले विभिन्न मुलुकमा हुन्डीमार्फत रकम पठाउने गरेको विशेष सुराकीको आधारमा महानगरीय अपराध महाशाखाले पक्राउ गरेको हो।

महाशाखाले न्युरोड, पुतलीसडक, ताहाचललगायतका स्थानमा छापामारी पाँच हुन्डी कारोबारीलाई पक्राउ गरेको हो। प्रहरीले उनीहरूको साथबाट ५३ लाख नगद र २३ लाख रुपियाँ बराबरको चेक बरामद गरेको छ।

प्रहरीले उनीहरूको साथबाट विभिन्न बैंकको हस्ताक्षर गरी राखिएका चेकबुकहरू, वाट्स एपमा गरिएको हुन्डीको कारोबारको विवरण, हुन्डी कारोबार गरिएको कागजातहरू बरामद गरिएको छ। नेपालबाट विदेश अध्ययन गर्न जाने र विदेशमा कमाइ गरेको रकम हुन्डीमार्फत पठाउने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

महाशाखाका प्रवक्ता प्रहरी उपरीक्षक नरेन्द्र उप्रेतीले पक्राउ परेकाहरूले मलेसिया, कतार, अस्ट्रेलियालगायतका मुलुकबाट रकम ल्याउने र पठाउने गरेको जानकारी दिनुभयो।

**पक्राउ परेका सबैलाई आन्तरिक राजस्व विभाग पठाइएको छ। प्रहरीले रकम पठाउने र ल्याउनेको विवरणसहितकोमहत्त्वपूर्ण कागजात बरामद गरेको छ।**

अस्ट्रेलिया अध्ययन गर्न जाने विद्यार्थीले हुन्डीमार्फत रकम कारोबार गर्ने गरेको प्रहरीले दाबी गरेको छ। प्रहरीले भारतको दिल्ली घर भई कुलेश्वर बस्ने माँ चामुण्डा फ्रुट सेन्टरका सञ्चालक विजय गुप्ता, ललितपुर महालक्ष्मीस्थानस्थित सिभरसिटी सहकारीका कर्मचारी दीपक श्रेष्ठ र पुजन जिमी, बाफलस्थित ब्राइन इन्टरनेसनलका कर्मचारी सञ्जित पाण्डे, भारत घर भई हाल ताहाचल बस्ने अंकित अग्रवाल रहेका छन्।

पक्राउ परेकामध्ये अधिकांशले वाट्स एपमार्फत विवरण संकलन गरी हुन्डी कारोबार गर्ने गरेको खुलेको छ।

प्रहरीले विजय गुप्ताको साथबाट ३४ लाख ६८ हजार नगद, सिभरसिटीका सहकारीका श्रेष्ठको साथबाट ९ लाख ९० हजार नगद र १० लाख ३ हजार रुपियाँ बराबरको दुई वटा चेक र सोही सहकारीमा कार्यरत पुजनको साथबाट २३ हजार नगद र १० हजार चेक बरामद गरेको छ। त्यस्तै सञ्जित पाण्डेको साथबाट ३ लाख ३१ हजार नगद र १३ लाख रुपियाँ बराबरको तीन वटा चेक र अंकित अग्रवालको साथबाट ५ लाख रुपियाँ नगद बरामद गरिएको महाशाखाले जनाएको छ।

पक्राउ परेका सबै जनालाई आन्तरिक राजस्व विभाग पठाइएको छ। प्रहरीले रकम पठाउने र ल्याउनेको विवरणसहितको महत्त्वपूर्ण कागजात बरामद गरेको छ। महाशाखाले यो वर्ष हुन्डी कारोबारमा संलग्न एक दर्जनभन्दा बढीलाई पक्राउ गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अविलम्ब एमबीबीएसलगायत स्नातक तहका विद्यार्थी भर्ना गर्ने गरी पूर्वाधार र जनशक्ति कायम गरियोस्। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र गेटा मेडिकल कलेजको काम शीघ्र अघि बढाइयोस्। पाँचथर-इलाम, डडेल्धुरा-डोटी र उदयपुरमा सरकारी मेडिकल कलेज स्थापना गरियोस्।

# डा. केसीमाथि खेलवाड नगर

# वार्ताद्वारा निकास देऊ



चिकित्सा शिक्षासम्बन्धी न्यायिक जाँचबुझ आयोगले दोषी ठहऱ्याएका पदाधिकारीलाई आयोगको सिफारिसबमोजिम कारबाही गरियोस्। त्रिविले खोसेका अधिकार आईओएममा फिर्ता गर्दै आईओएमलाई थप स्वायत्तता दिइयोस्।

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

मुख्य गरी चिकित्सा शिक्षा सुधारलगायतका ७ बुँदे माग राखेर १५औं पटक आमरण अनसनमा बस्नुभएका प्राडा गोविन्द केसीको स्वास्थ्य अवस्था अत्यन्तै नाजुक हुँदासम्म पनि सरकारले मानवीयतासम्म पनि नदेखाएर क्रूरता अपनाउनु मानवअधिकारको समेत हनन गर्नु हो। केपी ओलीको नेतृत्वमा बनेको यो सरकारले हतियार र मेडिकल माफियाको दम्बका भरमा चिकित्सा शिक्षाको मर्म नै लत्याएर देशकै बदनाम गरिरहेको प्रबुद्ध वर्गको अभिव्यक्ति सार्वजनिक भइसकेको छ।

यति हुँदा पनि डा. केसीले अनसन शुरू गरेको आज २५औं दिनसम्म पनि सरकार वार्ताको नाममा खडा. गरेको ढोडको लौरोजस्तो कुनै निर्णय गर्ने अधिकार नपाएको टोलीलाई अघि सार्दै आनन्दले बसेको छ। यता डा. केसीको जुनसुकै बेला मुटु बन्द हुने अवस्थामा पुगेकाले चिकित्सक अत्तालिँदै सरकारसमक्ष वार्ताद्वारा समस्याको समाधान गर भनिरहेका छन्। सरकार भने वार्तालाई वास्तै नगरी जायज मागलाई दबाउने उद्देश्यले लाठी, अश्रुग्यास, गोली
चलाएर जनतालाई हताहत पार्ने र त्रासदीपूर्ण वातावरणको सिर्जना गर्दैछ।

डा. केसीले सरकारले नै मेडिकल कलेज सञ्चालन गरेर सर्वसाधारण जनतालाई नि:शुल्क चिकित्सा शिक्षाको पहुँचमा ल्याई नेपालको स्वास्थ्य सेवालाई सर्वसाधारणको नैसर्गिक अधिकार प्रत्यायोजन गर्नुपर्ने सुझाइरहँदा यता सरकार भने सेना, प्रहरी, व्यापारी सबै पक्षलाई उचालेर चिकित्सा शिक्षालाई व्यापारको अखडा. बनाउँदै छ। सरकारले नै मेडिकल कलेज चलाउनुपर्नेमा नेपाली सेना, नेपाल प्रहरीलाई समेत छुट्टै मेडिकल कलेजको आश्वासन दिएर जनतामाथि दमनमा उक्साउँदै छ। यो अत्यन्तै निन्दनीय र लज्जास्पद विषयमा सरकारले डा. केसीले उठान गरेका देश र जनताका अधिकारका मागलाई लत्याउने उद्देश्य भएको स्पष्ट रहेको विज्ञहरूको ठम्याई छ।

डा. केसीले उठान गरेका मागलाई नितान्त राजनैतिक माग र सरकारलाई काम गर्न नदिने नियत हो भनिएको छ। कुन मागले सरकारलाई असहयोग गर्छ र देश र जनताको अहितमा छ। हेरौ डा. केसीका ७ बुँदे माग जस्ताको तस्तै :

१. चिकित्सा शिक्षा अध्यादेशको प्रतिस्थापन विधेयक तत्काल संसद्मा पेस गरेर स्नातकोत्तर तहपछिको सेवा अवधिबाहेक बाँकी बुँदामा कुनै परिवर्तन नगरी यथारूपमा पारित गरियोस्। तत्पश्चात् अविलम्ब चिकित्सा शिक्षा आयोगलाई कार्यकारी उपाध्यक्षसहित पूर्णता दिएर मात्र साझा प्रवेश परीक्षा सञ्चालनलगायतका काम सुचारु गरियोस्।
२. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अविलम्ब एमबीबीएसलगायत स्नातक तहका विद्यार्थी भर्ना गर्ने गरी पूर्वाधार र जनशक्ति कायम गरियोस्। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र गेटा मेडिकल कलेजको काम शीघ्र अघि बढाइयोस्। पाँचथर-इलाम, डडेल्धुरा-डा.टी र उदयपुरमा सरकारी मेडिकल कलेज स्थापना गरियोस्।
३. माइतीघर मण्डला क्षेत्रमा प्रदर्शन निषेध गर्ने निर्णय तत्काल सदाका लागि फिर्ता गरियोस्।
४. चिकित्सा शिक्षासम्बन्धी न्यायिक जाँचबुझ आयोगले दोषी ठहऱ्याएका पदाधिकारीलाई आयोगको सिफारिसबमोजिम कारबाही गरियोस्। त्रिविले खोसेका अधिकार आईओएममा फिर्ता गर्दै आईओएमलाई थप स्वायत्तता दिइयोस्।
५. विश्वविद्यालय अनुदान आयोगका अध्यक्षको संयोजकत्वमा बनेको पदाधिकारी मापदण्ड निर्धारण समितिको प्रतिवेदन कार्यान्वयन गरियोस्।
६. कथित् छात्रवृत्ति व्यवस्थापन तथा परिचालन कार्यविधि-२०७५ खारेज गरी चिकित्सा शिक्षा ऐनमा स्नातकोत्तर तहको छात्रवृत्तिपछि २ वर्ष अनिवार्य सेवाको व्यवस्था गरियोस्। आगामी शैक्षिक सत्रदेखि सबै निजी संस्थामा समेत चिकित्साको स्नातकोत्तर तह नि:शुल्क गरियोस्।
७. पठनपाठन ठप्प भइसकेको जानकी मेडिकल कलेजका विद्यार्थीलाई उचित व्यवस्थापन गर्दै उनीहरूलाई अलपत्र पार्नमा जिम्मेवार व्यक्तिलाई तत्काल कारबाही गरियोस्। प्रदेश २ मा सरकारी मेडिकल कलेज खोल्ने काम तत्काल शुरू गरियोस्।

# आँखाको नानीदान र संकलनमा तिलगंगा र गंगालालबीच सम्झौता

शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा गत असार २९ गतेदेखि आँखादानसम्बन्धी परामर्श तथा आँखाको नानी संकलन केन्द्र सञ्चालन हुने गरी तिलगंगाा आँखा प्रतिष्ठान र शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रबीच सम्झौता भएको छ।

तिलगंगा आँखा प्रतिष्ठानकी प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङ र शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रका कार्यकारी निर्देशक डा. ज्योतिन्द्र शर्माबीच सम्झौतापत्र आदानप्रदान भएको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिव डा. दीपेन्द्ररमण सिंह भन्नुहुन्छ- 'यो प्रयास एकदमै राम्रो हो। सरकार तथा स्वास्थ्य मन्त्रालयले गर्नुपर्ने काम तिलगंगा आँखा प्रतिष्ठान र नेपाल आँखादान समाजको पहलमा भएको छ। दृष्टिविहीनलाई दृष्टि दिने यो पुण्य कार्यमा स्वास्थ्य मन्त्रालयको तर्फबाट कहाँ कसरी सहयोग गर्न सकिन्छ, त्यसमा मेरो तर्फबाट पूरा साथ तथा सहयोग हुनेछ।'

कार्यक्रममा तिलगंगा आँखा प्रतिष्ठानकी प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङले भन्नुभयो- 'आँखाको नानीदान र संकलनमा यसलाई एक थप अग्रगामी कदमको रूपमा हामीले लिएका छौं। धेरै प्रयासपश्चात् शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रसँग सहकार्य गर्न पायौं। विगतमा आँखादानसम्बन्धी मानिसलाई बुझाउन गाह्रो भए तापनि अहिले धेरै हदसम्म सफल भएका छौं। आँखादानसम्बन्धी परामर्श तथा आँखाको नानी संकलन केन्द्र देशव्यापीरूपमा धेरै बढाउन सक्यौं भने आँखाको नानीबाट दृष्टिविहीन भएर बस्नुपरेकाका लागि दृष्टि फर्काउन सकिन्छ। यो पुण्य कार्यमा सहयोग गर्ने स्वास्थ्य मन्त्रालय, शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, नेपाल आँखादान समाजलगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु।'

शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रका कार्यकारी निर्देशक डा. ज्योतिन्द्र शर्माले भन्नुभयो- 'यो कार्य एकदमै राम्रो कार्य हो। सबैले यसलाई सहयोग गर्नुपर्छ। म अपिल गर्न चाहन्छु कि नेपालभरि नै सबै क्षेत्रबाट तिलगंगासँग सहकार्य गरेर आँखाको नानी संकलन केन्द्र बृहत्रूपमा बढाएर दृष्टिविहीन भएर दु:ख पाउनुभएकालाई दृष्टि प्रदान गर्न सहयोग गरौं।'

नेपाल आँखादान समाजका अध्यक्ष जगन्नाथ महर्जन भन्नुहुन्छ- 'आज हाम्रो पहिलो प्रयास सफल भएको छ। तिलगंगा आँखा प्रतिष्ठानअन्तर्गत नेपाल आँखा बैंकको जुन सोचसहितको लक्ष्य र उद्देश्य छ, त्यसलाई हामीले मात्र साथ दिएका हौं। आजको सम्झौतापत्र सफल हुँदा हामी एकदमै खुसी भएका छौं, साथै आफ्नो जिम्मेवारी पूरा गरेको महसुस गरेका छौं। शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा आँखादानसम्बन्धी परामर्श तथा आँखाको नानी संकलन केन्द्र एउटा नमुनाको रूपमा स्थापना गरी काठमाडौं र देशका विभिन्न जिल्लामा अवस्थित सरकारी अस्पतालमा पनि स्थापना गर्न प्रेरित होस् भन्ने हामीले लक्ष्य लिएका छौं। आजको यस सहकार्य सम्झौतामा सहयोग गर्नुहुने स्वास्थ्य मन्त्रालय र शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रलाई धन्यवाद दिन चाहन्छु।'

सम्झौतापत्र आदानप्रदान कार्यक्रममा स्वास्थ्य मन्त्रालयका तर्फबाट सहसचिव डा. दीपेन्द्ररमण सिंह, तिलगंगा आँखा प्रतिष्ठानका तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङ, नेपाल आँखा बैंकका मेडिकल निर्देशक डा. लिना बज्राचार्य, नेपाल आँखा बैंकका व्यवस्थापक शंखनारायण त्वयना, शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रका कार्यकारी निर्देशक डा. ज्योतिन्द्र शर्मा, शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्दका प्रशासन प्रमुख राम आचार्य, नेपाल आँखादान समाजका अध्यक्ष जगन्नाथ, महासचिव साधुराम महर्जन, कोषाध्यक्ष सुरेन्द्र शाक्य, सञ्चार संयोजक मोतीशान्ति शाक्यलगायतको उपस्थिति थियो।

# नेपाल मेडिसिटी र महालक्ष्मी विकास बैंकबीच विशेष सम्झौता



भैंसेपाटीमा अवस्थित नेपाल मेडिसिटी अस्पताल र महालक्ष्मी विकास बैंकबीच सहकार्य गर्ने सम्झौता भएको छ। नेपाल मेडिसिटीका महाप्रबन्धक विजय रिमाल र महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णराज लामिछानेले हस्ताक्षर गरेसँगै सम्झौता कार्यान्वयनमा आउने भएको हो।

नेपालकै गुणस्तरीय सेवा प्रदान गर्ने अग्रणी अस्पतालको सेवामा महालक्ष्मी बैंकका कर्मचारी र सेवाग्राहीले विशेष सहुलियत प्राप्त गर्नेभएका छन्। अस्पतालका महाप्रबन्धक विजय रिमालले कर्पोरेट क्षेत्रका व्यस्त मानिसका लागि अस्पतालले कार्यक्षेत्रमै विशेष स्वास्थ्य सेवा प्रदान गर्न तयार रहेको बताउनुभयो। वन डे विथ कर्पोरेट केयरजस्ता कार्यक्रमलाई महालक्ष्मी विकास बैंकमा पनि सञ्चालन गर्नेमा वहाँले जोड दिनुभयो।

यस्तै अस्पतालका विभिन्न अभियानमा बैंकले समर्थन र सहकार्य गर्ने प्रमुख कार्यकारी अधिकृत लामिछानेले बताउनुभयो। खासगरी बैंकका भिसा डेबिट र क्रेडिट कार्डका उपभोक्ताका लागि यो सेवा विशेषरूपमा लागू हुनेछ। बैंकले सामाजिक उत्तरदायित्वका रूपका गर्दै आएका गतिविधिमा नेपाल मेडिसिटीले साथ दिने जनाएको छ।

## सार्क क्षयरोग केन्द्र अनियमितता प्रकरणका नाइके डा. बिच्छा परिवार कल्याणको निर्देशक

# सार्कका निर्देशक १६ महिनामा ३२ पटक विदेश



क्षयरोग र एचआईभी एड्सको क्षेत्रमा शून्य अनुभवी कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा. आरपी बिच्छा १६ महिनाअघि सार्क क्षयरोग तथा एचआईभी एड्स केन्द्र ठिमी, भक्तपुरमा सरुवा भएका थिए। आज उनै विच्छालाई सरकारले स्यावासीसहितको अर्को क्षेत्रको जिम्मेवारी सुम्पेको छ।

आर्थिक अनियमितता गरेकै आरोपमा बाल स्वास्थ्य महाशाखाबाट गगन थापा स्वास्थ्यमन्त्री हुँदा उनले आर्थिक चाँजोपाँजो मिलाएर गतवर्षको ३ मार्चदेखि सार्क क्षयरोग केन्द्रमा सरुवा भएका थिए। आइतबार त्यही शाखा गाभिएको छ र डा.. बिच्छाले त्यसकै निर्देशक पदमा नियुक्ति पाएका छन्। सरकारले स्वास्थ्य सेवा विभागअन्तर्गतको बाल स्वास्थ्य र परिवार स्वास्थ्य महाशाखालाई एउटैमा गाभेर परिवार कल्याण महाशाखा बनाएको छ।

विगतमा मातृ स्वास्थ्यसँग सम्बन्धित काम परिवार स्वास्थ्य र नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य र पोषणको काम बाल स्वास्थ्य महाशाखाले गर्दै आएको थियो। नयाँ बनाइएको महाशाखामा डा.. बिच्छालाई निर्देशकको जिम्मेवारी दिइएको छ। डा.बिच्छा यसअघि सार्क क्षयरोग केन्द्रका निर्देशक थिए। परिवार स्वास्थ्यका निर्देशक डा. तारानाथ पोखरेललाई भने राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको जिम्मेवारी दिइएको छ। संघीय संसद् को चुनावताका केन्द्रमा आफ्नो सरुवा मिलाउँदा उनले मोटो रकम बुझाएकै कारण जस्तोसुकै काम गरे पनि स्वास्थ्य मन्त्रालय र सरकारले आँखा चिम्लिएर स्वीकृति दिने र उनको बढुवा गर्ने गरेको स्रोतको दाबी छ।

सार्क केन्द्रको निर्देशकमा सरुवा मिलाएपछि आफ्नो लगानी उठाउन उनले विभिन्न उपाय अपनाउँदै आएका थिए भने १६ महिनाको अवधिमा उनले केन्द्रका प्रशासन शाखा र लेखाशाखासँग मिलेर विदेश भ्रमण, खरिद तथा विभिन्न शीर्षकमा मिलाएर त्यसको दोब्बर रकम उठाइसकेको स्रोतको दाबी छ।

सार्क मुलुकमा जाँदा प्रतिदिन २ सय र अन्य मुलुकमा जाँदा प्रतिदिन ४ सय अमेरिकी डलर पाउने भएकाले उनले विदेश जाने मामलामा निर्देशक पदको दुरुपयोग गरी आफ्नो हात जगन्नाथ गर्दै प्रत्येक पटक आफू आफ्नो परिवार र लेखा प्रशासनका सेटिङ मिलाउने टोलीलाई मात्र लाने गरेको बताइन्छ।

यसका लागि उनले हरेक महिना कम्तीमा पनि २ वटा कार्यक्रम राख्दै सार्क सदस्य मुलुक घुम्ने गरेका छन्। पछिल्लो तथ्यांकअनुसार उनी सार्कका हरेक देशमा ४/४ पटक पुगिसकेका छन् भने १ पटक दक्षिण अफ्रिका गएका छन् भने बिहीबार (१९ जुलाई ) मा नेदरल्यान्डको एम्स्टरडयाम गएका छन्।

निर्देशक भएको १६ महिनाको अवधिमा स्वास्थ्य मन्त्रालयको अनुमति नलिई कम्तीमा ५ देखि ७ दिनसम्मको भ्रमण तालिका आफैंले बनाएर दैनिक २ सय अमेरिकी डलर दैनिक भ्रमण भत्ता लिई २८ भन्दा बढीपटक सार्क मुलुक घुमिसकेका छन्।

दैनिक ४ सय अमेरिकी डलरको दरमा १ हप्ताभन्दा बढीको समय मिलाएर मेक्सिको पुगेका बिच्छा केही महिनाअघि दक्षिण अफ्रिकाको कार्यक्रममा आफैं गएका र केन्द्रको प्रोफेसनल (प्राविधिक कर्मचारी) जानुपर्ने ठाउँमा प्रोफेसनल कर्मचारीको नाम काटेर २० जुलाईदेखि नेदरल्यान्डको एम्स्टरडयाममा हुन लागेको अर्को कार्यक्रममा बिहीबार आफैं गएका छन्। विदेश भ्रमणकै क्रममा स्वास्थ्य मन्त्रालयको उच्च मूल्यांकनमा पर्न सफल भएका छन्। यता नियमित काममा खटिएर पनि कहिल्यै मूल्यांकनमा नपर्ने कर्मचारी भने सरकारको व्यवहारप्रति धिक्कार्दै बसेका छन्।

पछिल्लो समयमा सार्क मुलुकमा जाँदा केन्द्रकी प्रशासन अधिकृत महिला कर्मचारीलाई साथै लैजाने गरेका बिच्छाले केन्द्रकै बजेटमा कहिलेकाँही रिसर्च अफिसर बनाएर श्रीमती, छोराछोरी लिएर जाने गरेका छन्।

त्यतिमात्रै नभई १ महिना बिराएर आफ्नो घर जलेश्वर महोत्तरी जाँदा होस् या अर्को घर विराटनगरमा जाँदा नै किन नहोस् केन्द्रबाट आफैंले आफ्नो भ्रमण आदेश बनाई दैनिक १ सय ५० अमेरिकी डलरको दरमा केन्द्रबाट असुल्ने गरेको स्रोत बताउँछ।

स्वदेश या विदेश जहाँ गए पनि एउटामात्रै ट्राभल एजेन्सी अर्बिट इन्टरनेसनल बागबजारबाट मात्रै हवाइ टिकट किनेर महँगो बिल बनाई कमिसन खाने गरेको समेत सार्कका असन्तुष्ट कर्मचारीको आरोप छ। एउटा टिकटमा ३० देखि ३५ हजार रुपियाँसम्म फरक परेको कर्मचारीको आरोप छ। यसका लागि हाल छानबिनको क्रममा रहेका केन्द्रका नक्कली प्रमाणपत्रधारी प्रशासन प्रमुख कृष्ण बस्नेत, अर्की कर्मचारी मीना ढकाल र लेखाशाखासँग मिलेर बिच्छाले कमिसन खाने गरेको समेत आरोप लागेको छ।

उता नेपालकै एकमात्र केन्द्रीयस्तरको बाल अस्पताल कान्ति बाल अस्पतालमा ३९ जना चिकित्सकको दरबन्दीमा ९ जनामात्रै कार्यरत शीर्षकको समाचारले आम जनताको ध्यान खिच्न सफल भयो। दैनिक १ हजारभन्दा बढी बिरामी आउने कान्ति बाल अस्पतालमा बिरामी जाँच्ने चिकित्सक नहुनु यता कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा. बिच्छालाई १६ महिनादेखि क्षयरोग र एचआईभीको क्षेत्रमा काम गर्न लगाउनुमा स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादव तथा सचिव डा. पुष्पा चौधरीमा के स्वार्थ छ ? भनेर प्रश्न उठिरहेको बेला अर्को विभागको निर्देशक बनाएर पठाउनुले थप शंका उब्जाएको छ।

यति जटिल समस्या आउँदा समेत स्वास्थ्य मन्त्रालयका सचिव डा. चौधरीले कुनै चासो नदिनु र अर्को संस्थाको निर्देशकमा सिफारिस गर्नुमा कतै उहाँ र मन्त्री यादवको नै संरक्षणमा बालरोग विशेषज्ञ डा. बिच्छालाई काखी च्यापेका कारण पछिल्लो समय व्यापक आर्थिक अनियमितता हुँदा पनि उनीमाथि कारबाही नभएको तै हैन भन्दै प्रश्न उठिरहेको छ। मन्त्रालयले बुधबारमात्रै सार्वजनिक गरेको स्वास्थ्य अधिकारीको सरुवामा डा. बिच्छा नपारिनु र आइतबार निर्देशक पदको जिम्मेवारीमा नियुक्त गरिनुलाई अझ अर्थपूर्णरूपमा हेरिएको छ।

PAGE3



## साउने सोमबार

अभिनेतृ तथा निर्देशक दीपाश्री निरौला फेसबुकमा।



## अमृत पूजा

नायिका सुष्मा कार्की पशुपतिमा।

# कता हरायो पालुङको फिल्म सिटी!



रोशन पराजुली, हेटौंडा

प्रदेश-३ मा फिल्म सिटी निर्माण हुने प्रदेश सरकारले जनाइरहँदा प्रधानमन्त्री केपी ओलीसँग भारतको एस्सेल ग्रुप प्रमुख तथा जी इन्टरटेनमेन्ट इन्टरप्राइज अध्यक्ष सुवास चन्द्रा एवं सिने अभिनेतृ जया प्रदालगायतले भेटेका छन्।

भारतीय समूह फिल्म सिटी निर्माणका लागि गोरखाको पालुङटार र धादिङको सल्यानटारको स्थलगत अध्ययन गरेर फर्किएको थियो। अध्ययनपछि जी इन्टरटेनमेन्ट इन्टरप्राइजका अध्यक्ष चन्द्राले पालुङटारको नदीदेखि पहाडसम्मको सुन्दर परिवेशले आफूलाई आकर्षित गरेको बताए। उनले ती ठाउँबारे प्रशंसाका शब्द खर्चिए। उनले नेपालमा फिल्म सिटीको स्थापनाका लागि प्रारम्भिक कार्य शुरू भइसकेको पनि बताए। भारतले यति धेरै काम अगाडि बढाउँदा सिनेमा छायांकनका लागि भरपुर प्रयोग गरिँदै आएको उत्तरी मकवानपुरको दामनपालुङ क्षेत्रको चर्चा भने कहीं कतै भएन। त्यस क्षेत्रमा प्रशस्त संख्यामा फिल्म छायांकन हुँदै आएका छन्। केही वर्षअघि त्यहाँ फिल्म सिटी बनाउनेबारे बहस नै चलेको थियो। तर, त्यसपछि यो विषय नै सेलाएको छ।

नेपाली फिल्मका निर्माता पछिल्लो समय उत्कृष्ट फिल्म निर्माणका लागि सजग हुने गरेको देखिन्छ। त्यसका लागि हरेक किसिमबाट गीत, संगीत, कथा, निर्देशनको पाटोदेखि सुन्दर लोकेसनको खोजीमा हुन्छन्। आँखालाई शीतलता दिन सक्ने लोकेसन हन्टिङका लागि मेकरहरू समय नै खर्च गरेर निस्कने गरेका छन्। यही परिवेशलाई केही हदसम्म भए पनि सहयोग होस् भन्ने हेतुले नगरले प्रयास थालेको थाहानगरका मेयर लवशेर विष्ट बताउँछन्। विशेष गरी पर्यटकीयस्थलका रूपमा चिनिएको होमस्टे तथा त्यस वरिपरिका दृश्यलाई फिल्ममा उतार्दा दर्शकलाई नयाँ स्वाद पनि हुने र प्रचार-प्रसारलाई सहयोग पुग्ने उनको विचार छ। केही सम्भावनाजन्य पूर्वाधार पूरा गर्न सके फिल्म छायांकनका लागि पालुङ क्षेत्र उत्कृष्ट बन्ने उनले बताए। चलचित्र छायांकनका लागि केन्द्र र प्रदेश राजधानीबाट नजिक थाहानगर उत्तम रोजाइ हुने उनले प्रतिक्रिया दिएका छन्। उनले थाहानगरलाई फिल्म छायांकन नगर बनाउन सक्ने र त्यसका लागि सबै सरोकारवालासँग पहल गर्न अनुरोध गरे र सरकारको ध्यानाकर्षण पनि गरे। उनले आवश्यक पूर्वाधारका लागि आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए। होमस्टे सञ्चालकहरूले पनि आफूहरू जस्तोसुकै सहयोग गर्न तयार रहेको बताएका छन्। 'नेपालले आधुनिक फिल्म सिटी बनाउन चलचित्र विकास बोर्ड, पर्यटन मन्त्रालय, सञ्चार मन्त्रालय, अर्थ मन्त्रालयसँग सहकार्य गरेर मात्र फिल्म सिटी बनाउन सम्भव छ', मेयर विष्टले भने- 'फिल्म सिटी बनाउन झन्डै १५ अर्ब जति बजेट लाग्ने सुनेको छु। त्यो पैसा जुटाउन सबैको सहयोग जरुरी हुन्छ।' उनले यहाँ हलिउड शैलीको फिल्म सिटी बनाउनुपर्नेमा जोड दिए। सिंगापुर तथा हलिउडका अन्य फिल्म स्टुडियोमा जस्तै सबै किसिमका सुविधा रहेकाले त्यही शैलीको स्टुडियो यहाँ बनाउनुपर्ने उनको बुझाइ छ। सरकार भने कहिले दोलखा त कहिले पोखरामा फिल्म सिटी स्टुडियो निर्माण गर्ने भनेर अलमलिइरहेको छ।

भारतीय टोलीले नेपालमा *जी सिने अवार्ड* गर्नेबारे समेत छलफल गरेको छ। टोलीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटी आगामी नोभेम्बर/डिसेम्बरमा अवार्ड गर्ने जनाएको छ। उनीहरूले यो अवार्डमा यसपालिदेखि नेपाली फिल्मका लागि पनि एक अवार्डको व्यवस्था गरिनेसमेत जानकारी गराएका छन्।



# कुवेतमा खिचिएको भिडियो सार्वजनिक



हिजोआज फिल्मदेखि म्युजिक भिडियोसमेत विदेशमा छायांकन हुन थालेका छन्। यसै गरी विदेशमा बसेका नेपालीको समूहले निर्माण गरेको *गल्ती मेरो थियो होला* बोलको गीतमाथि निर्माण गरिएको म्युजिक भिडियो सार्वजनिक गरिएको छ।

नक्कले गाइजको प्रस्तुति रहेको भिडियो कुवेतमा छायांकन गरिएको छ। राज दोङ र अभियान दोङको स्वर रहेको गीतमा अभियानको शब्द र राज दोङको संगीत रहेको छ। नक्कले प्रेम स्याङ्तानले निर्देशन गरेको भिडियोमा एक युवाले आफ्नो प्रेमिकाले छोडेर जाँदाको पीडा देखाउन खोजिएको छ। नक्कले प्रेमकै छायांकन रहेको भिडियोलाई वीरेन्द्र भाटले सम्पादन गरेका छन्। भिडियोमा आरोन्स योल्मो, सरू गिरी, बाल ठकुरी र दीपक राईको अभिनय गरेका छन्। विदेशमा बस्दै आइरहेका प्रेमले नेपाली गीत-संगीत तथा भिडियोमा आफूलाई सक्रिय राख्दै आइरहेका छन्।

# विराटसँगको बिहे अनुश्काको थिएन सर्वश्रेष्ठ निर्णय



क्रिकेटर विराट कोहलीसँग विवाह गरेपछि बलिउड नायिका अनुश्का शर्माको करियरले पनि रफ्तार लिएको छ।

तर, उनले विराटसँग विवाह गर्नु नै आफ्नो जीवनको सर्वश्रेष्ठ निर्णय नभएको बताएकी छिन्। उनले आफ्नो इन्स्टाग्राममा एक तस्वीर शेयर गरेकी छिन्। जसमा उनले शाकाहारी बन्नु आफ्नो जिन्दगीको उत्कृष्ट फैसला भएको उल्लेख गरेकी छन्। उनले अगाडि लेखेकी छिन्- 'म यस कुराप्रति सन्तुष्ट छु कि यसबाट मैले दुनियामा केही हदसम्म बदलाव ल्याएकी छु।'

उनले यो तस्वीर एक पशु अधिकार संगठनको अभियानका लागि खिचाएकी हुन्। ३ वर्षअघि मासु खान छोडेकी उनले यसपटक आफ्नो जन्मदिनको अवसरमा मुम्बईमा पशु आश्रय निर्माण गर्ने बताएकी थिइन्।

कामना GAIJATRA 35Th EDITION
ENTERTAINING NEPALESE SINCE 1984

आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुऱ्याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लठ्ठिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र
यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।

हरेक साल उत्कृष्ट छ, पराभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# विचार

यदि मान्छेको उन्नति हुन्छ भने ऊसँगै सारा संसारको उन्नति हुन्छ, तर एउटा मान्छेको पतन हुन्छ भने ऊसँगै सारा संसारको पतन हुन्छ।
- महात्मा गान्धी

कुनै पनि नागरिक त्यति धनी नहोस् कि अर्कालाई किन्न सकोस् र यति गरिब पनि नहोस् कि आफूलाई बेच्नको लागि बाध्य हुनु नपरोस्।
- रुसो

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## जनताको विश्वास गुमाउँदै सरकार

नयाँ संविधानबमोजिम निर्वाचनबाट चुनिएको वर्तमान सरकारसँग नेपाल र नेपालीको विशेष अपेक्षा रहनु स्वाभाविक हो। विशेषतः लामो समय संक्रमणकाल, सशस्त्र द्वन्द्वबाट गुज्ररिनुपरेको नेपाल र नेपालीका लागि राष्ट्रिय एकता, सामाजिक न्यायसहित समावेशी विकासमा मुलुकलाई डोऱ्याउनु आजको आवश्यकता पनि हो। केपी शर्मा ओली नेतृत्वको अहिलेको सरकार जुन ढंगले चल्दै छ, जे-जस्ता सोच र विचारहरू सत्तापक्षबाट सावर्जनिक गरिँदै छ, त्यस आधारमा अहिलेको सरकार जनताको स्वाभाविक आकांक्षा पूरा गर्न अघि बढिरहेको संकेत देखा परेको छैन। न जनताले भोग्नुपरिरहेको समस्याप्रति आवश्यक संवेदनशीलता नै देखाएको छ आभास भएको छ। निर्वाचनताका देखाएको समृद्धि, विकासको सपना पूरा गर्नु त के, जनताले गरेको विश्वाससमेत क्षयीकरण हुँदै गएको छ।

सिद्धान्ततः लोकतान्त्रिक राज्य व्यवस्थामा जनता देखेर सरकार डराउँछ। तर अहिले जनता देखेर सरकार होइन, सरकार देखेर जनता डराउनुपर्ने स्थिति आएको छ। डा. गोविन्द केसी प्रकरणमा सरकारले देखाएको रवैया, विपक्षी दलको प्रदर्शनमा भएको दमन र त्यसउपर सरकारको दृष्टिकोण हेर्दा सरकारमा सत्ताको अहंकार र दम्भ बढेको देखिन्छ। डा. गोविन्द केसीले उठाएका मागका हकमा सरकारबाहेक सबैको सहानुभूति रहेको छ। पेसागत सद्‌गुण र नैतिक बलका कारण आमनागरिक उनको पक्षमा रहेका छन्। डा. केसीले अनशनमा राखेका सवालले नेपालको शिक्षा व्यवसायमा रहेको नाफाखोरी, शोषण, भ्रष्टाचार र अराजकतासँग सोझै सम्बन्ध राख्छन्। सामान्यतः सरकार र राज्यले जनतासामु आएका समस्या समाधान गर्ने हो। समस्याको पाटो सरकार हुने होइन। सरकारी नजरमा यो समस्या डा. केसीले खडा गरेको देखिएको होला तर यो होइन भन्ने आमजनमत रहेको छ।

शिक्षा, स्वास्थ्यमा सबै नेपालीको समान पहुँच हुनुपर्दछ। शिक्षा र स्वास्थ्यमा असमान पहुँचले गर्दा असमानताको खाडल निकै गरिरिँदै गएको छ। तर यो विषयलाई समाजवादी व्यवस्था कल्पना गर्ने वामपन्थीहरूको बहुमत रहेको सरकारले जसरी बुझ पचाएको छ, त्यो निकै उदेक लाग्दो रहेको छ। सरकारले डा. केसीको अनशनलाई सरकारविरुद्धको राजनीतिको रूपमा लिएको छ भने प्रमुख प्रतिपक्ष दलले यसलाई सरकारलाई गलाउने अस्त्रका रूपमा प्रयोग गर्न खोजेको छ। यसले गर्दा पनि डा. गोविन्द केसीको मागप्रति न्याय हुन कठिन छ। अहिले शिक्षा र स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउने, यसको नाउँमा भएको शोषण, व्यापारीकरणविरुद्ध उभिएर स्वास्थ्य र शिक्षालाई जनमुखी बनाउने अपूर्व अवसरका रूपमा लिनु केसीको अनशनप्रतिको सम्यक बुझाइ हुनेछ। तर सरकारले यस दिशातर्फ अघि बढ्ने संकेत देखाइरहेको छैन। सरकार यस्तै दम्भ र अंहकारको भाषामा मात्र प्रस्तुत भइरहने हो भने यस सरकारप्रति जनताको विश्वास गुम्न बेर लाग्दैन।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# सरकार अनपेक्षितरूपमा आलोचित बन्दै



बद्री तिवारी

दुई तिहाइभन्दा बढीको समर्थनमा निर्मित नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष केपी ओली नेतृत्वको सरकार आफ्नै पछिल्ला गतिविधिका कारण यतिखेर बढी नै आलोचनाको सिकार बनिरहेको छ। भनिँदै छ- जनताले जे सोचेर वाम गठबन्धन (एकताअघि एमाले र माओवादी केन्द्र) लाई अत्यधिक मतका साथ विजयी गराएका थिए, जनताको अपेक्षा पूरा हुनु त परै जाओस्, ती दलहरूले चुनावी घोषणापत्रमा उल्लेख गरेका तथा सरकार निर्माणपछि घोषित कार्यक्रमहरूसमेत कार्यान्वयन गर्न नसकेर उल्टै निराश पार्ने अवस्था निम्तिनु नै जन-असन्तुष्टिको मूल कारण हो।

निश्चय नै, भन्न जति सजिलो हुन्छ काम गर्न त्योभन्दा गाह्रो। सरकारविरोधी आलोचना वा टिकाटिप्पणीको शृङ्खला ह्वात्तै बढ्नुमा विपक्षीको चलखेल तथा विरोध मात्र पनि जिम्मेवार छैन। बरु आरोप लगाउनेहरूले सरकारका मन्त्रीहरू र अन्य सरकारी पदाधिकारीको गल्ती कमजोरीलाई आधार बनाएर मिडियाबाजी गर्न पछि पर्दैनन्। उनीहरू आमसञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत आमजनमानसको विश्वास जित्ने गरी प्रचारबाजीमा लाग्छन्। तरल अवस्थामा जे-जस्ता प्रचारबाजी पनि हुन सक्छन्, यो त्यति अस्वाभाविक लाग्दैन। किनकि राम्रा-राम्रा योजना बुनेर जनतालाई आशावादी तुल्याउने बानी परेका सत्तारुढहरूले आफ्ना योजना कार्यान्वयन गर्न असफल बन्नेबित्तिकै जनतामा रिक्त हुन पुगेको सूचनाको ठाउँ स्वाभाविकरूपमा विपक्षीहरूले लिन सक्छन्।

सरकारले आन्तरिकरूपमा आफ्नो अनुसन्धान कार्यलाई अघि बढाइरहेकै होला, तैपनि सतहीरूपमा ऊमाथि विभिन्न खालका आरोपहरू लाग्ने गरेका छन्, जसको चित्त बुझ्दो जवाफ नदिई सरकारलाई धरै छैन। अनुसन्धानकै सन्दर्भमा चर्चा गर्दा ३३ किलो सुन तस्करीमा संलग्नमध्ये 'हालसम्म त साना माछा मात्रै हात लागेको, अब पालो ठूला माछा समात्ने' भनेर गृहमन्त्री रामबहादुर थापा बादलले भन्नुभएको पनि महिनौं बित्न लागिसक्यो तर उपलब्धि सन्तोषजनक देखिएन। हुन पनि त्यस प्रकरणमा प्रहरी वरिष्ठ उपरीक्षक श्याम थापाभन्दा माथिका अभियुक्तहरू हालसम्म पक्राउ पर्न सकेका छैनन्। यदि उहाँले भनेजस्ता ठूला माछा समात्न सकेको भए त्यस्तो समाचार सार्वजनिक भइहाल्थ्यो होला ! मन्त्री थापाले आफ्ना योजना सार्वजनिक गरेर वाहवाही पाउन खोज्नुभन्दा काम गरेपछि मात्र बोलिदिएको भए अपराधी पनि उम्कन पाउँदैनथे, जनताले पनि उहाँका कुराको विश्वास गर्दथे होलान्। बोलेको कुरा पूरा नगरेपछि यस्तै सवालले प्रशंसाको साटो आलोचना निम्त्याउँछ भन्ने बुझ्नु आवश्यक छ।

यसपटक सरकार आलोचित बन्नुपर्ने अवस्था निम्त्याउने अर्को कारण हो सार्वजनिक यातायातको सिन्डिकेट अन्त्य प्रकरण। यसका विभागीय मन्त्री रघुवीर महासेठका कारण मन्त्रिपरिषद्को निर्णयसमेत कार्यान्वयन नभएको समाचार पटक-पटक सार्वजनिक हुँदै आएको छ। यातायात क्षेत्रका विकृति-विसंगतिहरू हटाएर यात्रुलाई स्तरीय सेवा प्रदान गर्ने उद्देश्यका साथ गत वैशाखमा भएको मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन हुन नसक्नु मन्त्रालयकै कमजोरीका रूपमा लिइँदै आएको छ। त्यसो त मन्त्री महासेठले सिन्डिकेट अन्त्यका लागि मुख्य भूमिका निर्वाह गरिरहेका यातायात व्यवस्था विभागका महानिर्देशक रूपनारायण भट्टराईलाई मन्त्रालयमै सरुवा गरिदिए, फलस्वरूप सरकारी निर्णयलाई आफ्नो अनुकूलतामा चलाउन पाइयोस् भन्ने ध्येयका साथ अवसर पर्खिरहेका व्यवसायीहरू लाभान्वित बने। मन्त्रीदेखि सरकारी पदाधिकारीलाई यातायात व्यवसायीले आ-आफ्नै स्वार्थ अनुकूल प्रयोग गर्न पाउने भए। आफ्ना रोकिएका बैंक खाता सञ्चालन गर्नदेखि स्रोत नखुल्ने सम्पत्तिको व्यवस्थान गर्नेसम्मका गतिविधि गर्न समय पाएपछि के चाहियो, राजस्वसमेत तिर्न हिच्किचाउने व्यवसायीहरू त्यस्ता अवसर पाएपछि के छोड्थे होलान् र ? यस किसिमको वातावरण स्वयम् मन्त्रीले बनाइदिएपछि व्यापारी व्यवसायीहरू लाभान्वित हुने नै भए। त्यसैले सरकारले विनातयारी, विनाछलफल एकाएक यस्ता कार्यक्रम लागू गर्दा बीचमै तुहिँदो रहेछ भन्ने बुझ्नै पर्ने खाँचो छ। तिनै मन्त्री महासेठले ढिलासुस्ती गर्ने कामचोर ठेकेदारहरूलाई सरकारले कारबाही गर्न खोज्दा रोकेकाले सरकारको घोषित कार्यक्रम सफल हुन सकेन। मन्त्रीहरूका यस्तै गतिविधिका कारण सरकार बदनाम बन्दै गइरहेको छ।

अझ यतिखेर त २५ दिनअगाडिदेखि अनशनरत शिक्षण अस्पतालका वरिष्ठ चिकित्सक प्रा.डा. गोविन्द केसीलाई जुम्लाबाट काठमाडौं ल्याएको घटनाका क्रममा भएको बल प्रयोगका कारण सरकार बढी आलोचित बन्दै गएको छ। अहिले डा. गोविन्द केसी बचाउ अभियान सञ्चालन भइरहँदा मुलुकभरका चिकित्सक तथा स्वास्थ्यकर्मी, मानवअधिकारवादी, नागरिक समाज तथा विद्यार्थीको एकताका कारण यसले एउटा आन्दोलनको रूप लिइरहेको देखा पर्दै छ। त्यसमाथि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारको विरुद्धमा उछाल्ने नाराबाजीले मलजलको काम गरिरहेको छ। सोही कारण डा. केसीको आमरण अनशनको मुद्दा सोचेभन्दा बढी नै जटिल बन्दै गएको छ। डा. केसीको समर्थनमा दिनदिनैजस्तो प्रदर्शन भइरहेको तथा प्रहरी र प्रदर्शनकारीबीच झडपका घटना भइरहेकाले अब यो आन्दोलन माग पूरा नभएसम्मका लागि यथावत् रहने उद्घोष अधिकारवादीहरूले गरिरहेका छन्। डा. केसी आफ्ना माग हुबहु पूरा गरेरै छाड्नुपर्ने अडानका साथ आमरण अनशनमा छन् भने सरकार पनि आफ्नो अडानबाट पछि नहट्ने बताउँदै आएको छ। दुवै पक्ष आफ्ना अडानबाट टसका मस नगर्ने हो भने यसले मुलुकलाई थप द्वन्द्वतर्फ धकेल्ने चिन्ता उत्तिकै मौलाउँदो छ।

> डा. केसीको समर्थनमा दिनदिनैजस्तो प्रदर्शन भइरहेको तथा प्रहरी र प्रदर्शनकारीबीच झडपका घटना भइरहेकाले अब यो आन्दोलन माग पूरा नभएसम्मका लागि यथावत् रहने उद्घोष अधिकारवादीहरूले गरिरहेका छन्। डा. केसी आफ्ना माग हुबहु पूरा गरेरै छाड्नुपर्ने अडानका साथ आमरण अनशनमा छन् भने सरकार पनि आफ्नो अडानबाट पछि नहट्ने बताउँदै आएको छ। दुवै पक्ष आफ्ना अडानबाट टसका मस नगर्ने हो भने यसले मुलुकलाई थप द्वन्द्वतर्फ धकेल्ने चिन्ता उतिकै मौलाउँदो छ।

मुलुकमा चिकित्सा शिक्षालाई सर्वसुलभ बनाउनुपर्ने तथा गरिबका छोराछोरीले पनि पढ्न पाउनुपर्ने, उपत्यकामा १० वर्षसम्म मेडिकल कलेज खोल्न स्वीकृति दिन नहुनेलगायतका माग राख्दै १५औं पटक आमरण अनशन बसिरहेका डा. केसीलाई चिकित्सा क्षेत्रका प्रायः संघ-संगठनहरूले समर्थन जनाइरहेका छन्। हुन पनि भ्रष्टाचारमा लिप्त त्रिवि पदाधिकारी होऊन् वा अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीदेखि जन्ममिति सच्च्याएर सेवा अवधि लम्ब्याउने सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश गोपाल पराजुलीसम्मका पदाधिकारीहरूविरुद्ध कारबाहीको माग गर्दै अनशन बस्ने डा. केसीको समर्थनमा प्रदर्शन नहुने त कुरै भएन। चिकित्सा शिक्षासम्बन्धी मेडिकल तथा डेन्टल कलेज र नर्सिङ कलेजका लागि काठमाडौं उपत्यकामा १० वर्षसम्म सम्बन्धन दिन नहुनेलगायतका मागहरू वास्तवमै विचारणीय पक्ष हुन सक्छन्। त्यति मात्र होइन मनशाय पाएकाहरूको मनशायपत्र नवीकरण नगर्ने, मेडिकल क्षेत्रका माफियाहरूबाट सर्वसाधारण विद्यार्थी तथा अभिभावकहरूलाई जोगाउनुपर्नेलगायत मागका अतिरिक्त माथेमा आयोगको प्रतिवेदन सरकारले हुबहु कार्यान्वयन गर्नुगर्ने माग रहेका छन्। यदि यी माग पूरा गरिएन भने त्यसको परिणाम जे पनि हुन सक्छ भनेर बारम्बार सरकारलाई चेतावनी दिने काम भएको छ। डा. केसी आफ्ना मागमा कति पनि टसका मस नगर्ने अवस्थामा रहेकोले सत्ता पक्षले उनलाई सर्वसत्तावादीको संज्ञा दिन पछि परेको छैन। त्यसो त केसी पक्षले पनि सरकारलाई अधिनायकवादी, समान्तीलगायतका उपनाम दिँदै आएको छ।

डा. केसीका अधिकांश मागहरू जनताको पक्षमा हुँदाहुँदै पनि सरकारले किन पूरा गर्न अन्कनायो त भन्ने जिज्ञासा जो-कोहीमा उत्पन्न हुन सक्छ। यो स्वाभाविक पनि हो। सरकारका मन्त्रीहरूले डा. केसीका मागहरूप्रति समर्थन गरेको तथा केसीप्रति सम्मान व्यक्त गरेका सामाचारहरू पनि नआएका होइनन्। यद्यपि सबै माग एकैसाथ पूरा गर्ने कुनै संकेत नआएकोले समस्या झन्-झन् चर्कंदै गएको छ। चिकित्सा शिक्षा विधेयक संसद्मा पुगिसकेकोले त्यसको टुंगो पनि संसद्ले लगाउने कुरामा सरकार पक्ष दृढ देखिन्छ भने डा. केसी विधेयक फिर्ता गरेर माथेमा आयोगको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने अडानमा रहेकोले सहमतिको न्यूनतम साझा विन्दु तय हुन नसकेको स्पष्टै छ। यतिखेर डा. केसीको अनशनलाई समर्थन गर्ने पक्षहरू स्वतन्त्र, निष्पक्ष र पूर्वाग्रहरहित व्यक्ति तथा समूहहरू मात्रै छैनन्, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, त्यसका भ्रातृ संगठनहरू, अधिकारवादीहरू तथा विभिन्न निकायका पूर्वपदाधिकारीहरू डा. केसीको जीवनरक्षाको माग गर्दै सडकमा उत्रिएका छन्। दलका कार्यकर्ताहरू भने यो सरकारलाई ढालेरै छोड्ने नाराका साथ केसीको समर्थन तथा सरकारको विरोध गर्न अनवरतरूपमा लागिरहेका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीले भने यो विषयको टुंगो सार्वभौम संसद्भन्दा बाहिरबाट लगाउने पक्षमा आफू नरहेको बताउँदै आउनुभएको छ। त्यसका साथै केसी आफ्नै स्वविवेकले निर्णय लिनसक्ने अवस्थामा मात्र सरकार वार्ता गर्न तयार रहेकोले केसी पक्षकै विवेकपूर्ण कदमको खाँचो देखिन्छ। एकले अर्कोलाई तथानाम गालीगलोज मात्रै गर्ने प्रवृत्तिका कारण समस्याले समाधान पाउन नसकेको हो। त्यसैले सर्वप्रथम डा. केसीको जीवनरक्षा गर्नु आवश्यक छ भने दोस्रो वार्ताका लागि तयार गर्नुपर्ने पूर्वाधारहरूको व्यवस्था गर्नुपर्दछ। त्यसो त डा. केसीको समर्थनमा सेवा बन्द गरेर हड्ताल तथा प्रदर्शनमा उत्रिएका चिकित्सकहरूका कारण हजारौं बिरामी उपचारबाट वञ्चित भएको अवस्था छ। त्यसैले समस्या एकातिर मात्र होइन, जताततै छ। त्यसैले दुवै पक्षले आ-आफ्ना गल्ती/कमजोरी पहिचान गरी शान्तिपूर्ण समाधानका लागि वार्तालाई नै जोड दिँदा उपयुक्त निकास निस्कन सक्छ। एकले अर्को पक्षलाई गलाएरै छोड्छु भनेर लाग्दा बेफाइदासिवाय केही हात लाग्नेवाला छैन।

यहाँ अर्को विचारणीय पक्ष के छ भने, सरकारले डा. केसीलाई अन्य सर्वसामान्य व्यक्तिजस्तो सम्झेर अपहेलित व्यवहार देखाउने गल्ती गर्नुहुँदैन। किनकि उनको पछाडि ठूलो समूहको समर्थन रहेको छ। यो मात्रै होइन, १४औं पटकसम्म आमरण अनशन गरिसकेका छन् डा. केसीले। उनकै अनशनका कारण कतिपय नेपाली विद्यार्थीले आंशिक मात्रै भए पनि सहुलियतमा चिकित्सा शिक्षा हासिल गर्न पाएका छन् भने यस क्षेत्रको माफिया तन्त्रलाई निर्मूल पार्ने अठोटका साथ उनका पाइला अघि बढेका छन्। त्यति हुँदाहुँदै पनि केसीमाथि उनी माफिया भएको गम्भीर आरोप लागेको छ, जुन कुरा पुष्टि भइसकेको छैन। नेपालमा मेडिकल कलेज खोल्न रोक लगाएपछि यहाँ पढ्न नपाउने विद्यार्थी एमबीबीएस पढ्नका लागि चीन, बंगलादेश र भारतर्फ जाने हुनाले नेपालको अर्बौं रुपियाँ विदेशिनेतर्फ सोच्नुपर्ने तर्कहरू अघि सारिएका छन्। यस्तो नीतिबाट आफ्नो देशलाई घाटा, विदेशीहरू लाभान्वित हुन पुग्दछन्। त्यसमाथि भर्ना हुने समयमै यस्तो अनशन आयोजना गरिँदै आएकोले नेपाली विद्यार्थीको मनस्थिति नै बिग्रने भएकोले उनीहरू पढ्का लागि विदेश नै जान रुचाउने तर्कहरू पनि सुनिन्छन्। डा. केसीका मागमध्ये एक मेडिकल कलेजहरू उपत्यकाबाहिर खोल्न स्वीकृति प्रदान गर्नुपर्नेछ तर हिजै मात्र प्रकाशित एउटा समाचारअनुसार जनकपुरको जानकी मेडिकल कलेज र वीरगन्जको नेसनल मेडिकल कलेजले गतवर्ष आवश्यक संख्यामा पनि विद्यार्थीहरू पाउन सकेनन्।

त्यसैले मुलुकको धरातलीय यथार्थतालाई पनि सम्बद्ध पक्षहरूले विश्लेषण गर्दै आफ्ना तर्कहरूलाई समाधानका लागि अघि बढाउँदा बेस हुनेछ। साथै सरकारले यस्ता सवालहरूलाई वैज्ञानिकरूपमा समाधान खोज्नु जरुरी देखिन्छ, त्यसो गर्न सकियो भने थप आलोचित बनिरहनुपर्दैन।

*badript@gmail.com*

## पाठक पत्र

### सरकार श्री ३ नबन

नेपाल सरकार निरंकुश र राणशासन झल्काउने काममा व्याप्त रहेको देखिएको छ। देशमा लोकतन्त्र स्थापित भइसकेको सन्दर्भमा सरकारले जनताको चाहनाअनुसार काम गरेको देखिएको छैन। संसद्मा प्रस्तुत चिकित्सा विधेयकविरूद्ध तीन सातादेखि अनशनमा बसेका डा. गोविन्द केसीको स्वास्थ्यस्थिति अत्यन्तै गम्भीर बनिसक्दा पनि सरकार सम्बोधनको सट्टा उल्टो प्रहरी परिचालन गरेर आन्दोलन दबाउने प्रयत्न गरिरहेको छ। दुई तिहाइ बहुमत प्राप्त भनिएको सरकारले डा. केसीको अनशनलाई पूर्णतः बेवास्ता गरेको छ भन्दा फरक पर्दैन। डा. केसीले उठाएको मागलाई लिएर देशभर चासो र चिन्ता व्यक्त भइरहँदा पनि सरकार संवेदनहीन बनेर उदासीनत भएको छ।

प्रधानमन्त्री केपी ओलीदेखि सरकारका मन्त्रीहरूले उनको सत्याग्रहलाई राजनीतिक लडाइँजस्तो ठानेर दम्भ प्रदर्शन गर्दै आएका छन्। माथेमा आयोगको प्रतिवेदनविपरीत विधेयक ल्याउन लागेकोमा डा. केसीले गत असार १६ गतेदेखि जुम्लामा पुगेर १५औं पटक अनशन शुरू गरेका थिए। सरकारले डा. केसीको मागलाई लत्याएर जसरी पनि विधेयक प्रस्तुत गर्ने संकेत देखिइसकेको छ। यसमा प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस, विवेकशील साझा, राजपालगायतका राजनीतिक दल तथा नागरिक समाज, चिकित्सक, विद्यार्थी एवम् सर्वसाधारणले ऐक्यबद्धता जनाउँदै दिनहुँ विरोध प्रदर्शन गर्दै आएका छन्।

पूर्वप्रधानन्यायाधी सुशीला कार्की पनि सरकारको गलत कामको विरोध खुलेरै गर्न थालेकी छिन्। शनिबार मात्रै विद्यार्थी नेताको टाउको फुटाउने गरी सरकारले दमन गरेको छ। सत्ता र शक्तिको आडमा प्रधानमन्त्रीले लोकलाजको कत्ति पनि ख्याल नगरी संवेदनाशून्य भएर एक-दुई जनाको निधनले फरक नपर्ने र दुई-चारजना उफ्रँदैमा आन्दोलन नहुने टर्रो अभिव्यक्ति दिएर आलोचित बन्न पुगेका छन्।

सिंगो मानवताकै उपहास हुने गरी प्रधानमन्त्रीजस्तो देशको कार्यकारी प्रमुखले सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा दिएको अभिव्यक्तिले अहंकार र अधिनायकवाद हाबी भएको अनुभूति गर्न सकिन्छ। सत्ता र शक्तिको आडमा स्वास्थ्य सेवाजस्तो अति संवेदनशील विषयमा व्यापार गर्न खोज्नेहरूले सञ्चारमाध्यममा गरेको अनर्गल प्रलाप हेर्दा डा. केसीजस्ता सत्यका पूजारी र जनहितका लागि सत्याग्रह गर्नेमाथि पटाक्षेप गरेको छ। कालोलाई कालो र सेतोलाई सेतो भन्न नसक्ने सत्ताधारीहरूको प्रवृत्तिले आममतदाता निराश मात्रै बनेका छैनन्, स्थिर सरकार र समृद्धिको सपना देखेर मतदान गर्ने जनताले स्वमूल्यांकन पनि गर्न थालेका छन्।

नेपालीलाई मात्र होइन, विश्वसमुदायलाई समेत अवगत भइसकेको छ कि भविष्यमा दक्ष चिकित्सक उत्पादन गर्ने चिकित्सा शिक्षामा माफियातन्त्र हाबी छ। गरिब नेपालीले सर्वसुलभ ढंगले स्वास्थ्य उपचार गर्न सकून् र गरिबका छोराछोरीले पनि चिकित्सा विषय अध्ययन गर्न सकून् भनेर डा. केसीले शुरू गरेको आन्दोलनलाई राजनीतिक रंग दिने माफियाहरूले देशमा भिडन्तको स्थिति निम्त्याइरहेका छन्। राष्ट्रहितका लागि डा. केसीले उठाएको मुद्दालाई विवेकहीन ढंगले गलत व्याख्या र विश्लेषण गरिनु आफैँमा लज्जास्पद छ।

चिकित्सा शिक्षा र सेवालाई मर्यादित बनाउन डा. केसीले पटक-पटकको अनशनपश्चात् चिकित्सा शिक्षामा देखिएका बेथितिबारे जाँचबुझ गरेर प्राज्ञ केदारभक्त माथेमाको नेतृत्वमा बनेको कार्यदलले सिफारिस गरेको प्रतिवेदनअनुसारै चिकित्सा शिक्षा अध्यादेश ल्याइएको थियो। तर, नेकपाको दुई तिहाइ सरकारले सत्ताको दुरूपयोग गर्दै केही नेता, कार्यकर्ताको स्वार्थअनुकूल विधेयक प्रस्तुत गरेपछि डा. केसीले अनशन थालेका हुन्। उनले उठाएको मागप्रति बेवास्ता गर्दै सरकारले निर्मम ढंगले प्रस्तुत हुनु दुःखद र विडम्बनापूर्ण छ। जनताको गुणस्तरीय स्वास्थ्य अधिकारका विषयमा संवेदनशील नहुने सरकारले देशलाई आर्थिक समृद्धि र जनतालाई सुशासन दिन्छ भनेर विश्वास गर्नु अर्को मूर्खता हुनेछ।

विलम्ब भए पनि सरकारलाई आषनो साख बचाउने समय बाँकी छ। चुनावमा प्रतिबद्धता गरे जसरी जनपक्षीय काम गरेर मुलुकलाई सही गन्तव्यमा डोऱ्याउन सरकारलाई मौका पनि छ। आफ्नो निष्ठा, त्याग र निःस्वार्थ सेवाभावका कारण जनप्रिय बनेका डा. केसीसँग लाखौं जनताको विश्वास र भरोसा गाँसिदा सरकारले त्यति पनि विश्वास आर्जन गर्न नसक्नु अर्को दुर्भाग्य हो। चौतर्फी आलोचना भइरहँदा संसद्मा दर्ता भएको विधेयक फिर्ता गरी डा. केसीसँग सार्थक वार्ताको थालनी गरेर सरकारले आफ्नो साख फिर्ता गर्नु आवश्यक देखिन्छ।

*- रामनारायण चौधरी, कैलाली, हाल : काठमाडौं।*

### प्रभावकारी नीति नियम

देशका सबै स्थानीय तहले नीतिअनुसार बजेट विनियोजन गरेको खबर आइरहेको छ। बजेट विनियोजनसँगै प्रभावकारी नीति र नियमहरू पनि कतिपयले ल्याएका छन्। गतवर्ष ल्याएका प्रभावकारी नीतिहरू यो वर्ष कार्यान्वयन कत्तिको भयो भनेर विश्लेषण गर्ने बेलासँगसँगै आगामी वर्ष २०७५/०७६ लागि पनि नयाँ नीति र बजेट स्थानीय सरकारले ल्याएको छ।

गतवर्ष मुलुकको नयाँ संरचनाअनुसार अनुभवको वर्ष भयो। अब यो वर्षबाट प्राप्त भएका अनुभवहरू र अप्ठेराहरूको सहजीकरण गर्दै नयाँ ढंगबाट अगाडि बढ्नु आजको आवश्यकता हो। जबसम्म नयाँ नीति निर्माण गरेर पूर्णरूपमा सुशासन कायम गर्दै स्थानीय सरकार अगाडि बढ्न सक्दैन तबसम्म विकासले ठोसरूपमा फड्को मार्न सक्दैन।


*- निराजन सुवेदी, रोल्पा।*

## सामाजिक सञ्जाल



हाम्रो नेपालमा बिरामीले उपचार पाउने ठाउँमा डा. अनशन बस्छन्, गाडी गुड्ने ठाउँमा कृषकले दुध पोख्छन्, घरबारी बन्धक राखेर बंगलादेश पढ्न पुगेकी चेलीलाई करणीको आक्षेप लाग्छ, कानुनमन्त्री मनपरि बोल्छन्, प्रमले जोक्स भन्छन्, जनता ट्वाल्ल पर्छन्।

**Saru Dhakal**
**@Saru_Dhakal**



कसैको 'सल्लाह'बाट बाटो अवश्य भेटिएला तर गन्तव्यमा पुग्न आफ्नो 'मेहनत' नै चाहिन्छ। 'प्रशंसक'हरूले हामीलाई जरूर चिनेका हुनेछन् तर 'शुभचिन्तक'हरूको पहिचान आफू स्वयंले गर्न सक्नुपर्दछ।

**Kamal Pd Marasini**
**@kamalpdmarasini**

{ ७० हजार घरधुरीमा जडान गर्नुपर्ने पानीका धारामध्ये ५३ हजार ९ सयभन्दा बढी धारा जडान भइसकेको छ।

# नेपाल

# पूर्वयुवराज्ञी सपरिवार कुमारी घरमा



तस्वीर: अनिल आङदेम्बे/ काठमाडौं

**नेपाल समाचारपत्र**

काठमाडौं

पूर्वयुवराज्ञी हिमानी शाह, छोरा हृदयन्द्र, २ छोरी पूर्णिका र कीर्तिकाले संयुक्तरूपमा जीवित देवी कुमारीको दर्शन गरेका छन्। बिहान पशुपति दर्शन गरेको उहाँको परिवारले अहिले कुमारी दर्शन गरेको हो।

पारसबाहेक हिमानीसहितको परिवारले वसन्तपुरस्थित कुमारी घरमा कुमारीको दर्शन गरेको थियो। युवा विश्व हिन्दु महासंघका अध्यक्ष राजन महर्जनले हिमानीसहितको परिवारलाई दर्शन गर्ने व्यवस्था मिलाउनुभएको हो। हिमानीसहितको परिवारले सोमबार साढे ४ बजे जीवित देवी कुमारीको दर्शन गरेका थिए।

# मेलम्चीको पाइप सफा गर्ने कार्य जारी

काठमाडौं, (नेस)

मेलम्ची खानेपानी उपआयोजना-२ ले उपत्यकाका विभिन्न स्थानमा बिछ्याइएका खानेपानीका पाइप लाइन सफा गर्ने कार्य जारी राखेको छ।

बागमती खोलाको पानी सुन्दरीजलमा रहेको पानी प्रशोधन केन्द्रमा लगेर प्रसोधन गरी पाइप लाइन सफा गराइएको निर्देशनालयले जनाएको हो।

आयोजना कार्यान्वयन निर्देशनालयअन्तर्गत रहेको सो उपआयोजनाले पहिलो चरणअन्तर्गत ११ किलोमिटरको सुन्दरीजल-धोबिखोला खण्डमा गत असार अन्तिम सातादेखि मुख्य पाइप लाइन सफा गर्ने काम गरिरहेको निर्देशनालयका आयोजना उपनिर्देशक दिवाकार ढकालले जानकारी दिनुभयो। सो खण्डको मुख्य पाइप लाइन सफा गर्ने काम साउनको अन्तिम साताभित्र सम्पन्न गर्ने योजनासहित अघि बढिरहेको उहाँले बताउनुभयो।

मुख्य पाइप लाइन सफा गर्ने क्रममा पाइपभित्र टाँसिएको फोहोर सफा गर्ने, पाइपको ज्वाइन्टमा पानी चुहिएको नचुहिएको हेर्ने, पानी चुहिएमा टालिदिने, पानीको प्रेसर जाँच गर्ने काम भइरहेको जनाइएको छ। उपनिर्देशक ढकालका अनुसार यसपछि धोबिखोला-गोंगबु, बागमती-धोलाहिटीलगायत ८ खण्डको मुख्य पाइप लाइन सफा गरिनेछ। यी सबै खण्डमा काम सम्पन्न गर्न अझै ४ महिना लाग्नेछ।

यसैबीच दशौंअघि मेलम्चीको पानी राजधानीबासीलाई खुवाउने भनिए पनि राजधानीमै मेलम्चीको काम सोचेजस्तो गतिमा भएको छैन।

निर्देशनालयका अनुसार ६१ किलोमिटर बिछ्याउनुपर्ने मुख्य पाइप लाइनमध्ये ५८ किमि र ७ सय ८३ किमि बिछ्याउनुपर्ने शाखा पाइपमध्ये ७ सय २५ किमि बिछ्याइसकिएको छ।

यसैगरी ७० हजार घरधुरीमा जडान गर्नुपर्ने पानीका धारामध्ये ५३ हजार ९ सयभन्दा बढी धारा जडान भइसकेको छ। खुमल्टार, बाँसबारी, महाकाल र बालाजुको पानीपोखरीको निर्माण कार्य अन्तिम चरणमा पुगेको जनाइएको छ भने कटुञ्जे, महाराजगन्ज र आरुबारीमा पोखरी निर्माणाधीन रहेको छ।

## सुनका गहना चोरी गर्ने गिरोह समातियो

काठमाडौं, (नेस)

सुनका गहना चोरी गरेको अभियोगमा काठमाडौं वसन्तपुर बस्ने सर्लाहीका आयुष कार्की र वसन्तपुर बस्ने लमजुङका विष्णु गुरुङ तथा कार्की र गुरुङले चोरी गरेका सुनका गहना खरिद गरेको अभियोगमा काठमाडौं चाबहिल बस्ने भारत कलकत्ताका सुनिल राउत र खेकन मतालिकलाई आइतबार प्रहरीले पक्राउ गरेको छ।

साथै राउत र मतालिकसँग सस्तो मूल्यमा सुनका गहना खरिद गर्ने किलागलस्थित सुन पसलका सञ्चालक मनोरञ्जन मण्डललाई समेत प्रहरीले ४ तोला ८३ लालको सुनको ढिक्का, चाँदी ११ तोला ३३ लाल र नगद १ लाख ६७ हजार रुपियाँसहित पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-१४ कलंकी स्युचाटारबाट चोरी भएको घटनाको अनुसन्धानका क्रममा प्रहरीले उनीहरूलाई पक्राउ गरी सोधपुछ गर्दा उक्त रहस्य खुलेको थियो।

## पशुपतीमा १० हजार तुलसीका बिरुवा वितरण

काठमाडौं, (नेस)

हरिशयनी एकादशी अर्थात् तुलसी एकादशीको पावन अवसरमा पुडासैनीमैत्री समाजको सक्रियतामा पशुपती क्षेत्रमा सोमबार १० हजार तुलसीका बिरुवा वितरण गरिएको छ।

बिग्रँदो बातावरण सुधारमा थोरैमात्र भए पनि योगदान गर्ने उद्देश्यसहित पुडासैनीमैत्री समाजले बागमती किनारमा हजारौं तुलसी रोपेको छ भने शहीद गंगालाल मुटु अस्पताल परिसरमा समेत समाजकै सक्रियतामा विगतमा वर्षमा रोपिएका बिरुवा लहलहाउँदा भएका छन्।

देशका विभिन्न धार्मिक तथा सामाजिक स्थलमा समेत तुलसीका बिरुवा रोप्न प्रेरित गर्दै आएको पुडासैनीमैत्री समाजले यसअघि नै सिंहदरबार परिसरभित्र रहेका प्रत्येक मन्त्रालयमा स्वयंसेवीरूपमा तुलसीका बिरुवा रोप्ने प्रस्तावलाई अघि सारेको छ।

वातावरण बचाऊँ तुलसी रोप्ने संस्कृतिलाई जोगाऊँ भन्ने आग्रहका साथ पशुपती क्षेत्रमा नि:शुल्करूपमा उपलब्ध गराइएका १० हजार तुलसीका बिरुवालाई पशुपती दर्शनका लागि आएका भक्तजनले ग्रहण गरेका थिए।

# 'सरकारले जनताको चाहनाअनुसार काम गरेन'

भक्तपुर, (नेस)

नेपाली कांग्रेसका नेता एनपी साउदले सडकदेखि संसद्सम्म सशक्त प्रतिपक्षको भूमिका खेल्ने बताउनुभएको छ। बीपी स्मृति दिवसको अवसरमा नेपाल विद्यार्थी संघ जिल्ला कार्य समिति भक्तपुरले आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा नेता साउदले दुईतिहाइ बहुमत पाएको सरकारले जनताको चाहनाअनुसार काम नगरेको आरोप लगाउनुभयो।

सरकारले दुईतिहाइको दम्भ देखाएर जनताको भावनाविपरीत सर्वसत्तावादी सोच राखेकाले समस्या शुरू भएको नेता साउदले बताउनुभयो। उहाँले संविधानविपरीत सरकार जान थालेछि आफूहरूले संसद् अवरुद्ध गरेको बताउनुभयो। सरकारले जनहितको मागलाई विल्कुलै उपेक्षा गरेर र दमन गरेर सत्ता चलाउन चाहेको तर दमनकारी हतियारले सत्ता चलाउने कुरा धेरै नटिक्ने उहाँको भनाइ थियो।

कार्यक्रमा नेपाली कांग्रेस भक्तपुरका जिल्ला सभापति दुर्लभ थापाले कम्युनिस्ट सरकारले जनताको अधिकारलाई कुण्ठित गर्ने काम गरेको बताउँदै उनीहरूले एकदलीय तानाशाही, सर्वसत्तावादी शासन स्थापना गर्न खोजेको आरोप लगाउनुभयो। कार्यक्रमा कांग्रेस भक्तपुरका पूर्वजिल्ला सभापति गणेशमान चक्रधरले बीपीको विचार आज पनि उत्तिकै सान्दर्भिक रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल विद्यार्थी संघ जिल्ला शाखा भक्तपुरका पूर्व अध्यक्ष विक्रम कायस्थ, उदयराम श्रेष्ठ, राजेश स्वंगमिखा, कृष्णराज जोशी, कृष्णबहादुर प्रधानांग, सुरेश प्रधान र जिल्लाबाट एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान गरिएको संघका जिल्ला शाखा अध्यक्ष बद्रीराम थापाले बताउनुभयो।

# मेरिल्यान्ड कलेजका ७६ विद्यार्थी दीक्षित

काठमाडौं, (नेस)



मेरिल्यान्ड कलेज विराटनगरका पहिलो ब्याचका ७६ जना विद्यार्थी स्नातक तहको व्यवस्थापन डिग्री (बीबीएम) मा दीक्षित भएका छन्।

बेलायतको ब्लभरह्याम्टन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सो कलेजले ४ वर्षको अध्ययनपश्चात् विद्यार्थीलाई दीक्षित गरेको हो। विराटनगरमा आयोजित कार्यक्रमका विद्यार्थीलाई दीक्षित गरिएको थियो। बेलायतको ब्लभरह्याम्टन विश्वविद्यालयका उपकुलपति जिअफ लेयरले विद्यार्थीलाई दीक्षित गर्नुभएको थियो। समारोहमा उहाँले कलेजबाट उत्पादित जनशक्ति विश्व बजारमा सहज र सरल किसिमले खपत हुने बताउनुभयो। उहाँले नेपाली विद्यार्थीलाई विश्वस्तरीय शिक्षा प्रदान गर्न पाएकोमा खुसीसमेत व्यक्त गर्नुभयो।

इनोभेट नेपाल ग्रुपका अध्यक्ष सुलभ बुढाथोकीले व्यवस्थापनमा मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन गर्ने उद्देश्यले कलेज स्थापना गरिएको बताउनुभयो।

सो अवसरमा बेलायती विश्वविद्यालयका डा. गुरमुक सिंहले सीप तथा दक्षता हासिल गर्ने कार्यमा बेलायत र नेपाली विद्यार्थीमा कुनै भिन्नता नरहेको बताउनुभयो। बेलायतको शिक्षा नेपालमै पाएर दीक्षित हुन पाउनु गर्वको कुरा भएको दीक्षित विद्यार्थीले अनुभव साट्नुभएको थियो।

इनोभेट नेपाल ग्रुपको व्यवस्थापनमा काठमाडौं, पोखरा, इटहरी र विराटनगरमा पनि बीबीएमको कोर्स सञ्चालन गरिएको छ। इनोभेट नेपाल ग्रुपको व्यस्थापनमा सञ्चालित कलेजमा बेलायतको बिजनेस डिग्री (बीबीएम) सर्वसुलभ शुल्कमा अन्तर्राष्ट्रियस्तरमा नै पढाइ हुँदै आएको छ। इनोभेट नेपाल ग्रुपको व्यवस्थापनमा मेरिल्यान्ड कलेज विराटनगर, इस्लिंग्टन कलेज काठमाडौं, हेराल्ड कलेज काठमाडौं, इटहरी इन्टरनेसनल कलेज र इन्फोम्याटिक्स कलेज पोखरा सञ्चालित छन्।


# आफ्नो भनाइलाई अतिरञ्जित गरेको प्रसाईंको गुनासो

**नेपाल समाचारपत्र**

भक्तपुर

बी एन्ड सी टिचिङ अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईंले बंगलादेशमा चिकित्सक अध्यनमा गएका नेपाली चेलीको विषयमा दिएको अभिव्यक्तिको मूल मर्म तोडमोड गरी सामाजिक सञ्जालमा भाइरल बनाइएको बताउनुभएको छ।

रफत सञ्चार क्लबमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै प्रसाईंले १३/१४ महिनाअघि एक कार्यक्रममा बंगलादेशमा अध्यन गर्न जाने नेपाली चेलीको अवस्था र उनीहरूको शोषणका विषयमा दिएको अभिव्यक्तिलाई हाल आएर उक्त अभिव्यक्तिको मर्म तोडमोड गरी सामाजिक सञ्जालमा भाइरल बनाएको आरोप लगाउनुभयो।



उहाँले आफूले भन्न खोजेको विषलाई तोडमोड गरेर विवादमा तान्न खोजिएको बताउँदै उक्त भनाइको आशय सामाजिक सञ्जालमा आएकोजस्तो नभएको बताउनुभयो। उहाँले आफ्नो भनाइ बंगलादेशमा अध्ययन गर्न जाने चेलीलाई नेपालमै अध्ययनको वातावरण सिर्जना गर्न सके राम्रो हुने र त्यहाँ उनीहरूले विभिन्न खालको शोषणको सामना गर्नुपर्ने अवस्थाको अन्त्य हुने रहेको बताउनुभयो।

उहाँले बंगलादेशमा अध्ययन गर्न गएका चेलीका विषयमा लिएर आफ्नो अभिव्यक्तिको मर्म सामाजिक सञ्जालमा आएकोजस्तो नरहेको बताउँदै यसले पर्न गएको असरप्रति क्षमा माग्नुभयो।

चिकित्सा विधेयकबारे उहाँले संविधान र कानुनबमोजिम सरकारले निर्णय गर्ने विषय भएकाले आफूले यो विषयमा बोल्न उपयुक्त नहुने बताउनुभयो।

गोविन्द केसीको अन्दोलनबारे आफूले बोल्नुपर्ने विषय नभएको र उनको माग सम्बोधन गर्ने वा के गर्ने भन्ने विषय सरकारको रहेको उहाँले बताउनुभयो।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोग बल्झिने सम्भावना, थालेको काम अधुरो, व्यर्थमा खर्च।
**वृष** : जीवनसाथीसँगको सम्बन्ध प्रगाढ हुँदा लाभ, समस्या समाधान।
**मिथुन** : धन प्राप्ति, प्रतिस्पर्धीहरूमाथि विजय, पढाइमा सफलता।
**कर्कट** : कार्य सफल, लगानीको प्रतिफल प्राप्ति, इष्टमित्रबाट सहयोग।
**सिंह** : अपच, झाडापखालाको सम्भावना, दिनचर्या अस्तव्यस्त, तनाव।
**कन्या** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सम्मानित हुने सम्भावना।
**तुला** : धन प्राप्ति, बौद्धिक क्षमता वृद्धि, सुख-सन्तोषको अनुभूति।
**वृश्चिक** : खाद्यान्न-मिष्ठान्न भोजन, उपहारादि वस्तु पाइने सम्भावना।
**धनु** : खर्च, चोटपटकको सम्भावना, काममा बाधा-व्यवधान।
**मकर** : कसैबाट केही पाइने सम्भावना, इष्टमित्रबाट सहयोग, सन्तोष।
**कुम्भ** : आनन्दको महसुस, गरेका कामबाट सन्तुष्टि एवम् लाभ।
**मीन** : राज्यका तर्फबाट फाइदा, मान-प्रतिष्ठा वृद्धि, बोलीको कदर।



# प्रदेश-३



अत्यधिकरूपमा वृद्धि गरिएको एकीकृत सम्पत्ति कर फिर्ता गराउन आफूहरू निरन्तर प्रयत्नशील रहिरहने पनि वडा अध्यक्षहरूको भनाइ थियो।

## नमोबुद्ध नगरपालिकाको मोतीविन्दु न्यूनीकरण अभियान



काभ्रे, (नेस)

आँखामा हुने मोतीविन्दुको रोग कम गर्ने र भएका रोगीको उपचार गराउने उद्देश्यले आयोजना गरिएको आँखा शिविरमा नगरबासीहरूको सक्रिय सहभागिता देखिएको छ।

'नगरपालिकाको मुख्य उद्देश्यका साथ मोतीविन्दु न्यूनीकरण अभियान शुरू गरिएको हो', नगर प्रमुख टिपी शर्मा तिमल्सिनाले भने- 'स्वस्थ नगर र नगरबासी बनाउने अभियानमा विभिन्न क्षेत्रको सहयोग रहेको छ।' रेयुकाई एईको मासुनागा आँखा अस्पताल प्राथमिक आँखा उपचार केन्द्र नमोबुद्ध नगरपालिका-२ र नेपाली सेना २६ नम्बर बाहिनी भकुण्डेको प्राविधिक सहयोगमा दुई दिन शिविर सञ्चालन गरिएको थियो। रेयुकाई आँखा अस्पताल बनेपाका डा. प्रज्ञ लुइँटेलको नेतृत्वले सहभागीको आँखा परीक्षण गरेको थियो। नेपाली सेनाले आँखासँगै अन्य रोगहरूको समेत परीक्षण गरेको थियो।

शिविरमा ५ सय ७४ जनाले परीक्षण गराएको आँखा अस्पतालका हिरामणि शर्माले बताए। शिविरमा सहभागीमध्ये ३६ जनालाई मोतीविन्दु फेला परेको थियो। मोतीविन्दुका सबै बिरामीहरूको आँखा अस्पताल बनेपामा नि:शुल्क शल्यक्रिया गरिएको छ। आइतबार शल्यक्रिया गरी बिरामीहरू घर फर्किएका छन्। नेपाली सेना, नमोबुद्ध नगरपालिका र आँखा अस्पतालले उपलब्ध गराएको सेवाबाट आफूहरू खुसी भएको बिरामीहरूले बताएका छन्। आँखा अस्पतालले जिल्लाका विभिन्न स्थान तथा आसपासका जिल्लाहरूमा समेत नि:शुल्क शिविर आयोजना गरी मोतीविन्दुका बिरामीहरूको नि:शुल्क शल्यक्रिया गर्दै आएको छ।

राजधानी उपत्यकासँग जोडिएको काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा रहेको रेयुकाई आँखा अस्पताल नेपालकै नमुना अस्पतालका रूपमा चिनिन थालेको छ। प्रविधियुक्त अस्पतालमा शल्यक्रिया गर्न पूर्वप्रधानमन्त्री स्व. सुशील कोइराला प्रधानमन्त्री भएकैबखत अस्पताल आएका थिए। नेपालका विशिष्ट व्यक्तिहरूले उपचार गराइरहेको अस्पतालले नेपालमै बालबालिकादेखि नै आँखामा हुने विभिन्न खालका रोगहरूको कमी गर्न र आँखाको सुरक्षा गर्ने अभियान शुरू गर्दै आएको छ।

### दुर्घटना न्यूनीकरण छलफल हुँदा हुँदै दुर्घटना

# ट्रिपरले ठक्कर दिंदा घटनास्थलमै मृत्यु

मोतीराम तिमल्सिना, काभ्रे

सदरमुकाममा ट्रिपरबाट हुने दुर्घटना न्यूनीकरण गर्न छलफल आयोजना गरिएको थियो। छलफलमा भाग लिन ट्रिपर व्यवसायी संघका पदाधिकारीहरू प्रहरी कार्यालयभित्र प्रवेश गर्दै थिए। प्रहरीको सेटमा बज्यो ट्रिपरले बनेपाको चोकमै मान्छे माऱ्यो।


बागमती ट्रिपर व्यवसायी संघका अध्यक्ष शेरबहादुर तामाङले हतार हतारमा गल्ती कसको? पत्ता लगाउन भन्दै थिए। प्रहरीले भन्यो- 'प्राइभेट नम्बर प्लेट भएको बा२ख ३९३४ नम्बरको बनेपाका कमल श्रेष्ठको नाममा रही दीपा श्री कन्ट्रक्सनमा काम गर्ने ट्रिपर साँगाबाट धुलिखेलतर्फ आउँदै गर्दा अरनिको राजमार्गको बनेपा-७ चोकमै बा८३प ५०७७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा नमोबुद्ध नगरपालिका-७ खनालथोक घर भई बीपी राजमार्गको नौबिसेमा मोटरसाइकल वर्कसप गर्दै आएका ५७ वर्षीय जितबहादुर तामाङको निधन भयो।'

आक्रोशित भिडले ट्रिपर चालक नुवाकोट जिल्ला विदुर नगरपालिका-१ घर भएका २९ वर्षका सुधन श्रेष्ठलाई आक्रमणको प्रयास गरेको थियो। प्रहरीको बिटभित्र लुकेका चालकलाई भिडले आक्रमण गरेको थियो। सोही भिडले ट्रिपरलाई आगो लगाइदियो। ट्रिपर जलेर ध्वस्त भयो। प्रहरीले आगो नियन्त्रण गरे पनि ट्रिपर काम लाग्ने अवस्थामा छैन। केही साताअघि मात्रै भैंसेपाटीमा ट्रिपरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल सवार २ जना घाइते भएका थिए।

जिल्ला प्रहरीले दुर्घटना न्यूनीकरणका लागि प्रहरी निरीक्षक दीपकुमार रायको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरेको छ। समितिमा जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेका प्रमुख प्रहरी निरीक्षक निशेष चापागाईंलगायत रहेका छन्। प्रहरी प्रमुख एसपी रविराज खड्काको अध्यक्षतामा भएको अन्तर्क्रिया कार्यक्रममा ट्रिपर दुर्घटनाको वास्तविक कारण, चालकहरूको अवस्था, भारवहन क्षमता ट्रिपरको अवस्था, सडकको अवस्था र गति, सवारीको यान्त्रिक अवस्था र चालकको शारीरिक र मानसिक अवस्थाको बारेमा सुझाव लिइएको थियो।

ट्रिपर व्यवसायी संघका अध्यक्ष शेरबहादुर कुँवर सवारी चालक अनुमतिपत्र सहज नभएको, अनुमति लिँदै प्रशिक्षण दिनुपर्ने, चालकहरूको संख्या थोरै भएको, ध्वनी प्रदूषण बढ्ने, रातिको समयमा मात्रै ट्रिपर चलाउँदा झनै दुर्घटना बढ्ने सुझाव दिएका थिए। ट्रिपर व्यवसायी संघका सचिव प्रेम लामाले राजधानीमा दैनिक १६ सय पटक ट्रिपरहरू साँगाबाट भित्रँदा सवारी धेरै भएका कारण दुर्घटना भएको बताए। चालकहरूलाई प्रशिक्षण नपुगेको बताउँदै लामाले मोटरसाइकललगायत अन्य सवारी साधनहरूबाट भएको दुर्घटना न्यूनीकरण गर्नुपर्ने बताए।

छलफलमा जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेका प्रमुख निशेष चापागाईंले आर्थिक वर्ष २०७४/२०७५ मा ५३ वटा सवारी दुर्घटना भएकोमा २२ वटा घटनामा ट्रिपरका कारण छन्। जसका कारण २२ जनामध्ये ९ जनाको ट्रिपरकै कारण निधन भएको छ। अघिल्लो वर्ष ६५ दुर्घटनामा २७ वटा ट्रिपरका कारण दुर्घटना भएको थियो। ६५ जनाको निधन भएकोमा १३ जना ट्रिपरका कारण ज्यान गुमाउन पुगेका थिए। जिल्लामा टाइम कार्डको प्रयोगपछि दुर्घटनामा कमी भएको बताए।



घटनास्थलमा मुचुल्का नगरी शव उठाएको भन्दै आक्रोशित स्थानीय।

## 'कुवेत उडेकी' पत्नी सुनौलीमा भेटिँदा...

रोशन पराजुली, हेटौंडा

असार २८ गते बिहीबार हेटौंडा-१८, हर्नामाडी एक्लेखेतका धनबहादुर लामाकी ४१ वर्षीया पत्नी कल्पना (नाम परिवर्तन) एकाएक गायब भइन्। पति घलानले भने उनी आफन्तका घरेमा गएकी होलिन् भनेर त्यति खोजीनीति गरेनन्। र, त्यस रात त्यसै बित्यो।

भोलिपल्ट शुक्रबार बिहान करिब ११ बजे घलानको मोबाइलको घण्टी बज्यो। फोन उनकी पत्नीको थियो। फोनमा भनियो- 'मेरो अहिले ११ बजे कुबेतको फ्लाइट छ। म गएँ।' फोन काटियो। घलानले एक शब्द पनि जवाफ फर्काउन पाएनन्। त्यसपश्चात् घलानले कलब्याक गरे। तर, फोन लागेन। त्यसपछि पनि कल्पनालाई फोन गर्न उनले प्रयास गरिरहे। मोबाइलमा 'सम्पर्क हुन सकेन' भन्ने आवाजले घलानलाई दिक्क बनायो। पत्नीको कुरामा उनलाई त्यति विश्वास लागेन।

घलानले आफू एक्लैयो समस्या समाधान गर्न नसक्ने भएपछि आफन्तलाई खबर गरे। असार ३० गते घलान आफन्तको साथमा काठमाडौं लागे। काठमाडौंमा रहेका आफन्तकहाँ जाँदा पनि अत्तोपत्तो लागेन। उनले काठमाडौं गौशालास्थित प्रहरीमा उजुर गरेर हेटौंडा फर्के। जिल्ला प्रहरी कार्यालय मकवानपुरमा पनि उनले निवेदन दिए। असार ३१ गते रूपन्देही सुनौलीमा भारततर्फ जाँदै गरेको बसमा थ्री एन्ड थ्री नामक सामाजिक संस्थाले सुनौली भन्सारमा बसमा कल्पनालाई भेट्यो। घलानलाई फोन आयो। घलानलाई कल्पना सुनौलीमा भेटिएको कुरामा त्यति विश्वास लागेन। किनकि, उनी त कुबेत उडेकी मान्छे। घलान अचम्ममा परे। ३२ गते घलान आफन्तको साथमा रूपन्देही पुगे। पत्नीलाई त्यहाँ देख्दा तीनछक परे।

उनले सहयोगी संस्थालाई धन्यवाद दिने क्रममा पो थाहा पाए कि कल्पनालाई भारतको दिल्लीमा बेच्न लगिँदै रहेछ। संस्थाका केही व्यक्ति र रत्ना लामाको साथमा घलान कल्पनालाई लिएर हेटौंडा फर्के। कल्पनाका अनुसार विगत १५/१६ वर्षदेखि चिनजानमा रहेकी हर्नामाडी ठूलोदमारकी ज्ञानु लामाकै सम्पर्कमा ज्ञानुकी बहिनी रत्ना लामासँग कल्पनाले नम्बर दिइन्। उनीहरू सम्पर्कमा रहे। कल्पनाले रत्नालाई फोन गरेरे विदेश जाने निश्चित गरिन्। लामाले काठमाडौं बोलाइन्। असार २८ गते घरबाट हिँडेपछि सीधै काठमाडौं गए र रत्ना लामा बल्खुमा लिन आइन्। उनीहरू रत्नपार्कको एक होटलमा बसे। कल्पना बिहीबार र शुक्रबार होटलमै बसिन्, जहाँ मीरा तामाङ, रत्ना लामा, डोल्मा लामा पनि थिए। उनले त्यस समयमा रत्नालाई ७५ हजार रुपियाँ नगद र मेडिकल चेकको ५ हजार गरी ८० हजार खर्च गरिन्। असार ३० गते बिहान ५ बजे स्वयम्भूमा कल्पनालाई 'भारतबाट कुबेत जाने व्यवस्था मिल्छ' भनियो। कल्पनालाई भारत जाने समयमा रत्नाले मेडिसिन झोला, चिउराको झोला र धागोको झोला बोक्न लगाइएको थियो। ती झोला भारत पुगेपश्चात् लिन आउनेलाई मान्छे पहिचानमा सहज होस् भनी दिइएको थियो। रत्नाले कल्पनालाई सिकाइन्- 'कसैले सोधे भने भारतमा दाइको घरमा जान लागेको भन्नू।' कल्पनाले सजिलै मानिन्।

रत्नाले उनलाई स्वयम्भूमा पुरी/तरकारी खुवाएर मक्ख पारिन्। आफू पनि भारततर्फ बस चढिन्। रूपन्देही पुग्नासाथ लामाको कल्पनालाई भारतमा बेच्ने सपना सामाजिक संस्थाले उडाइदियो। सबै कुरा सुन्ने र कल्पनालाई बेच्ने कार्यमा संलग्न ज्ञानु, ज्ञानुकी बहिनी रत्ना, डोल्मा र मीरालाई मानव बेचबिखन मुद्दा दर्ता गरिएको छ। ३ महिला मकवानपुर प्रहरी हिरासतमा छन् भने ज्ञानुलाई तारिखमा छाडिएको छ। करिब ३० वर्षीया डोल्मा काठमाडौं गोकर्णेश्वर नपा-५ मा बस्छिन्। उनले नै ललाईफकाई वैदेशिक रोजगारीका लागि इराक पठाइदिने प्रलोभन दिएको प्रहरीले जनाएको छ। डोल्मासहितलाई मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ बमोजिम मकवानपुर जिल्ला अदालतबाट ६ दिन म्याद अनुमति लिएर आवश्यक कारबाही भइरहेको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**काठ लिलाम बिक्रीको सूचना**

कौवाही सामुदायिक वन उपभोक्ता समूह त्रिनपा-७ उदयपुरले नियमानुसार संकलन गरी घाटगद्दी गरेको साल गोलिया थान २४ को ३०३. ४० र अन्य २६को २८० क्युबिकफिट काठ आन्तरिक खपत नभएकाले बाहिर बिक्री गर्न यो २१ दिने सूचना प्रकाशित गरिएको छ। भ्याटमा दर्ता भएका इच्छुक काष्ठ व्यवसायीले २१औं दिनभित्र दरभाउपत्र खरिद गरी २२औं दिनको १ बजेभित्र समूहको कार्यालयमा रीतपूर्वक पेस गर्नुहुन सूचित गरिन्छ। विस्तृत सूचना समूहको कार्यालयमा टाँस गरिएको छ।


## कर वृद्धिको विरोधमा कांग्रेस नुवाकोटले आन्दोलन गर्ने

नेपाल समाचारपत्र

नुवाकोट

नेपाली कांग्रेस नुवाकोटले विदुर र बेलकोटगढी नगरपालिकालगायत जिल्लाका स्थानीय तहले आमसर्वसाधारणलाई प्रत्यक्ष मर्का पर्ने गरी एकीकृत सम्पत्ति करको दायरा अप्रत्याशितरूपमा बढाएको भन्दै तत्काल निर्णय फिर्ता लिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।

आइतबार बसेको पार्टी पदाधिकारी र जनप्रतिनिधिसहितको कांग्रेस बैठकले दुई नगरपालिकासहित पञ्चकन्या, ककनी र तारकेश्वर गाउँपालिकाले १ सय प्रतिशतदेखि १ हजार प्रतिशतसम्म कर बढाएको उल्लेख गर्दै एक हप्ताभित्र निर्णय फिर्ता लिन सम्बन्धित स्थानीय तहको ध्यानाकर्षण गराएको छ। बैठकले एक हप्ताभित्र निर्णय फिर्ता नभए सशक्त विरोध गर्ने र पार्टीका तर्फबाट स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई साविकबमोजिम नै कर उठाउने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरेको नुवाकोट कांग्रेसका सभापति जगदीश्वरनरसिंह केसीले जानकारी दिए।

यसैबीच नेपाली कांग्रेसका तर्फबाट विदुर नगरपालिकाका ६ वडामा निर्वाचित वडाध्यक्षहरूले आफ्नो वडाहरूमा साविकै सम्पत्ति कर मात्र उठाउने र जनतालाई प्रत्यक्ष मार पर्ने कुनै पनि निर्णय कार्यान्वयन नगरिने स्पष्ट पारेका छन्। वडा नम्बर २ का वीरेन्द्रकुमार शाही, वडा नम्बर ३ का बद्रीप्रसाद रिमाल, वडा नम्बर ७ का महेन्द्र तामाङ, वडा नम्बर ८ का फैसिंह तामाङ, वडा नम्बर १० का गणेशकुमार नेपाल र वडा नम्बर १३ का दलबहादुर तामाङले सम्पत्ति कर बढाउन नहुने पक्षमा उठाइएको आवाज बहुमतको नाममा मत्थर बनाउने खेल भएको भन्दै आफ्नो वडाहरूमा स्थानीय निकायको निर्वाचनभन्दा पहिले संकलन हुँदै आएको कर मात्र उठाउने स्पष्ट पारे।

अत्यधिकरूपमा वृद्धि गरिएको एकीकृत सम्पत्ति कर फिर्ता गराउन आफूहरू निरन्तर प्रयत्नशील रहिरहने पनि वडाध्यक्षहरूको भनाइ थियो। यसअघि विदुर नगरपालिकाले नगरपरिषद्मार्फत एकीकृत सम्पत्ति करको दायरा बढाएको थियो।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्रको वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, साउन
मंगलबार
८

'भन्सार कर्मचारीले भारत भित्र्याउने तरकारीको सूचीमा गोलभेंडा र इस्कुस नभएकाले यी तरकारी नल्याउनू भनेका छन्।' -व्यापारी चौधरीले भने।

# नेपाल

# शिक्षा र स्वास्थ्य नाफारहित हुनुपर्छ : मुख्यमन्त्री पोखरेल



यमलाल भुसाल, बुटवल

प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखरेल शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारका लागि यी दुई क्षेत्रको लगानीलाई नाफारहित बनाउनुपर्ने बताउनुभयो। नेपाली कांग्रेसको आन्दोलन र डा. गोविन्द केसीको अनशनको उद्देश्य गलत भए पनि डा. केसीले उठाएका माग पवित्र छन् भन्ने जनमानसमा परिसकेको उहाँले बताउनुभयो।

उहाँले डा. केसीको आन्दोलन गलत उद्देश्यले प्रेरित भएको र कांग्रेसले केसीका मुद्दालाई साथ दिन नभई सरकारलाई असफल बनाउन आन्दोलन गरेको बताउनुभएको छ। अहिलेको सरकार बन्दा शुरूमा मौन रहेको कांग्रेस २ कम्युनिस्ट पार्टीबीच एकता भएपछि अब ५ वर्ष कुनै हालतमा सरकारमा पुग्न सकिँदैन भन्ने भएपछि अत्तालिएकोसमेत बताउनुभयो। नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलाल श्रेष्ठको ४०औं स्मृति दिवसका अवसरमा पार्टीको रूपन्दही क्षेत्र नम्बर २ ले सोमबार बुटवलमा आयोजना गरेको स्मृतिसभामा बोल्दै मुख्यमन्त्री पोखरेलले विगतमा कांग्रेसकै नीतिका कारण शिक्षा स्वास्थ्यमा निजीक्षेत्रको लगानी भएकाले अहिले त्यही ठीक हो भन्ने लागे कांग्रेसले हाम्रो नीति गलत थियो भनेर आत्मालोचना गर्नुपर्छ।

उहाँले भन्नुभयो- 'विगतमा शिक्षा स्वास्थ्यमा लगानी गराउन उत्प्रेरित गर्ने, अहिले सडकमा आन्दोलन गर्ने यस्तो गर्न मिल्दैन हाम्रा नीतिले यस्तो भयो भनेर आत्मालोचना गर्नुपर्छ।' डा. केसीको काठमाडौंमा अब मेडिकल खोल्नुहुँदैन भन्ने माग मनमोहन कलेजविरुद्ध भएको उल्लेख गर्दै उहाँले भन्नुभयो- 'नेताहरूको नामलाई कस्तो ठाउँमा प्रयोग गर्ने हामीले छलफल गर्न सक्छौं। मनमोहन नआउँदासम्म नबोल्नेहरूले अहिले सडकमा ताण्डव देखाइरहेका छन्, त्यो कत्ति पनि जायज छैन।' नेकपाका नेतासमेत रहेका पोखरेलले स्वर्गीय पुष्पलालले देखाएको बाटोमा अहिले नेकपाअघि बढिरहेको बताउँदै सरकार बनाउने ठूलो होइन समाज बदल्ने कुरा महत्वपूर्ण हो। मुख्यमन्त्री पोखरेलले सरकारको अभियानलाई सार्थक बनाउन र ३ वर्षभित्र जनताले अनुभूति गर्ने विकास र समृद्धिको अभियानमा लाग्न सरकारले समाज सुधार र परिवर्तनका काम अघि सारेपछि सरकारमाथि अहिले चौतर्फी प्रहार भइरहेको बताउनुभयो।

मुख्यमन्त्री पोखरेलले भन्नुभयो- 'यातायात क्षेत्रको सिन्डिकेट, काम नगर्ने ठेकेदारमाथिको कारबाही, वैदेशिक रोजगारीमा पठाउने एकलौटीको अन्त्य, गैरसरकारी संघसंस्था र दाताबाट आउने रकमको व्यवस्थापनलगायतका क्षेत्रमा सरकारले सुधार ल्याउन खोजेकाले चौतर्फी प्रहार भएको हो।'

## सडक छेउका बस्तीहरू जोखिममा

विमल विष्ट, डोटी

सायल गाउँपालिकाको छपाली बिनेबडाका हरिमल भुलको घर गत वर्ष साउनमा पहिरोले भत्कायो। चार वर्षिया छोरी मनिषा भुलको घरभित्रै पहिरोले च्यापिएर मृत्यु भयो। हरिमल भुल र उनकी श्रीमती जमुना भुल गम्भीर घाइते भए। घरको सिरानीमा रहेको सडकको ट्र्याक खोल्दा खुकुलो भएको पहाड मध्यरातमा घरमाथि खस्दा उक्त दुर्घटना भएको हो। आकाश मडारिन लाग्दा अहिले पनी हरिमल भुलको होस हराउँछ। त्रासले काप्दै छिमेकीहरूका घरतिर उनी सहारा लिन जान्छन्।

सोही गाउँपालिकाको डौड गाउँका डम्बरबहादुर विष्टले ०७३ साउनमा एकै रात ३५ वर्षिया श्रीमती गौरादेवी विष्टसहित ५ सन्तान गुमाए। सोही गाउँकी ०७५ वर्षिया सिंहको पनि मृत्यु भयो। पहिरोले विष्टका छोराहरू हर्क, वीरेन्द्र तथा छोरीहरू सरु र भावनालाई गुमाएको घटनाले अहिले पनि छटपटी बढाउँछ। 'डाँडैडाँडामा डोजरको आंतक चल्यो, कम्जोर जमिन चिरा चिरा पर्‍यो', विष्टले भन्नुभयो- 'डाँडाको मध्यभागमा रहेको मेरो घरमा पहिरो खस्दा मेरी जीवनसंगिनी गुमाएँ, रहरलाग्दा सन्तान सधैंका लागि टाढिए।' यी केही विगतका उदाहरण मात्र हुन्। डोटीमा वर्षेनी बाढीपहिरोबाट ज्यान गुमाउने क्रम बढ्दै गएको छ। मानवबस्तीमा भइरहेका थुप्रै मानवीय गतिविधिले प्राकृतिक विपत्ति बढाउँदै लगेको छ। पछिल्लो समय हचुवाका भरमा खोलिएका ग्रामीण सडकका कारण विपत्ति आउने गरेको आदर्श गाउँपालिका-१ का शिक्षक नरबहादुर खड्का बताउनुहुन्छ। सडक छेउछाउ रहेका बस्तीहरू उच्च जोखिममा रहेका छन्।

निरन्तररूपमा सडकको माटो बगेर घरखेतमा पस्ने, खोलानाला पुरिने क्रम बढ्दै गएकाले बस्तीहरू जोखिममा परेको उहाँले बताउनुभयो। जिल्ला दैवी प्रकोप उद्धार समिति डोटीले सडक छेउमा बसोबास गर्ने स्थानीयबासीलाई सतर्क रहन आग्रह गरेको छ। डोटीका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवको संयोजकत्वमा रहेको दैवी प्रकोप उद्धार समितिले जोखिममा रहेका बस्तीहरूको सुरक्षाका लागि जनप्रतिनिधिमार्फत सतर्क रहन आग्रह गरेको हो। प्रजिअ यादवले सडक छेउछाउका उच्च जोखिममा रहेका बस्तीहरूको पहिचानसमेत गरिरहेको बताउनुभयो।

डोजरले अन्धाधुन्ध खोलिएका ग्रामीण सडकहरूको माटो बगेर घर खेतमा पसिरहेको र पहिरो खस्ने क्रम तीव्र छ। सडकछेउमा नाली नबनाएका तथा पहाड छोलेर बनाएका ठाउँमा पहिरो खस्दा केही ग्रामीण सडकहरू अवरुद्ध भइसकेका छन्। जिल्लाका जोरायल, केआईसिंह, सायल, बोगटान, पूर्वीचौकी गाउँपालिकाका तथा शिखर नगरपालिकाका १८ बस्तीका झन्डै ४ सय परिवार जोखिममा रहेका छन्। जिल्ला भूसंरक्षण कार्यालयका प्रमुख दामोदर ऐरका अनुसार उत्तरी क्षेत्रमा रहेका डौड, तोलेनी, गिरिचौका, छपाली गाउँका बस्तीहरू पहिरोको उच्च जोखिममा छन्। त्यसैगरी शिखरनगरपालिका, दीपायल सिलगढी नगरपालिका, केआईसिंह र बोगटान गाउँपालिकाका बनलेक, तलकोट, दीपायल, रानागाउँ, तिखात्तर, गगुडा, चवराचौताराका बस्तीहरू नदी कटान र पहिरोको जोखिममा रहेको उहाँले जानकारी दिनुभयो। त्यस्तै जोरायल गाउँपालिकाका लक्ष्मीनगर र सरस्वतीनगर तथा बडिकेदार गाउँपालिकाको बर्छैन, बीपीनगरलगायतका बस्ती उच्च नदी कटानको चपेटामा परेका छन्।

'सडकको माटो बगेर खोल्सा तथा खोलाहरू पुरिएका छन्', जिल्ला भूसंरक्षण कार्यालय डोटीका प्रमुख दामोदर ऐरले भन्नुभयो- 'बस्तीको सिरानीमा रहेका डाँडाबाट सडक लैजाँदा तथा विकासका पूर्वाधारहरू बनाउँदा वर्षायाममा गाउँमा लेदो माटो पस्ने, पहिरो खस्ने लक्षणले स्थानीय आतंकित हुन थालेका छन्।' सीमित व्यक्तिको स्वार्थ र अध्ययनबिना खोलिएका सडकहरूले दूरगामी असर देखाउन थालिसकेकाले सरोकारवालाले कडा कदम चाल्न जरुरी रहेको उहाँको सुझाव छ। केआईसिंह गाउँपालिकाको वासुदेवी, जोरायल गाउँपालिकाको जलजला, शिखर नगरपालिकाको वनलेक क्षेत्रमा विकासका पूर्वाधार बनाउने क्रममा बगेको माटोले खेत नै पुरिदिएको बताइएको छ।

## सरकार संवेदनहीन भएकाले आन्दोलन गर्न बाध्य भयौं : लेखक




विराटनगर, (नेस)

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री रमेश लेखकले डा. गोविन्द केसीको मागप्रति सरकार संवेदनशील नभएकै कारण कांग्रेसले आन्दोलन गर्न बाध्य हुनुपरेको बताएका छन्। केपी ओली नेतृत्वको सरकार इतिहासमै सबैभन्दा संवेदनहीन सरकार भएको लेखकले बताए।

नेपाल प्रेस युनियन मोरङले विराटनगरमा सोमबार गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले डा. केसीको मुद्दा आमनेपाली जनताको भएकाले जनताको मागलाई कांग्रेसले उठाउन खोज्दा त्यसलाई बेठीक भन्न नमिल्ने उल्लेख गरे। 'गोविन्द केसीको माग आमनेपाली जनताको माग हो', उनले भने- 'कांग्रेसले जनताको माग पूरा गर्नुपर्छ मात्रै भनेको हो।'

अहिलेसम्म सरकारका मन्त्रीले केसीलाई नभेटेको उनले बताए। 'सरकारका मन्त्रीहरूलाई बंगलादेशमा अध्ययन गर्ने नेपाली छात्राका विषयमा अनर्गल कुरा गर्न फुर्सद छ। तर, गोविन्द केसीलाई भेटेर वार्ता गर्ने फुर्सद छैनै', लेखकले भने- 'यहाँभन्दा संवेदनहीन के हुन सक्छ?' सरकार नेपाली जनताको अभिभावक भएको र गोविन्द केसी पनि नेपाली जनता भएकाले मागप्रति सरकार गम्भीर हुनुपर्ने लेखकको भनाइ थियो। उनले २३ दिनसम्म अनशन बस्दा पनि वार्ताका लागि सरकार गम्भीर नभएको भन्दै डा. केसीसँग वार्ताका लागि सरकारले तत्काल पहल गर्नुपर्नेमा जोड दिए। उनले कांग्रेस नेतृत्वको सरकारले ल्याएको अध्यादेश हुबहु पारित भए केसी र आमनेपाली जनताको माग पूरा हुने नेता लेखकको कथन थियो। 'नेपाली कांग्रेस नेतृत्वको सरकारले ल्याएको चिकित्सा सुधार विधेयक वर्तमान सरकार र संसदले स्वीकार गरिसकेको छ', उनले थपे- 'तर स्वास्थ्य क्षेत्रका माफियाहरूको चंगुलमा परेर सरकारले विधेयकलाई फेरि तोडमोड गर्न खोजेको छ। त्यसमै कांग्रेसको विरोध हो।'

नेता लेखकले कांग्रेसको आन्दोलन सरकार ढाल्न र गिराउन नभई सरकारले गरेको कर वृद्धि र महँगी र गलत कामविरुद्ध भएको प्रस्ट पारे। चार-पाँच महिनाको अवधिमै सरकारले गरेको कामको मूल्यांकन गर्ने बेला नभएको भन्दै तर निषेधाज्ञाको नाममा लोकतन्त्रलाई कमजोर बनाउने काम भइरहेकाले आन्दोलनमा उत्रिनुपरेको उनले बताए। सरकारका पछिल्ला केही क्रियाकलापले संविधान र संघीयता खतरामा पर्ने संकेत देखिएको नेता लेखकले बताएका थिए।

# भारतले तरकारीको आयात रोकेपछि कृषक मारमा

गणेश घिमिरे, इलाम

भारतले नेपाली गोलभेंडासहित अन्य विभिन्न तरकारी बालीको आयात रोकेपछि इलामसहित पूर्वी पहाडका कृषकहरू यतिखेर समस्यामा परेका छन्। झापा र तराईका अन्य बजारमा भारतीय गोलभेंडा नै बढी मात्रामा चल्ने भएकाले यहाँका किसानले खेती गरेको गोलभेंडा खपत हुन नसकेको व्यापारीहरू बताउँछन्।

नेपालबाट पूर्वी प्रमुख सीमावर्ती काँकडभिट्टा नाका भएर भारत निर्यात हुने तरकारीमध्ये सबैभन्दा बढी गोलभेंडाकै रहेको थियो। भारतले रोक लगाएपछि जिल्लाका गोलभेंडा खेती गर्ने सयौं किसान यतिखेर मारमा परेका हुन्। मुख्य सिजनमा बारीमा लटरम्म भएको गोलभेंडा बारीमै कुहिएर जाने अवस्था आएको इलाम रोङ गाउँपालिका-४ कोल्बुङका कृषक अम्बर राईले बताए। 'व्यवसायी गोलभेंडा खेती गरेका छौं, यसैको आम्दानीबाट घर खर्च चलाउँदै आएका थियौं', कृषक राईले भने- 'तर भारतले विभिन्न वहाना बनाएर गोलभेंडा निर्यात नगरिदिँदा यहाँ व्यापारीले किनेर लान छाडे। यसबाट यहाँका किसानहरू ठूलो समस्यामा परेका छौं।' कहिले गुणस्तर र कहिले निकासी प्रक्रियाको वहाना बनाएर भारतीय भन्सारले नेपाली कृषिउपज निकासीमा अवरोध गरिरहने क्रममा यो पटक गोलभेंडा निकासी रोकिएको छ। करिब तीन सातायता पूर्वी पानीटयांकी नाकाबाट गोलभेंडा निकासी ठप्प भएपछि किसान र व्यापारी समस्यामा परेका हुन्।

झापाका व्यापारीका अनुसार पानीटयांकी नाकाबाट मात्रै एकै दिनमा एकै व्यापारीले ५० गाडीभन्दा बढी गोलभेंडा निर्यात गर्दै आएका थिए। तर, यो सालदेखि गोलभेंडा र इस्कुस निकासी ठप्पै भएको छ। झापाका व्यापारी विजय चौधरीले किसानको बारीमा गोलभेंडा पाकेर खेर जाने अवस्थामा पुगिसक्दा समेत भारतीय भन्सारले गोलभेंडा निर्यात गर्न नदिएको बताए। 'भन्सार कर्मचारीले भारत भित्र्याउने तरकारीको सूचीमा गोलभेंडा र इस्कुस नभएकाले यी तरकारी नल्याउनू भनेका छन्।' -व्यापारी चौधरीले भने। जिल्लाका सूर्योदय, माई, इलाम नगरपालिकासहित माईजोगमाई गाउँपालिकाका विभिन्न गाउँहरूमा टमाटर र इस्कुसको व्यावसायिक खेती गर्ने किसान छन्। टमाटर र इस्कुस बेचेरै वर्षमा आठदेखि १२ लाख रुपियाँसम्म कमाउने किसानलाई यो वर्ष नराम्रोसँग झड्का लागेको छ।

इस्कुसको मौसम पनि शुरू भइसकेको अवस्थामा अहिले सयौं किसानको बारीमा बेमौसमी इस्कुस माचभरी झुन्डिसकेको छ। तर, बिक्री रोकिएपछि माचमै कुहिने वा 'कौडीको भाउ'मा बेच्नुपर्ने बाध्यता किसानलाई छ। भारतीय भन्सारका कर्मचारीले बन्दाकोपी र मुलाबाहेक कुनै पनि तरकारीको क्वारेन्टाइन नहुने भन्दै निकासी रोकेका हुन्। बन्दाकोपी र मुला निकासीमा समस्या नभए पनि गोलभेंडा, इस्कुस, फूलकोपी र मटरकोसाजस्ता वर्षेनि करोडौं रुपियाँमा निकासी हुने तरकारीको भारतीय बजारचाहिँ अब बन्द भएको हो। चारआलीका व्यापारीले इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटालगायत पहाडी र पूर्वी तराईका जिल्लामा उत्पादन भएको तरकारी पानीटयांकी नाकाबाट भारत निर्यात गर्दै आएका थिए। किसानले सधैं भारतीय बजार भर पर्नुपर्दा खेतीको लगानी उठ्ने सुनिश्चितता नभएको किसान बताउँछन्।

जिल्लाकी अगुवा किसान लिलादेवी भट्टराईले सम्बन्धित निकायबाट किसानले उत्पादन गरेका उपज देशभित्रै खपत हुने वातावरण बनाउन वा निर्यातको स्पष्ट व्यवस्था मिलाउन आग्रह गरिन्। इलाम उद्योग वाणिज्य संघका अध्यक्ष आनन्द कट्टेलले व्यवसायीका तर्फबाट दर्जनौंपटक नेपाल सरकार र भारतस्थित महावाणिज्यदूतसमेतलाई पूर्वको कृषिउपज निर्यातमा देखिएको समस्याबारे ध्यानाकर्षण गराए पनि समस्या समाधान हुनुको साटो बल्झिरहेको बताए। नीतिगतरूपमा व्यापार र निर्यात प्रबन्ध स्पष्ट नभएसम्म व्यवसायीले दु:ख पाउने कट्टेलको भनाइ छ।

## राहदानी बनाउने घट्दै

इलाम, (नेस)

इलाममा राहदानीबाट गत आर्थिक वर्षमा २ करोड ५८ लाख ८७ हजार ५ सय रुपियाँ राजस्व संकलन भएको छ। जिल्लामा वर्षेनी राहदानी बनाउनेको सङ्ख्या पनि घटिरहेको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा २ हजार ६ सय १४ जनाले घटेको जिल्ला प्रशासन कार्यालय इलामको तथ्यांकमा उल्लेख छ। अघिल्लो आवमा ७ हजार ५ सय ७२ जनाले राहदानी बनाएकामा गत आवमा त्यो सङ्ख्या घटेर ४ हजार ९ सय ५८ जनाले मात्र बनाएको प्रशासनका नायब सुब्बा विनोदबाबु बिसीले बताए। प्रशासनले उपलब्ध गराएको तथ्यांकअनुसार जिल्लामा वर्षेनी राहदानी बनाउनेको सङ्ख्या घट्दै गएको देखिएको छ। जिल्लामा आर्थिक वर्ष ०६८/०६९ देखि गत आर्थिक वर्ष ०७४/०७५ सम्म जम्मा ४० हजार १ सय ११ जनाले बनाएका छन्। यस्तै द्रुत सेवामार्फत २० हजार २ सय ८० जनाले बनाएका छन्। राहदानी बनाउनेमा महिलाको सङ्ख्या ३० प्रतिशत रहेको छ।

बिसीका अनुसार राहादानी बनाउनेमा सबैभन्दा बढी जिल्लाका दक्षिणी भेग दानाबारी, महमाई, चुलाचुली, बाँझोका नागरिक रहेका छन्। जिल्लामा पशुपालन, तरकारीखेती, कुखुरापालन, च्याउखेतीलगायतमा युवाको आकर्षण बढ्न थालेपछि विदेशप्रतिको मोह घटेको बताइएको छ। बैंक तथा वित्तीय कारोबारका लागि खुलेका सहकारीबाट ऋण लिएर विभिन्न उत्पादनमुखी काम गर्न थालेपछि यहाँका युवाले रोजगारीका लागि विदेश ताक्न छाडेका छन्। दुबैबाट फर्केर इलामनगरपालिका-९ का सन्तोष श्रेष्ठ फेन्सी पसल सञ्चालन गरिरहेको छन्। उनलाई अब विदेश जाने रहर छैन। उनीजस्तै सयौं युवा स्वदेशमा नै व्यवसाय सञ्चालन गर्न थालेका छन्।

## कान्छो जिल्लाबाट १० महिनामा ३ हजार नागरिकता वितरण

धनवीर दाहाल, रुकुम

मुलुक संघीय शासन प्रणालीमा गएसँगै नेपालको कान्छो जिल्लाका रूपमा चिनिने रुकुम पूर्वमा ३ हजारभन्दा बढीले नागरिकता लिएका छन्। नयाँ जिल्ला बनेसँगै १० महिनाको अवधिमा ३ हजार ३ सय ६६ जनाले नागरिकता लिएका हुन्। जसअन्तर्गत २ हजार ५ सय १४ सक्कल र ८ सय ५२ प्रतिलिपी नागरिकता वितरण गरिएको जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ। तीन स्थानीय तह सिस्ने, भूमे र पुथाउत्तरगंगा गाउँपालिका मिलेर नयाँ जिल्ला बनेको रुकुम पूर्वको जनसंख्या करिब ५७ हजार रहेको छ। हाल अस्थायी सदरमुकाम रुकुमकोटबाट सक्कल र प्रतिलिपी गरेर दिनहुँ ३० देखि ४० जनाले नागरिकता लिने गरेका छन्। तर राहदानीका विषयमा भने धेरैजसो सेवाग्राही काठमाडौं जाने भएकाले जिल्लामा राहदानी फारामको मात्र प्रमाणित गर्नुपरेको प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले बताउनुभयो।

नयाँ जिल्ला रुकुम पूर्वलाई हालसम्म नयाँ कोडसमेत प्राप्त नभइसकेकाले डिजिटल नागरिकताको सट्टा हस्तलिखित नागरिकता प्रदान गर्नुपरेको छ। तर नयाँ कोडका लागि केन्द्रमा पहल गरिएकाले छिट्टै नयाँ कोड प्राप्त हुने र त्यसलगत्तै डिजिटल नागरिकता प्रदान गरिने प्रमुख जिल्ला अधिकारीको भनाइ छ।

नयाँ जिल्लाका रूपमा विकसित हुँदै गरेको रुकुम पूर्वमा पर्याप्त जनशक्ति र भवन अभावको समस्या भए पनि सेवाग्राहीलाई भने छिटोछरितो ढंगले सेवा दिइएको प्रशासनको भनाइ छ। रुकुम पूर्वलाई गत वर्षको असोज १९ गते नयाँ जिल्लाका रूपमा घोषणा गरिएसँगै सोही दिनदेखि केही सरकारी कार्यालयको स्थापना भई सरकारी कामकाजको थालनी गरिएको थियो। सदरमुकामको विषयले नागरिकमा अन्योल छाइरहेको रुकुम पूर्वमा हाल अस्थायी सदरमुकाम रुकुमकोटबाट सरकारी कामकाजहरू सञ्चालन भइरहेका छन्।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
**आन्तरिक राजस्व कार्यालय ललितपुरबाट**
**करदाता स्पिड सेल्सका प्रोपाईटर श्री निरमायां सोमै मगरको नाउँमा जारी भएको सार्वजनिक सूचना**

तपाईको नाउँमा यस कार्यालयमा दर्ता रहेको श्री स्पिड सेल्स, स्थायी लेखा नं. ६००८९५०७५ को आ.व. २०७०।०७१ को कारोवारको पूर्ण कर परीक्षण गर्न छनौट भएको र कर परीक्षणको लागि विगत लामो समय देखि पटक पटक तपाईले दर्ताका बखतमा उल्लेख गर्नु भएको फोन नंम्बरमा सम्पर्क गर्न खोज्दा र स्थायी ठेगानामा पत्राचार गर्दा समेत सम्पर्क हुन नसकेकोले तपाईको कारोवारको कर परीक्षण गर्न नसकिएको हुँदा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तपाईंको आ.व. २०७०।०७१ को कारोवारको कर परीक्षण गर्ने प्रयोजनको लागि उक्त आ.व. का सम्पूर्ण खाता, बही, विल विजक लगायतका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा उपस्थित हुन आयकर ऐन, २०५८ को दफा ८३(१) तथा मु.अ.कर ऐन, २०५२ को दफा २३(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस सूचनामा तोकिएको म्याद भित्र कार्यालयमा उपस्थित भई कागजात पेश नगरेमा आयकर ऐन, २०५८ र मु.अ.कर ऐन, २०५२ बमोजिम कारवाही भई जाने ब्यहोरा समेत जानकारी गराईन्छ ।



# विश्व

**कीर्तिमान**

स्पेस एक्सको हाइपरलुप पोड प्रतिस्पर्धामा सहभागी डब्ल्यूएआरआर हाइपरलुप। युनिभर्सिटी अफ म्युनिकका विद्यार्थीले डिजाइन गरेको उक्त हाइपरलुप गाडीले प्रतिघन्टा २ सय ९० माइलको गतिमा हुइँकिएर कीर्तिमान कायम गरेको छ।



**गोली प्रहार**

क्यानाडाको टोरोन्टोमा आइतबार राति भएको गोलाबारीपछि घटनास्थलबाट भाग्दै गरेको भीड। उक्त घटनामा एक महिलाको मृत्यु भएको र प्रहरीको गोली प्रहारमा आक्रमणकारीको पनि मृत्यु भएको छ।



2018, JULY
Tuesday
24

विश्व २ मिनेट

**नर्वे**

### आम्दानी बढी

ओस्लो, (एजेन्सी)

उत्तरी युरोपका युवाको आर्थिक स्थिति पछिल्लो पिढीको भन्दा राम्रो भएको एक प्रतिवेदनले देखाएको छ। नर्वेमा ३० देखि ३५ वर्षका युवाको खर्च योग्य वार्षिक आम्दानी करिब ५६ हजार २ सय अमेरिकी डलर छ। पछिल्लो पिढीको यो उमेरमा आम्दानी १३ अहिलेको पुस्ताको तुलनामा १३ प्रतिशतले कम छ। यो आँकडा बेलायतको थिङ्क ट्याङ्क 'द रिजोलुसन फाउन्डेसन' ले जारी गरेको हो। नर्वेको तुलनामा अमेरिकामा यो आयु वर्गका नौजवानको आम्दानी ५ प्रतिशत र जर्मनीमा ९ प्रतिशत कमी रहेको छ।

**पाकिस्तान**

### नवाजलाई लेख्न दिइएन

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफलाई रावलपिन्डीको अडियाला जेलमा बी क्लासको सुविधा दिइएको छ। तर, उनले चाहेका सामान्य सुविधा दिइएको छैन। भ्रष्टाचारको मामिलामा दोषी ठहऱ्याइएपछि जेलमा बन्द नवाज सरिफले आफूलाई भेट्न आएका निकटतम व्यक्तिहरुसँग उक्त गुनासो गरेका थिए। सरिफले लेख्नका लागि कागज र कलम मागेको तर जेल अधिकारीहरुले ती सामग्री उपलब्ध गराउन अस्वीकार गरेका थिए। उनलाई दुई वटा मात्र च्यानल आउने टिभी र एउटा अखबार मात्र उपलब्ध गराइएको छ।

**फ्रान्स**

### गृहमन्त्रीलाई सोधपुछ

पेरिस, (एजेन्सी)

फ्रान्सका गृहमन्त्री गेरार्ड कोलोम्वलाई एउटा प्रहरी ज्यादती काण्डबारे विधायकहरुले प्रश्न सोधका छन्। गत १ मेमा आयोजित एउटा जनप्रदर्शनको दौरान एक जना राष्ट्रपतिका सुरक्षाकर्मीले गरेको दुर्व्यवहारको भिडियो सार्वजनिक भएको छ। कोलोम्वले आफूलाई यस भिडियोबारे २ मेमा नै जानकारी प्राप्त भएको तर राष्ट्रपति इमानयुयल म्याक्रोनको कर्मचारीसम्बन्धी विषय भएकाले यसलाई वकिललाई जानकारी नदिइएको स्पष्ट पारेका छन्। म्याक्रोनले शुक्रबार नै एलेक्जान्द्रे बेनाल्ला नामक ती २६ वर्षीय सुरक्षाकर्मीलाई बर्खास्त गरे पनि विधायकहरुले कारबाहीमा ढिलाइ हुनुको कारण मागिरहेका छन्।

**पाकिस्तान**

### महिला उम्मेदवार

इस्लामावाद, (एजेन्सी)

हमिदा साहिद नामक महिलाले अफगानिस्तानको सीमासँग जोडिएको पाकिस्तानको रुढीवादी आदिवासी क्षेत्रबाट संसद्का लागि उम्मेदवारी दिएर इतिहास रचेकी छिन्। कुनै समय तालिवानको बलियो पकड रहेको दिरमा महिला अधिकारको नामोनिसान थिएन भने महिलालाई चुनावमा भोट खसाल्नसमेत दिइँदैन थियो। उनले पूर्वक्रिकेटर इमरान खानको पार्टी पाकिस्तान तेहरिक ए इन्साफबाट चुनाव उठ्न टिकट पाएकी हुन्। गत वर्ष पाकिस्तानको निर्वाचन आयोगले कुनै पनि महिलाले मतदान नगरेकै कारण दिरको परिषद्को चुनावी परिणाम अस्वीकार गरेको थियो।

# तेल निर्यात रोक्ने प्रयास नगर : रुहानी

## कसैले नभोगेको परिणाम भोग्नुपर्ने ट्रम्पको चेतावनी

तेहरान/वासिङ्टन, (एजेन्सी)

इरानका राष्ट्रपति हसन रुहानीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई इरानसँग 'शत्रुतापूर्ण' नीतिलाई लिएर कडा चेतावनी दिएको छ।

राष्ट्रपति हसन रुहानीले ट्रम्पलाई चेतावनी दिँदै भने- 'मिस्टर ट्रम्प, तपाईं सिंहको पुच्छरसँग नखेल्नुस्, किनकि यसले मात्र विस्मात् हुनेछ।'

रुहानीले इरानी राजनीतिज्ञहरुको एक भेलालाई सम्बोधन गर्दै भने- 'अमेरिकालाई यो कुराको ज्ञान छ कि इरानसँगको शान्ति सबै प्रकारका शान्तिको जननी हो र त्यसै गरी इरानसँगको युद्ध सबै प्रकारका युद्धको जननी हो। म कुनै धम्की दिइरहेको छैन, तर कसैले हामीलाई तर्साउने वा धम्काउन सक्दैन।'

इरानको उक्त धम्कीलाई लिएर अमेरिकी राष्ट्रपति ट्रम्प ट्विटमा राष्ट्रपति रुहानीमाथि कडा प्रहार गरेका छन्। ट्विटमा ट्रम्पले भनेका छन्- 'इरानी राष्ट्रपति रुहानीका लागि : अमेरिकालाई कहिल्यै दोहोऱ्याएर धम्की नदिनु। यदि तपाईंले त्यस्तो गरेमा इतिहासमा यसअघि कहिल्यै कसैले नभोगेको परिणाम भोग्नुपर्नेछ। अमेरिका अब त्यो देश होइन, जसले तपाईंको धम्की सुनेर बस्छ, त्यसैले सावधान।'

ट्रम्पले ट्विटमा सबै 'क्यापिटल लेटर'मा लेखेका थिए। रुहानीले भने- 'जोसँग केही भए पनि राजनीतिक सुझबुझ छ, उसले इरानको तेल निर्यात रोक्छु भन्न सक्दैन। हामीहरुको इतिहास छ, यस इलाकाको समुद्री मार्गमा हामी शान्तिका ध्वजावाहक हौं।'




इरानले विषम परिस्थितिमा होरमुज समुद्री मार्ग बन्द गर्ने संकेत गरेको हो। यो मार्ग इरानको नियन्त्रणमा छ। यसअघि इरानको इस्लामिक रिभोलुसनका नेता आयोतोल्लाह खोमेनीले राष्ट्रपति रुहानीका अमेरिकी विरुद्धको उनको नीतिको समर्थन गरेको थियो। त्यसपछि नै राष्ट्रपति रुहानीले अमेरिकालाई चेतावनी दिएको हो।

'यदि इरान आफ्नो तेल निर्यात गर्न पाएन भने यो क्षेत्रमा पर्ने कुनै पनि देशले तेल निर्यात गर्न पाउने छैन। ट्रम्प आफ्नो हितका लागि विश्वलाई जोखिममा पुऱ्याउन चाहन्छ। अहिलेको समयमा योभन्दा राम्रो उदाहरण अरू छैन, अमेरिकी नीति मुसलमानविरोधी छ।'

रुहानीले भने- 'अब म सजिलै सम्पूर्ण विश्वलाई भन्न सक्छु कि अमेरिका शान्तिका लागि प्रतिबद्ध छैन। ऊ अन्तर्राष्ट्रिय सन्धिहरु र संगठनलाई लिएर पनि इमानदार छैन। हामीले जुन परमाणु सम्झौतामा सन् २०१५ मा विश्वका ६ देशसँग हस्ताक्षर गरेका थियौं, त्यसलाई अमेरिकाले ध्वस्त पाऱ्यो।'

यदि साउदी अरेबिया, बहराइन र संयुक्त अरब इमिरेट्स आफ्नो जिद्दी छोड्छ भने आफू मित्रताका लागि तयार रहेको पनि रुहानीले बताए।

इरानमा यदि उसको तेल निर्यातलाई रोक्छ भने बााकी देशका तेल निर्यातलाई पनि रोक्नु पर्छ भन्नेमा सहमति बनिरहेको छ।





अमेरिकाले इरानबाट तेल आयात गर्ने देशहरुमाथि दबाब दिँदै आइरहेको छ। अमेरिकाले इरानबाट तेल आयात गर्नेहरुले अन्य कुनै देशबाट किन्न भनिरहेको छ। इरानका सैन्य अधिकारीहरुले ट्रम्प प्रशासन इरानमा हमलाको योजना बनाइरहेको समाचार एजेन्सी रोयटर्सलाई बताएका छन्।

अमेरिकाको नयाँ प्रतिबन्धका कारण इरानको तेल निर्यामा यो वर्षको अन्त्यसम्ममा दुई तिहाइ गिरावट आउन सक्छ। अमेरिकाको यो नीतिले विश्वस्तरमा तेलको आपूर्तिमा पनि कमी आउन सक्छ।

बाँकी खाडी देशको तेल निर्यात बन्द गर्न सक्ने अमेरिकी ऊर्जा मन्त्रालयको एक प्रतिवेदनमा इरान र ओमानको बीचमा एक रणनीतिक जलमार्ग रहेको र उक्त मार्ग भएर सन् २०१६ मा प्रत्येक दिन कम्तीमा १ करोड ८५ लाख ब्यारेल तेल जाने गरेको उल्लेख छ। योबाहेक होरमुज समुद्री मार्गका प्रयोग पनि खाडी देशले गरिहेको छ। रुहानीले बाँकी देशले आफ्नो तेल बेच्ने र आफूहरु सुस्त दर्शक भएर हेरेर बस्न सम्भव हुन्छ? भन्ने प्रश्न उठाएका थिए।

जुन मार्गबाट खाडी देशले आफ्नो तेल बेचिरहेको छ, त्यसको सुरक्षा इरानले सधैं गर्दै आइरहेको इरानका राष्ट्रपतिले बताए। अमेरिका इरानी जनतालाई भड्काउने प्रयास गरिरहेको रुहानीले आरोप लगाए।

# सोमालियाली सैनिक अखडा भयानक आक्रमण

## २७ सैनिक मारिए

खार्तुम, (एजेन्सी)

एउटा शक्तिशाली कार बम विस्फोटनपछि सोमबार दक्षिणी सोमालियास्थित एउटा सैनिक अखडामा अचानक प्रवेश गरेका इस्लामिक लडाकूहरुले आक्रमण गरेका छन्।




अल सबाब लडाकू समूहले यस आक्रमणमा आफूहरुले २७ जना सैनिक मारेको दाबी गरेको छ। बिहान सबेरैको प्रार्थनालगत्तै यो आक्रमण शुरू भएको स्थानीय सञ्चार माध्यमले जनाएको छ।

सोमाली सेनाले बन्दरगाह शहर किस्मायोदेखि करिब ५० किमी टाढा पर्ने सो क्षेत्रमा सहयोगका लागि थप सेना पठाइएको जनाएको छ। तर यस आक्रमणको थप विस्तृत विवरण सार्वजनिक गरिएको छैन। १० वर्षभन्दा लामो समयदेखि अल सबाबले सोमालियामा हिंसात्मक आन्दोलन गर्दै आएको छ।

अन्तर्राष्ट्रिय लडाकू समूह अल कायदासँग आबद्ध अल सबाबसँग लड्नमा सोमाली सरकारलाई सहयोग पुऱ्याउन अफ्रिकन युनियनको २२ हजार शक्तिशाली फौज त्यहाँ तैनाथ गरिएको छ।

संयुक्त राज्य अमेरिकाले पनि उल्लेख्य संख्यामा सोमालियामा आफ्नो फौज तैनाथ गरेको छ। अमेरिकी फौजको उद्देश्य विशेष अपरेसन चलाउनु र सरकारी फौजलाई तालिम दिनु रहेको छ। अल सबाबका प्रवक्ता अब्दियास अबु मुसाबले बार सान्गुनीस्थित अखडामा आक्रमण हुनासाथ केही सोमाली सरकारी फौज जंगलतर्फ भागेको जनाएका छन्।

रोयटर्स समाचार निकायका अनुसार किस्मायोदेखि करिब ७० किमी टाढाको जामाने शहरका बासिन्दाले समेत शक्तिशाली विस्फोटका आवाज सुनेका थिए। गत महिना मात्र सोही क्षेत्रमा अल सबाबले आक्रमण गरेको थियो।

त्यतिबेला अल सबाबले १ जना अमेरिकी, २ जना केन्याली र ९ जना सोमाली सैनिक मारेको दाबी गरेका थिए। सन् २०११ यता सरकारी फौजले थुप्रै शहरी क्षेत्रबाट अल सबाबका लडाकूलाई धपाउन सफल भएको थियो। तर अल सबाबले विकट तथा ग्रामीण क्षेत्रमा रहेका सैनिक तथा अन्य सरकारी कार्यालयमा हिंसात्मक आक्रमण जारी राखेको छ।

# चिनियाँ प्रधानमन्त्रीद्वारा खोप काण्डको गम्भीर अनुसन्धान गर्न आदेश

बेइजिङ, (एजेन्सी)

चीनमा खोपका उत्पादनको सुरक्षामा चिन्ताको लहर फैलिएपछि चीन सरकारले सोमबार खोप काण्डबारे गम्भीर अनुसन्धान गर्न आदेश दिएको छ। गत साता खोप निर्माण कम्पनी चाङसेङ बायोटेक्नोलोजी कम्पनीले रेविजको खोपसम्बन्धी उत्पादनको झुठो तथ्यांक बाहिर ल्याएको भेटाइएको थियो।





सरकारले उक्त कम्पनीलाई आफ्नो उत्पादन रोकेर बजारमा आइसकेका अन्य रेविज खोपहरु फिर्ता लान आदेश दिएको थियो। उक्त खोपबाट मानव स्वास्थमा खासै हानी पुऱ्याएको अझैसम्म कुनै पनि प्रमाण फेला नपरे पनि यस विषयलाई लिएर जनमानसमा ठूलो सन्त्रास फैलिएको छ।

सोमबार चाङसेङले आफ्नो सेयर व्यापार बन्द गरे पनि तिनीहरुको सेयरको मूल्यमा १० प्रतिशतले गिरावट आएको छ। जुलाइको मध्यभागमा उक्त खोप काण्डको पहिलोपटक भन्डाफोर भएयता यस कम्पनीको सेयर कारोबारमा ४७ प्रतिशतले गिरावट आइसकेको छ।

आइतबार चिनियाँ प्रधानमन्त्री ली केकियागले यस घटनाले मानवीय नैतिकता सीमा नाघेको भन्दै यसमा संलग्न दोषीलाई सख्त कारबाही गर्न आदेश दिइसकेका छन्।

चीन सरकारको वबसाइटमा राखिएको विज्ञप्तिमा प्रधानमन्त्रीले भनेका छन्- 'हामीले जनताको ज्यानको सुरक्षालाई खतरामा पार्ने अवैध र आपराधिक कार्यलाई पूर्णरूपमा ध्वस्त पार्दै कानुन तोड्नेलाई प्रचलित कानुनबमोजिम कडा कारबाही गर्नेछौं र यस लापरबाहीपूर्ण कार्यको अनुगमनमा आएको कमी र कमजोरीको पनि कडा आलोचना गर्दछौं।'

चाङसेङले यस घटनाप्रति क्षमा माग्दै भनेको छ- 'यस घटनाको कारण लज्जित र दोषी महसुस गरेका छौं। हामी औषधिसम्बन्धी कानुनी निकायसँग व्यापक आन्तरिक अनुसन्धानमा आवश्यक सहयोग प्रदान गर्न तयार छौं।' गत १५ जुलाइमा चीनको सरकारी औषधि प्रशासन (एसडीए) ले चाङसेङले आफ्नो फ्रिज-ड्राइड मानव रेविज खोप उत्पादन सम्बन्धमा झुठा तथ्यांक दिएको आरोप लागएको थियो।

चिनियाँ आधिकारिक समाचार निकाय सिन्हवाका अनुसार यस कम्पनीले आफ्नो उत्पादन अभिलेख र उत्पादन अनुगमन अभिलेखबारे बढाइ चढाइ गरेको थियो। चिनियाँ खाद्यान्न तथा औषधि प्रशासन (सीएफडीए) ले रेविजको खोप फिर्ता ल्याउन भन्नुका साथै कम्पनीमाथि अनुसन्धान शुरू भइसकेको जनाएको छ।

कांग्रेसलाई प्रश्न गर्दै प्रचण्डले भन्नुभयो- 'के कांग्रेसले डा. केसीलाई मारेर लासको राजनीति गर्न चाहेको हो? यही बुद्धि र तरिका हो भने कांग्रेस अब इतिहासको विषय बन्न धेरै बेर लाग्दैन।'

# 'कांग्रेसले लोकतन्त्रको पाठ सिकाउनु पर्दैन'

## प्रचण्डको प्रश्न- डा. केसीलाई मारेर कांग्रेसले राजनीति गर्न खोजेको हो ?

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसले आफूहरूलाई लोकतन्त्रको पाठ सिकाउनु नपर्ने बताउनुभएको छ। उहाँले कांग्रेसबाहेक अन्य पार्टी सरकारमा रहँदा अधिनायकवाद देख्ने ऐतिहासिक परम्परा नै रहेको बताउनुभएको हो।

नेकपाका संस्थापक महासचिव पुष्पलालको ४०औं स्मृति दिवसका अवसरमा नेकपा सचिवालयले सोमबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले कांग्रेसले अहिले निर्वाचन जितेर आएको कम्युनिस्टको सरकारलाई अधिनायकवादी भन्नु युक्तिसंगत नभएको बताउनुभयो। प्रतिक्रियावादी शक्तिहरू छिट्टै हड्बडाउँछन्, प्रतिपक्षमा हुनेबित्तिकै आत्तिन्छन्, कांग्रेसमा लोकतान्त्रिक प्रतिपक्षको अनुभव देखिएन, उहाँले भन्नुभयो।

विगतमा कांग्रेसले सरकार चलाउँदा बामपन्थीलाई अनावश्यक रूपमा थुन्ने र शिक्षक कर्मचारीलाई बर्खास्त गरेको स्मरण गर्दै उहाँले लोकतन्त्र ल्याउन कम्युनिस्टहरूले जेलनेल गरेको इतिहास जीवितै रहेको बताउनुभयो।

उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाली कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीले अन्य कार्यसूची नपाएर प्राडा गोविन्द केसीको पुच्छर लाग्नु विडम्बना नै भएको बताउनुभयो।

'दुई तिहाइको समर्थन प्राप्त सरकारलाई काम गर्न नदिन विभिन्न बहानाबाजी र कुतर्क गरिएका छन्, अब कांग्रेसको अस्तित्व समाप्तीको दिशामा पुगेको छ' -प्रचण्डले भन्नुभयो। कांग्रेसलाई प्रश्न गर्दै प्रचण्डले भन्नुभयो- 'के कांग्रेसले डा. केसीलाई मारेर लासको राजनीति गर्न चाहेको हो? यही बुद्धि र तरिका हो भने कांग्रेस अब इतिहासको विषय बन्न धेरै बेर लाग्दैन।'

अध्यक्ष प्रचण्डले नेकपा एकताको अभियान चलाएर दशगुणा शक्ति लिएर आउँदै गरेको बताउँदै संघीय लोकतान्त्रिक गणतन्त्रलाई कांग्रेसले प्राडा केसी अनशनका नाममा मास्न खोजेको हो कि भन्ने आशंका पैदा भएको बताउनुभयो।

पुष्पलालको नेतृत्वमा विसं २००६ वैशाख ९ गते नेकपाको स्थापना भएको थियो। तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी) को एकतापछि एकीकृत पार्टीको आयोजनामा पहिलोपटक पुष्पलाल स्मृति दिवस मनाइएको हो। पुष्पलालको निधन २०३९ साउन ७ गते भएको थियो। पुष्पलालले विश्व कम्युनिस्ट आन्दोलनको घोषणापत्रलाई नेपालीमा अनुवाद गर्नुका साथै सामाजिक न्यायसहितको समाजवादको नीति अघि सार्नुभएको थियो।

## कांग्रेसले माग्यो कानुनमन्त्रीको राजिनामा

काठमाडौं, (नेस)

महिलाहरूको अस्मितामाथि आँच आउने गरी अशोभनीय अभिव्यक्ति दिएको भन्दै नेपाली कांग्रेसले कानुनमन्त्री शेरबहादुर तामाङको राजिनामा माग गरेको छ।

प्रतिनिधि सभाका सचेतक पुष्पा भुषाल गौतम र राष्ट्रिय सभाका प्रमुख सचेतक सरिता प्रसाईंले सोमबार सयुक्त विज्ञप्ति जारी गरी कानुनमन्त्री तामाङको राजिनामा माग गरेका हुन्। कानुनमन्त्री तामाङले गत शुक्रबार प्राक्सिस इन्टरनेसनल स्कुलका माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण विद्यार्थीलाई बधाइ दिने क्रममा बंगलादेशमा मेडिकल शिक्षा अध्ययन गर्न जाने नेपाली छात्राहरूले आफ्नो अस्मिता बेच्नुपर्ने बताउनुभएको थियो। यो अभिव्यक्तिपछि कानुनमन्त्री तामाङको सर्वत्र आलोचना भएपछि उहाँले माफ माग्नुभएको थियो।

'मित्रराष्ट्र बंगलादेशमा चिकित्सा शिक्षा अध्ययन गरिरहेका र अध्ययन गरी फर्केका छात्रा (महिला) को अस्मितामा आँच आउने गरी अशोभनीय अभिव्यक्ति दिने कानुन, न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङको कार्यप्रति हाम्रो गम्भीररूपमा ध्यानाकर्षण भएको छ' -प्रतिनिधि सभाका सचेतक र राष्ट्रिय सभाको प्रमुख सचेतकले जारी गरेको सार्वजनिक वक्तव्यमा भनिएको छ। सार्क क्षेत्रका छिमेकी मित्रराष्ट्र बगलादेशसँग नेपालको निकटतम सम्बन्धमा समेत यस्तो कार्यले प्रतिकूल प्रभाव पार्ने देखिन्छ।

'कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीलाई मन्त्री पदबाट तत्काल बर्खास्त गर्न नेपाल सरकारका प्रधानमन्त्रीसमक्ष हामी जोडदार माग गर्दछौं'- विज्ञप्तिमा भनिएको छ।

# 'सरकार सर्वसत्तावादतिर'

बाँके, (नेस)

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले सरकार सर्वसत्तावादतिर अघि बढेको बताउनुभएको छ।

प्रेस युनियन, बाँकेले सोमबार बिहान नेपालगन्जमा आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै केन्द्रीय सदस्य डा. कोइरालाले कर्णाली स्वास्थ्य प्रतिष्ठानमा अनसन बसेका व्यक्तिलाई जबरजस्ती उठाउने, उपकुलपतिलाई प्रहरीले समातेर प्रधानमन्त्रीसमक्ष लैजाने, ट्रमा सेन्टरमा बिरामी हेरिरहेका व्यक्तिलाई समातेर गृहमन्त्रीसमक्ष पुर्‍याउने, कानुनसम्मत अघिल्लो सरकारले गरेका निर्णयहरू उल्ट्याउने, माइतीघर मण्डलालाई निषेधित क्षेत्र घोषणा गर्ने गतिविधिले सरकार सर्वसत्तावादतिर अघि बढेको देखिएको बताउनुभयो।

'दुई तिहाइको सरकार छ, जे गरे पनि हुन्छ भन्ने सरकारको दम्भ छ। लोकतन्त्रमा एकजनाको भए पनि विरोधीको स्वर सुन्नुपर्छ', डा. कोइरालाले थप्नुभयो- 'यस्तै दम्भ रहे ओलीको हालत पनि अरूको जस्तै हुन्छ।'

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ल्याएको अध्यादेशलाई ओलीको सरकारले अगाडि बढाएकाले त्यसलाई संसद्मा छलफल गराएर पारित गरी विधेयक बनाउँदा डा. केसीको माग सम्बोधन हुने डा. कोइरालाको भनाइ थियो। उहाँले डा. केसीलाई मोहरा बनाएर कांग्रेसले आन्दोलन थालेको कुरा गलत भएको बताउनुभयो।

डा. कोइरालाले सरकारको राम्रो कुराको कांग्रेसले समर्थन गरिरहेको उल्लेख गर्नुभयो। 'ओलीले पानीजहाज, रेल ल्याउँछु भन्नुभएको छ। त्यो छिटो ल्याउनुस् हामीले पनि भनिरहेका छौं', डा. कोइरालाले भन्नुभयो- 'समृद्धि निर्माणमा हामीले सहयोग गर्छौं, आन्दोलनमा जाने हाम्रो रहर होइन।'

डा. कोइरालाले कांग्रेसको वर्तमान नेतृत्व विधि र विधानसम्मत नहिँडेको टिप्पणी गर्नुभयो। 'पार्टीलाई विधि र विधानसम्मत चलाउनुपर्छ भनेर हामीले भनिरहेका छौं', डा. कोइरालाले भन्नुभयो- 'पार्टीलाई तदर्थवादमा चलाउन पाइँदैन।'

नजिकिँदो १४औं महाधिवेशनमा तपाईं पार्टीको सभापतिको उम्मेदवार हो ? भन्ने प्रश्नमा डा. कोइरालाले हाँस्दै अहिले नै त्यो भन्ने बेला नआएको बताउनुभयो।

पत्रकार सम्मेलनमा रहेका अर्का केन्द्रीय सदस्य प्रदीप पौडेलले सरकार यही रवैयाले अघि बढेमा प्रधानमन्त्रीको राजिनामा माग्नुपर्ने बेला आउने चेतावनी दिनुभयो। उहाँले सरकारको पछिल्लो गतिविधिले लोकतन्त्र गुम्ने खतरा रहेको चिन्ता गर्नुभयो।

# 'सानातिना समस्या सहजै हल हुन्छन्'



काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले देशमा आउने सानातिना समस्या सहजै हल हुने बताउनुभएको छ। छिन्नलता गीत पुरस्कार गुठीले आयोजना गरेको कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री ओलीले जनताले आफूलाई देश बनाउने जिम्मेवारी दिएकाले त्यसलाई इमादारिताका साथ पूरा गर्ने बताउनुभयो। 'म कुनै पनि काम पर्दा पछाडि पर्दिन, भ्रष्टाचार गर्दिन, कसैलाई गर्न पनि दिन्न र सबै काम पारदर्शी ढंगले गर्छु' -प्रधानमन्त्री ओलीले भन्नुभयो।

समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य जसरी पनि हासिल गर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। प्रधानमन्त्री ओलीले नेपाली कला र साहित्यले सरकार र आफ्नो व्यक्तिगत तर्फबाट सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

कार्यक्रममा ३६औं छिन्नलता पुरस्कार तथा सम्मानबाट गायक ज्ञानेन्द्र गदाल, वसन्त क्षेत्री, संगिता प्रधान राना, मेलिना चाम्लिङ राई पुरस्कृत हुनुभएको छ। यसै गरी राजनराज शिवाकोटी, शान्ती ठटाल, शिवशंकर थापा र कोमल वली पनि सम्मानित हुनुभएको छ।

## मन्त्री ज्ञवाली युरोप प्रस्थान

काठमाडौं, (नेस)

परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली युरोपका विभिन्न मुलुकको भ्रमणका सिलसिलामा सोमबार राति पोर्चुगल प्रस्थान गर्नुभएको छ। पोर्चुगलका समकक्षी अगस्टो सान्टोस सिल्भाको औपचारिक निमन्त्रणामा उहाँ त्यता प्रस्थान गर्नुभएको हो।

पुर्तगाली समकक्षी सिल्भासँग ज्ञवालीले भोलि बुधबार शिष्टाचार भेटवार्ता गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ।

उहाँले बेल्जियमका उपप्रधान एवं परराष्ट्रमन्त्री डिडाएर रेयान्डर्ससँग बिहीबार भेटवार्ता गर्ने कार्यतालिका तय भएको छ भने त्यहाँ रहेका नेपालीहरूसँग पनि भेटघाट गर्ने बताइएको छ।

मन्त्री ज्ञवालीले ब्रसेल्सस्थित नेपाली दूतावास र एसियाली अध्ययनका निम्ति युरोपेली प्रतिष्ठानले आयोजना गर्ने 'नेपालका प्रमुख राष्ट्रिय एजेन्डा: राजनीतिक उपलब्धिलाई सामाजिक-आर्थिक रूपान्तरणका माध्यमबाट दिगोपना प्रदान' विषयक कार्यक्रमलाई सम्बोधन गर्ने मन्त्रालयले जनाएको छ। आगामी १४ गते लग्जेम्बर्ग पुग्ने मन्त्री ज्ञवालीले त्यहाँका मानवीय मामिला तथा विकास सहायतामन्त्री रोमिन सेन्डेरसँग पनि शिष्टाचार भेटवार्ता गर्दै हुनुहुन्छ।

# मैथुन गराउने शिक्षक पक्राउ

पर्वत, (नेस)

आफ्ना कलिला बालबालिकालाई शिक्षा दिन विद्यालय पठाउँछन् अभिभावकले। भविश्यको बाटो देखाउने र असल चरित्र निर्माणका लागि बालबालिकालाई दीक्षित गर्ने गुरुबाटै बालबालिका चर्को यौन हिंसामा परेका घटना बाहिर आउन थालेका छन्।

पर्वतको फलेबास नगरपालिकामा प्राथमिक तहमा शिक्षा आर्जन गर्न विद्यालय पुगेका साना बालबालिका शिक्षकको यौन हिंसामा परेको खुलासा भएको छ। पर्वत जिल्लाको फलेबास नगरपालिका वडा नम्बर ६ स्थित माझीगाउँ प्राथमिक विद्यालयका प्रधानाध्यापक खिलप्रसाद पौडेल विद्यार्थीलाई अप्राकृतिक मैथुन (जर्बजस्ती करणी) गरेको आरोपमा पक्राउ परेका हुन्।

५१ वर्षीय प्रधानाध्यापक पौडेलले फलेबास नगरपालिका-६ मा रहेको माझीगाउँ प्राविमा अध्ययनरत ७ देखि १२ वर्ष उमेरका ३ जना बालिका र अर्को एक विद्यालयमा अध्ययनरत सोही उमेर समूहकी बालिकालाई पटक-पटक फकाएर अप्राकृतिक मैथुन गराउँदै आएको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। प्रअ पौडेलले करिब १ वर्ष अघिदेखि आफ्नो यौनाङ्ग खेलाउन लगाउने र आफूले पनि बालबालिकाको यौनाङ्ग खेलाइदिने गरेको पीडित बालबालिकाले अभिभावकसँग बताएका थिए।

अभिभावकले उक्त अपराध थाहा पाएपछि आइतबार अभिभावक, शिक्षक र विद्यार्थीका बीचमा विद्यालयमा समेत छलफल भएपछि शिक्षकले गरेको अपराध पुष्टि भएको थियो। अभिभावकले प्रअ पौडेललाई कालोमोसो र जुत्ताको माला लगाउनुका साथै प्रहरी चौकी फलेबासलाई बुझाएका थिए।

अभियुक्त पौडेलका विरुद्ध प्रहरीले अनुसन्धान गरिरहेको छ भने जबरजस्ती करणी (अप्राकृतिक मैथुन) शीर्षकमा मुद्दा दर्ता गरी पर्वत जिल्ला अदालतबाट ५ दिन म्याद थप गरिएको प्रहरी निरीक्षक रवीन्द्र श्रेष्ठले जानकारी दिए।

## नेपाली महिला बन्धक प्रकरण :

# बनारसमा छापा, कोठा सिफ्ट

बाँके, (नेस)

भारतको बनारसमा १ सय ५० बढी नेपाली महिलालाई बन्धक बनाइएको सूचना आएपछि जिल्ला प्रशासन कार्यालय बर्दियाको टोलीले त्यहाँ पुगेर छापा मारेको छ।

बनारसको नथुनी बजारमा नेपाली महिलालाई बन्धक बनाइएको त्यहाँबाट फर्केका २ महिलाले भनेअनुसार जिल्ला प्रशासन कार्यालय, बर्दियाको टोलीले छापा मारेको हो। बर्दिया मधुवन नगरपालिकाकी २८ र ३२ वर्षका महिलालाई ११ दिनपछि दलालले फिर्ता पठाएका थिए। यी महिलाका घरपरिवारले उद्धारका लागि प्रहरी र माइती नेपालमा निवेदन दिएपछि दलालले यिनीहरूलाई उक्त निवेदन फिर्ता लिन भन्दै घर पठाइदिएका थिए।

नथुनी बजारको हनुमान मन्दिर नजिक नेपाली महिलालाई बन्धक बनाएर राखिएको दुई महिलाको भनाइ र माइती नेपालका साझेदार भारतका राजीव सिंहको टोलीले केही दिनदेखि 'रेकी' गरेको घरमा जिल्ला प्रशासन कार्यालय, बर्दियाका प्रशासकीय अधिकृत अर्जुन सुवेदी, डिएसपी युवराज खड्काको टोलीले भारतीय प्रहरीको सहयोग लिएर छापा हानेका थिए।

दलालले नेपाली महिलालाई बीजीपीका युवा नेता पप्पु भन्ने जयसिंहको घरमा बन्धक बनाएर राखेका थिए। नेपाली र भारतीय प्रहरी टोलीले त्यहाँ छापा मार्दा नेपाली महिलालाई अन्तै सारिसकेको पाइएको छ।

बर्दियाका प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङले नेपाली महिलालाई बन्धक बनाइएको घर पत्ता लगाएर छापा मार्दा उनीहरूलाई अन्यत्र स्थानान्तरण गरिसकेकाले फेला पार्न नसकेको बताए। 'हाम्रो टोलीले घरबेटीलाई समातेर अनुसन्धान प्रक्रिया अघि बढाएको छ' -प्रजिअ कुरुम्बाङले भने।

११ दिनदेखि सँगै राखिएका २ महिलालाई घर फिर्ता गरेपछि दलालले नथुनी बजारबाट कोठा सारेको पाइएको छ। महिलाको भनाइअनुसार माइती नेपालसम्बद्ध 'सट्सेक' का सदस्य राजीव सिंहको टोलीले केही दिनदेखि नै रेकी गरिरहेको थियो।

## मोरङ प्रशासनले बाढीपीडितको रकम रोक्यो

# पीडितद्वारा स्थानीय प्रशासन घेराउ

**नेपाल समाचारपत्र**

विराटनगर

स्थानीय प्रशासनले एक आर्थिक वर्षको रकम अर्को आर्थिक वर्षमा वितरण गर्न नमिल्ने भनी वितरणमा रोक लगाएपछि मोरङका बाढीपीडित आन्दोलनमा उत्रिएका छन्।

बाढी गएको १ वर्ष बित्न लाग्दासमेत राहत नपाएपछि मोरङका बाढीपीडितमा आक्रोस बढ्दै गएको छ। राहत नपाएका बाढीपीडितले स्थानीय निकाय घेराउ र तालाबन्दीलगायतका कार्यक्रम गरिरहेका छन्।

राहत नपाएको भन्दै कटहरी गाउँपालिकाका बाढीपीडितले सोमबार दिउँसो गाउँपालिका परिसरमा धर्ना दिए। कटहरी गाउँपालिकाका विभिन्न वडाबाट आएका सयौं संख्याका बाढीपीडितले गाउँपालिका परिसरमा जम्मा भएर राहत नपाएको भन्दै आक्रोश व्यक्त गरे।

उनीहरू गाउँपालिका प्रमुख रामकुमार कामतको कार्यकक्ष अगाडि उभिएर राहत नपाएको भन्दै आक्रोश व्यक्त गरे। विभिन्न कारण देखाउँदै राहत उपलब्ध नगराइएका कारण आफूहरूको बिजोग भएको बाढीपीडितले गुनासो गरेका छन्। कटहरी गाउँपालिका-२ की रजनी देवीले अहिलेसम्म राहतको नाममा जम्मा २ हजार पाएको दाबी गर्नुभयो।

सयौंको संख्यामा जम्मा भएका बाढीपीडितले गाउँपालिका परिसरमा होहल्लासमेत गरेका थिए। बाढीपीडितका प्रतिनिधिले सो विषयमा गाउँपालिका प्रमुख कामतसमक्ष गुनासो पोखेका थिए। सो विषयमा जानकारी दिनुहुँदै गाउँपालिका प्रमुख कामतले कटहरी गाउँपालिकामा १ हजार ५ सय १७ जना बाढीपीडित भएकामा राहतका लागि ३ करोड ७९ लाख २५ हजार रकम आएको बताउनुभयो। तर पछिल्लो समय जिल्ला प्रशासन कार्यालयले राहत वितरण नगर्न पत्र पठाएपछि रकम वितरण गर्न नसकिएको जानकारी दिनुभयो।

जिल्ला प्रशासनको आदेशले राहत वितरण हुन नसकेको जानकारी पाएका बाढीपीडित त्यसपछि भने जिल्ला प्रशासन कार्यालयतर्फ गएका थिए। राहत नपाएको विषयमा उनीहरूले मोरङका प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यसमक्ष गुनासो पोखेका थिए।

सो क्रममा बाढीपीडितले राहत पाउनुको साटो आफूहरूलाई दुःख दिने काम मात्र भएको गुनासो गरेका थिए। केही दिनअघि मात्र विराटनगर महानगरपालिकाको वडानम्बर २ का बाढीपीडितले समेत राहत नपाएको भन्दै महानगरपालिकाको सभाकक्षमा होहल्ला गरेका थिए।

उनीहरूले महानगर उपप्रमुख इन्दिरा कार्कीलाई भेटेर तत्काल राहत उपलब्ध गराउन माग गर्दै नदिए तालाबन्दी गर्ने चेतावनीसमेत दिएका थिए।

बाढीपीडितले राहत नपाएको विषयमा प्रतिक्रिया दिनुहुँदै प्रमुख जिल्ला अधिकारी आचार्यले एक आर्थिक वर्षको रकम अर्को आर्थिक वर्षमा वितरण गर्न नमिल्ने भएकाले रोक लगाइएको जानकारी दिनुभयो। उहाँले रकम आएर महिनौंसम्म बसे पनि असार मसान्तअगाडि वितरण नगरिएकाले समस्या सृजना भएको प्रतिक्रिया दिनुभयो।

### अब...

तर यो सम्झौतापश्चात् भने ५ प्रतिशतमा झारिएको छ।

मजदुर संगठनमा आबद्ध एक नेताले भने वार्षिक ग्रेडसमेत घटुवा गर्ने सम्झौता मजदुरको हितविपरीत भएको बताए। उनले भने- 'मजदुरको हकअधिकारका लागि खुलेका संगठनका नेताहरू रातारात धनी बन्न मजदुरकै हितविपरीत निर्णय गर्दै हिँडेका छन्।'

अखिल नेपाल होटल क्यासिनो तथा रेस्टुराँ मजदुर संघका अध्यक्ष तथा तत्कालीन माओवादी केन्द्र तथा हाल नेकपा निकट माधव पाण्डेले मजदुरको हकहितलाई ध्यानमा राखेर सम्झौता गरिएको बताउनुभयो। उहाँले भन्नुभयो- 'सम्झौताले मजदुरको हकअधिकार खोसेको छैन, मजदुरकै हितमा छ।'

सम्झौतामा हानका तर्फबाट अमरमान शाक्य, सिर्जना राणा, विनायक शाहलगायतले हस्ताक्षर गरेका छन्। मजदुर संगठनका तर्फबाट तत्कालीन नेकपा एमाले तथा हाल नेकपा निकट नेपाल स्वतन्त्र होटेल क्यासिनो तथा रेस्टुरेन्ट मजदुर युनियन (नेस्वहोमयु) का अध्यक्ष सूर्यबहादुर कुँवर, नेपाल पर्यटन होटल सम्बद्ध श्रमिक संघका अध्यक्ष खेमराज ढकाल, अखिल नेपाल होटल क्यासिनो तथा रेस्टुराँ मजदुर संघका अध्यक्ष तथा तत्कालीन माओवादी केन्द्र तथा हाल नेकपा निकट माधव पाण्डेले हस्ताक्षर गरेका छन्।

पूर्व एमाले निकट जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले मजदुरको हकहितलाई नै ध्यानमा राखेर सम्झौता गरिएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'नियम कानुनअनुसार नै सम्झौता गरिएको छ, यो सम्झौता मजदुरकै हितमा छ।'

नेपाल टेड्र युनियनका अध्यक्ष पुष्कर आचार्यले मजदुरको हितविपरीत भएको सम्झौता आफूहरूलाई स्वीकार्य नभएको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'मजदुरको हकहितविपरीत हुने सम्झौता हामीलाई मान्य छैन, मजदुरको वैधानिक अधिकार खोज्ने निर्णय हामी मान्दैनौं।'

### आमाको...

ग्लुकोजको मात्रा घटेपछि गम्भीर असर ब्रेनमा देखिने चिकित्सकहरू बताउँछन्।

जुम्लामा रहँदै घटेको पोटासियम, म्याग्नेजियम र क्याल्सियमको मात्रा अझै बढ्न सकेको छैन। उपचारमा संलग्न चिकित्सकहरूका अनुसार, यही अवस्था रहे डा. केसीको मुटु जुनसुकै बेला पनि बन्द हुनसक्छ। यति कम पोटासियममा पनि किन ईसीजीमा परिवर्तन देखिएन भनेर चिकित्सकहरू छलफलमा जुटेका छन्। अब ईसीजीमा परिवर्तन आयो भने डा. केसीलाई सीसीयूमै राखेर उपचार गर्नुपर्ने चिकित्सकहरूले बताइसकेका छन्।

रगतमा अक्सिजनको मात्रा निरन्तर घटिरहेको छ। एकैछिन पनि अक्सिजन नलगाउँदा उहाँलाइ निकै अप्ठ्यारो हुन्छ, कहिलेकाहीं त हप्याक-हप्याक नै हुने गरेको छ। अक्सिजन कम भएसँगै छाती पनि बेस्सरी दुख्ने गरेको छ। डा. केसीसँग चौबिसै घन्टा साथ रहँदै आउनुभएका उहाँको भाइ किशोर केसीले जानकारी गराउनुभएको छ। केही दिनदेखि वाकवाकी लाग्ने समस्याले पनि डा. केसीलाई आक्रान्त बनाएको छ।

२४ दिन लामो सत्याग्रहका कारण शक्तिहिन बन्नुभएको डा. केसी दोहोरो संवाद पनि गर्न नसक्ने अवस्थामा पुग्नुभएको छ।

### छोराको...

उहाँमाथि परेको उजुरीमाथि सोमबारदेखि नै छानबिन शुरू भएको जनाइएको छ। सचिवालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयबाट उजुरी सकंलन गर्ने व्यवस्था मिलाएको थियो। संसदीय सुनुवाइ विशेष समितिले अनुमोदन गरेपछि जोशी प्रधानन्यायाधीश बन्नुहुनेछ।

संसदीय सुनुवाइ समितिमा प्रतिनिधि सभाका सांसद पार्वत गुरुङ, पुष्पा भुसाल, पूर्णकुमारी सुवेदी, अमृता थापा, निरुदेवी पाल, भीमसेनदास प्रधान, योगेश भट्टराई, राजेन्द्र श्रेष्ठ, लक्ष्मणलाल कर्ण, शिवकुमार मण्डल केवट, सुरेन्द्र पाण्डे र ज्ञानेन्द्रबहादुर कार्की तथा राष्ट्रियसभाका सांसद सुमनराज प्याकुरेल, नन्दा चपाईं र जितेन्द्रनारायण देव रहनुभएको छ।

### राजधानीमा...

यसअघि गएको जेठ २२ मा ५१ लाख रुपियाँ नगद र करिब ३ करोड रुपियाँको चेकबराबर रकमसहित ७ जनालाई पक्राउ गरेको थियो। त्यस्तै असार २० गते २० लाख रुपियाँ नगद, २३ गते १० लाख रुपियाँ नगदसहित छुट्टाछुट्टै व्यक्तिलाई पक्राउ गरेको थियो।

### मेट्रो...

बोर्डले ३० दिनको म्याद राखी त्यस अवधिभित्र इच्छुक कम्पनीलाई आशयपत्र प्रस्ताव पेस गर्ने गरी बोलपत्र आह्वान गरेको हो। यस्तै बोर्डको छनोटमा पर्ने कम्पनीलाई चाँडै मेट्रो रेल निर्माणका लागि काम गरेको अनुभव, आर्थिक अवस्थालगायतका समग्र पक्ष समेटिएको प्रस्ताव पेश गर्न लगाउने र त्यसपछि अन्तिम छनोट गर्ने योजना बोर्डले जनाएको छ। बोर्डले आगामी ४ वर्षभित्र मेट्रो रेल चलाउने तयारी गरेको छ।

# अर्थ

2018, JUL
Tuesday
24

‘नेपालमा निजी व्यापारीले त चिनी खरिद गरेनन् नै सरकारी लगानी रहेको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले पनि चिनी खरिद गर्न मानेको छैन। ट्रेडिङले अहिले १० हजार मेट्रिक टन चिनी खरिद गर्न चाहे पनि महँगो भएको भन्दै खरिद गरेको छैन।’

# भारत र पाकिस्तानको चिनीले स्वदेशी उद्योगलाई समस्या



**नेपाल समाचारपत्र**

काठमाडौं

भारतलगायत तेस्रो मुलुकबाट ठूलो परिणाममा चिनी आयात हुँदा मुलुकभित्रको आफ्नो बजार प्रभावित भएको बताएका छन्। आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा चिनी उद्योगीहरूले स्वदेशी मागअनुसारको चिनी विदेशबाटै आयात हुन थालेपछि आफूहरू मर्कामा परेको बताएका हुन्।

‘स्वदेशमा माग भएकै अनुपातमा विदेशबाट सस्तो मूल्यमा चिनी आयात भएको छ। सरकारले आयातित चिनीमा ३० प्रतिशत कर लगाए पनि भारत, पाकिस्तानलगायत मुलुकमा चिनी निर्यातमा दिइएको छुटका कारण हामीले उत्पादन गरेको भन्दा सस्तो मूल्यमा नै चिनी आयात हुन्छ।’ नेपाल चिनी उत्पादक संघका अध्यक्ष शशिकान्त अग्रवालले भन्नुभयो। उहाँका अनुसार पाकिस्तानबाट निर्यात हुने चिनीमा प्रतिकिलो ७ रुपियाँ ८० पैसाका दरले सहुलियत दिएको छ भने किसानलाई पनि उत्पादनमा सहुलियत दिइएको छ।

जसका कारण आयातित चिनी मुलुकभित्रै उत्पादित चिनीभन्दा सस्तो पर्ने गरेको छ। गत वैशाखमा सरकारले आयातित चिनीमा शतप्रतिशत कर बढाएर ३० प्रतिशतसम्म पुर्‍याए पनि उक्त दर ५० प्रतिशत हुनुपर्नेसमेत उद्योगीहरूले माग राखेका छन्। वार्षिक २ लाख ५० हजार मेट्रिकटन चिनीको माग रहेको नेपाली बजारमा करिब १ लाख ८० हजार मेट्रिक टन चिनी स्वदेशी उद्योगले उत्पादन गर्दै आएका छन्। तर, विदेशबाट आयात गरिने चिनी सस्तो भएका कारण आफूहरूले उत्पादन गरेको चिनी बिक्री नभएर गोदाममै थन्काउनु परेको उद्योगीहरूको भनाइ छ।

नेपाली चिनी उद्योगीहरूसँग हाल १ लाख २४ हजार मेट्रिकटन चिनी मौज्दात रहेको छ भने उनीहरूले करिब ५४ हजार मेट्रिकटन मात्र बिक्री गरेको छन्। आयातित चिनी सस्तो पाएका कारण निजी क्षेत्रका व्यवसायीहरूले स्वदेशमा उत्पादित चिनी नकिनेको र साल्ट ट्रेडिङले समेत विदेशी चिनी खरिद गरेको चिनी उद्योगीहरूले आरोपसमेत लगाएका छन्। संघका उपाध्यक्ष राजकुमार अग्रवालले भन्नुभयो-‘नेपालमा निजी व्यापारीले त चिनी खरिद गरेनन् नै सरकारी लगानी रहेको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले पनि चिनी खरिद गर्न मानेको छैन। ट्रेडिङले अहिले १० हजार मेट्रिक टन चिनी खरिद गर्न चाहे पनि महँगो भएको भन्दै खरिद गरेको छैन।’ उद्योगीहरूले ६२ रुपियाँ प्रतिकिलोमा साल्ट ट्रेडिङलाई चिनी बेच्न तयार भए पनि आयातित चिनीभन्दा धेरै महँगो भएका कारण खरिद नगरेको अग्रवालको भनाइ छ।

# मापदण्ड उल्लंघन गर्ने उद्योग कारबाहीमा

काठमाडौं, (नेस)

वातावरणीय मापदण्ड उल्लंघन गरेका करिब ५ दर्जन उद्योग र कलकारखाना कारबाहीमा परेका छन्। वातावरण विभागले विभिन्न ४८ उद्योगलाई बयान लिएर सुधारको समय सीमा तोकेको छ भने अन्य कारबाहीमा परेका छन्।

काठमाडौंको बालाजुस्थित काठमाडौं दुग्ध वितरण आयोजना र विष्णु टेक्सटाइल प्रालि, हारती एग्रिगेट इण्ड्रजष्टिज प्रालि तनहुँ, कमला रोलिङ मिल्स प्रालि मोरङलाई विभागले कारबाही गरेको हो। श्रीकृष्ण आयल रिफाइनरी एन्ड भेजिटेबल प्रालि बारा र युनाइटेड ब्रुअरी नेपाल प्रालि हेटौंडालगायतलाई जरिवाना र वातावरण मापदण्ड उल्लंघन गरेकोमा कारबाही गरिएको विभागका महानिर्देशक दुर्गाप्रसाद दवाडीले जानकारी दिनुभयो।

‘विभिन्न ७/८ वटा उद्योगलाई जनही ५० हजार रुपियाँ जरिवाना गर्दै उल्लंघन भएको मापदण्ड सुधार गर्न समय सीमा तोकेका छौं,’ उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो। कारबाहीका लागि सम्बन्धित मन्त्रालयलाई समेत पत्राचार गरिएकाले मापदण्ड बाहिर रहने, जरिवाना नतिर्ने जुनसुकै उद्योग ढिलो छिटो कानुनी दायरमा आउने उहाँको भनाइ छ। वातावरण संरक्षण ऐन २०५३ को दफा १८ (२) मा वातावरणीय मापदण्ड उल्लंघन गर्ने उद्योग कलकारखानालाई अधिकतम् ५० हजार रुपियाँ जरिवाना गर्न सक्ने प्रावधान रहेको छ।

ऐन समय सापेक्ष नहुँदा दण्ड, सजाय र जरिवाना केही हदसम्म प्रभावकारी फितलो बन्ने गरेको वातावरणविद्हरू बताउँछन्। आर्थिक वर्ष २०७४/७५को अन्त्यसम्ममा १ सय ४० उद्योग प्रतिष्ठानको वातावरणीय पक्ष अनुगमन गरिएको विभागका वातावरण निरीक्षक राजेश्वर पौडेलले जानकारी दिनुभयो। विभिन्न ४८ उद्योगलाई ३ महिनादेखि १ वर्षको समय सीमा तोकेर वातावरणीय मापदण्ड सुधार्न ध्यानाकर्षण गराइएको उहाँले बताउनुभयो।

हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| सिमरा, बिरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०।१० | ८७।१० | ९०।१० | ९०।१० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

नोट : उपरोक्त मूल्यमा १।५० रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन ८, जुलाई २४, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रु. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रु. | १०९।८८ | ११०।४८ |
| युरो १ को रु. | १२८।७१ | १२९।४१ |
| पाउन्ड स्टर्लिङ १ को रु. | १४४।३७ | १४५।१६ |
| स्विस फ्रन्क १ को रु. | ११०।८५ | १११।४५ |
| अस्ट्रेलियन डलर १ को रु. | ८१।३८ | ८१।८२ |
| क्यानाडियन डलर १ को रु. | ८३।६२ | ८४।०७ |
| सिङ्गापुर डलर १ को रु. | ८०।५८ | ८१।०२ |
| जापानी यन १० को रु. | ९।८९ | ९।९४ |
| चिनियाँ युआन १ को रु. | १६।१८ | १६।२७ |
| साउदी अरब रियाल १ को रु. | २९।३० | २९।४६ |
| कतारी रियाल १ को रु. | ३०।१८ | ३०।३४ |
| थाई भाट १ को रु. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रु. | २९।९१ | ३०।०८ |
| मलसियन रिङ्गिट १ को रु. | २७।०४ | २७।१९ |
| दक्षिण कोरियन वन १०० को रु. | ९।६९ | ९।७४ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रु. | १२।४३ |
| डेनिस क्रोनर १ का रु. | १७।२७ |
| हङकङ डलर १ का रु. | १४।०० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।




# SHARE MARKET

**23 JULY MONDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 3905.00 | 317.00 | 313.00 | 313.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 194.00 | 280.00 | 275.00 | 277.00 | 2.00 |
| 3 | Arun Kabeli Power Ltd. | 896.00 | 257.00 | 253.00 | 257.00 | 5.00 |
| 4 | Arun Valley Hydropower Dev.Co. Ltd. | 12904.00 | 143.00 | 138.00 | 142.00 | 4.00 |
| 5 | Asian Life Insurance Co. Limited | 1402.00 | 638.00 | 630.00 | 633.00 | 3.00 |
| 6 | Bank of Kathmandu Ltd. | 9248.00 | 263.00 | 258.00 | 258.00 | 0.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 2541.00 | 144.00 | 138.00 | 144.00 | 2.00 |
| 8 | Best Finance Company Ltd. | 21006.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 100.00 | 125.00 | 125.00 | 125.00 | -1.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 20.00 | 5610.00 | 5500.00 | 5610.00 | 160.00 |
| 11 | Butwal Power Company Limited | 770.00 | 445.00 | 433.00 | 437.00 | 2.00 |
| 12 | Central Finance Co. Ltd. | 60.00 | 118.00 | 116.00 | 116.00 | -1.00 |
| 13 | Century Commercial Bank Ltd. | 15420.00 | 167.00 | 164.00 | 167.00 | 1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1864.00 | 865.00 | 830.00 | 865.00 | 25.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 81.00 | 131.00 | 128.00 | 129.00 | 2.00 |
| 16 | Chilime Hydropower Company Limited | 3451.00 | 750.00 | 731.00 | 750.00 | 12.00 |
| 17 | Citizen Bank International Limited | 10918.00 | 228.00 | 224.00 | 228.00 | 4.00 |
| 18 | Citizen Investment Trust | 1147.00 | 2430.00 | 2384.00 | 2427.00 | 21.00 |
| 19 | Civil Bank Ltd | 11215.00 | 150.00 | 147.00 | 149.00 | 1.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 66.00 | 730.00 | 715.00 | 730.00 | 0.00 |
| 21 | Corporate Development Bank Limited | 110.00 | 103.00 | 103.00 | 103.00 | 2.00 |
| 22 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 1843.00 | 724.00 | 710.00 | 724.00 | 14.00 |
| 23 | Deva Bikas Bank Limited | 8038.00 | 129.00 | 124.00 | 128.00 | 3.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 752.00 | 104.00 | 103.00 | 103.00 | -2.00 |
| 25 | Everest Bank Limited | 4310.00 | 671.00 | 662.00 | 666.00 | -1.00 |
| 26 | Everest Bank Limited Con. Pref. | 67.00 | 640.00 | 616.00 | 616.00 | 0.00 |
| 27 | Everest Insurance Co. Ltd. | 268.00 | 1336.00 | 1285.00 | 1336.00 | 51.00 |
| 28 | Excel Development Bank Ltd. | 1100.00 | 323.00 | 317.00 | 323.00 | 3.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 1903.00 | 525.00 | 510.00 | 520.00 | 10.00 |
| 30 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 1436.00 | 2135.00 | 2080.00 | 2135.00 | 50.00 |
| 31 | Gandaki Bikas Bank Limited | 3431.00 | 191.00 | 185.00 | 191.00 | 2.00 |
| 32 | Garima Bikas Bank Limited | 1208.00 | 176.00 | 170.00 | 176.00 | 6.00 |
| 33 | Global IME Bank Limited | 19973.00 | 287.00 | 284.00 | 287.00 | 2.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 88.00 | 1177.00 | 1154.00 | 1177.00 | 3.00 |
| 35 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 3209.00 | 599.00 | 575.00 | 589.00 | 6.00 |
| 36 | Green Development Bank Ltd. | 30.00 | 141.00 | 140.00 | 141.00 | 1.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 1356.00 | 860.00 | 830.00 | 860.00 | 25.00 |
| 38 | Gurkhas Finance Ltd. | 920.00 | 108.00 | 106.00 | 106.00 | -4.00 |
| 39 | Hathway Finance Company Limited | 80.00 | 124.00 | 124.00 | 124.00 | -2.00 |
| 40 | Himalayan Bank Limited | 250.00 | 559.00 | 525.00 | 559.00 | 33.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 1399.00 | 442.00 | 430.00 | 437.00 | 7.00 |
| 42 | Himalayan Power Partner Ltd. | 210.00 | 276.00 | 270.00 | 274.00 | 0.00 |
| 43 | ICFC Finance Limited | 7250.00 | 171.00 | 168.00 | 168.00 | 0.00 |
| 44 | IME General Insurance Ltd. | 50.00 | 859.00 | 859.00 | 859.00 | 16.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 34091.00 | 170.00 | 155.00 | 170.00 | 12.00 |
| 46 | Janaki Finance Ltd. | 1046.00 | 172.00 | 166.00 | 170.00 | 1.00 |
| 47 | Janata Bank Nepal Ltd. | 15750.00 | 156.00 | 152.00 | 155.00 | 1.00 |
| 48 | Janautthan Samudayic Lag. Bikas Bank Ltd. | 11.00 | 2870.00 | 2870.00 | 2870.00 | 3.00 |
| 49 | Jebils Finance Ltd. | 2300.00 | 102.00 | 100.00 | 100.00 | -1.00 |
| 50 | Jyoti Bikas Bank Limited | 1289.00 | 140.00 | 137.00 | 140.00 | 1.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 577.00 | 224.00 | 222.00 | 224.00 | 3.00 |
| 52 | Kalika Microcredit Development Bank Ltd. | 416.00 | 1358.00 | 1312.00 | 1350.00 | 16.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 1845.00 | 140.00 | 137.00 | 140.00 | 2.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 1.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 55 | Karnali Development Bank Limited | 205.00 | 107.00 | 106.00 | 106.00 | -3.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 124.00 | 109.00 | 105.00 | 109.00 | 0.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 36.00 | 1600.00 | 1599.00 | 1600.00 | 31.00 |
| 58 | Kumari Bank Limited | 6133.00 | 197.00 | 193.00 | 195.00 | 0.00 |
| 59 | Laxmi Bank Limited | 1293.00 | 257.00 | 252.00 | 257.00 | 4.00 |
| 60 | Laxmi Equity Fund | 13000.00 | 8.10 | 7.90 | 8.00 | 0.06 |
| 61 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 260.00 | 1070.00 | 1050.00 | 1070.00 | 29.00 |
| 62 | Laxmi Value Fund-1 | 19000.00 | 10.61 | 10.42 | 10.42 | 0.02 |
| 63 | Life Insurance Co. Nepal | 144.00 | 1581.00 | 1573.00 | 1581.00 | 9.00 |
| 64 | Lumbini Bikas Bank Ltd. | 6140.00 | 148.00 | 144.00 | 148.00 | 0.00 |
| 65 | Lumbini General Insurance Co. Ltd. | 1438.00 | 540.00 | 527.00 | 540.00 | 16.00 |
| 66 | Machhapuchhre Bank Limited | 2015.00 | 208.00 | 206.00 | 207.00 | 2.00 |
| 67 | Mahalaxmi Bikas Bank Ltd. | 3852.00 | 177.00 | 174.00 | 175.00 | 2.00 |
| 68 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 21.00 | 679.00 | 679.00 | 679.00 | 13.00 |
| 69 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 175.00 | 2601.00 | 2515.00 | 2601.00 | 51.00 |
| 70 | Mega Bank Nepal Ltd. | 25948.00 | 163.00 | 159.00 | 163.00 | 5.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 208.00 | 1060.00 | 1035.00 | 1060.00 | 25.00 |
| 72 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd. | 400.00 | 1499.00 | 1490.00 | 1499.00 | 9.00 |
| 73 | Miteri Development Bank Limited | 1128.00 | 280.00 | 275.00 | 280.00 | 5.00 |
| 74 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 80.00 | 970.00 | 970.00 | 970.00 | 19.00 |
| 75 | Muktinath Bikas Bank Ltd. | 2805.00 | 380.00 | 372.00 | 380.00 | 8.00 |
| 76 | Nabil Bank Limited | 11306.00 | 900.00 | 898.00 | 900.00 | 0.00 |
| 77 | NABIL Bank Limited Promotor Share | 2485.00 | 700.00 | 698.00 | 699.00 | 2.00 |
| 78 | Nabil Equity Fund | 12656.00 | 9.17 | 9.15 | 9.17 | -0.18 |
| 79 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 443.00 | 1225.00 | 1177.00 | 1225.00 | 24.00 |
| 80 | National Hydro Power Company Limited | 550.00 | 86.00 | 85.00 | 85.00 | 0.00 |
| 81 | National Life Insurance Co. Ltd. | 520.00 | 768.00 | 760.00 | 768.00 | 9.00 |
| 82 | National Microfinance Bittiya Sanstha Ltd. | 284.00 | 2205.00 | 2120.00 | 2205.00 | 87.00 |
| 83 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 2313.00 | 671.00 | 622.00 | 671.00 | 61.00 |
| 84 | Neco Insurance Co. Ltd. | 2653.00 | 535.00 | 507.00 | 525.00 | 10.00 |
| 85 | Nepal Bangladesh Bank Limited | 17335.00 | 208.00 | 206.00 | 206.00 | -1.00 |
| 86 | Nepal Bank Limited | 28941.00 | 290.00 | 283.00 | 290.00 | 9.00 |
| 87 | Nepal Credit And Commercial Bank Ltd. | 7973.00 | 239.00 | 231.00 | 235.00 | 0.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 1590.00 | 733.00 | 718.00 | 723.00 | 4.00 |
| 89 | Nepal Insurance Co. Ltd. | 7919.00 | 562.00 | 542.00 | 551.00 | 0.00 |
| 90 | Nepal Investment Bank Limited | 25956.00 | 621.00 | 617.00 | 617.00 | -5.00 |
| 91 | Nepal Investment Bank Ltd. Pro. Share | 15678.00 | 553.00 | 547.00 | 550.00 | -3.00 |
| 92 | Nepal Life Insurance Co. Ltd. | 3861.00 | 1020.00 | 1008.00 | 1016.00 | 1.00 |
| 93 | Nepal SBI Bank Limited | 1610.00 | 505.00 | 495.00 | 496.00 | 0.00 |
| 94 | Nerude Laghubita Bikas Bank Limited | 1985.00 | 627.00 | 608.00 | 627.00 | 19.00 |
| 95 | Ngadi Group Power Ltd. | 282.00 | 167.00 | 160.00 | 167.00 | 4.00 |
| 96 | NIBL Pragati Fund | 3278.00 | 8.69 | 8.55 | 8.69 | 0.17 |
| 97 | NIBL Samriddhi Fund 1 | 69554.00 | 10.45 | 10.40 | 10.45 | 0.10 |
| 98 | NIC Asia Bank Ltd. | 951.00 | 311.00 | 308.00 | 311.00 | 1.00 |
| 99 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 1271.00 | 1001.00 | 985.00 | 993.00 | 11.00 |
| 100 | NLG Insurance Company Ltd. | 1327.00 | 870.00 | 851.00 | 870.00 | 7.00 |
| 101 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1033.00 | 1554.00 | 1500.00 | 1554.00 | 54.00 |
| 102 | NMB Bank Limited | 8746.00 | 357.00 | 352.00 | 354.00 | 0.00 |
| 103 | NMB Hybrid Fund L-1 | 6500.00 | 9.55 | 9.36 | 9.36 | -0.04 |
| 104 | NMB Sulav Investment Fund-1 | 2000.00 | 11.65 | 11.65 | 11.65 | 0.05 |
| 105 | Om Development Bank Ltd. | 2259.00 | 174.00 | 172.00 | 174.00 | 2.00 |
| 106 | Oriental Hotels Limited | 3270.00 | 510.00 | 500.00 | 500.00 | 0.00 |
| 107 | Pokhara Finance Ltd. | 3756.00 | 140.00 | 136.00 | 140.00 | 2.00 |
| 108 | Prabhu Bank Limited | 6265.00 | 189.00 | 182.00 | 186.00 | 4.00 |
| 109 | Prabhu Insurance Ltd. | 6236.00 | 515.00 | 505.00 | 515.00 | 13.00 |
| 110 | Premier Insurance Co. Ltd. | 1864.00 | 1080.00 | 1046.00 | 1080.00 | 21.00 |
| 111 | Prime Commercial Bank Ltd. | 4951.00 | 290.00 | 283.00 | 284.00 | 1.00 |
| 112 | Prime Life Insurance Company Limited | 3516.00 | 535.00 | 516.00 | 530.00 | 14.00 |
| 113 | ProgressiveFinance Limited | 210.00 | 143.00 | 142.00 | 142.00 | 1.00 |
| 114 | Prudential Insurance Co. Ltd. | 2851.00 | 755.00 | 735.00 | 750.00 | 0.00 |
| 115 | Purnima Bikas Bank Ltd. | 11.00 | 166.00 | 166.00 | 166.00 | 1.00 |
| 116 | Radhi Bidyut Company Ltd | 840.00 | 236.00 | 227.00 | 232.00 | 0.00 |
| 117 | Rairang Hydropower Dev. Company Ltd. | 8373.00 | 156.00 | 145.00 | 151.00 | 5.00 |
| 118 | Rastriya Beema Company Limited | 601.00 | 10700.00 | 10400.00 | 10699.00 | 299.00 |
| 119 | Rastriya Beema Co. Limited Pro. Share | 90.00 | 9850.00 | 9700.00 | 9850.00 | 150.00 |
| 120 | Reliance Finance Ltd. | 2151.00 | 125.00 | 121.00 | 125.00 | 6.00 |
| 121 | Ridi Hydropower Development Co. Ltd. | 81.00 | 120.00 | 119.00 | 120.00 | -1.00 |
| 122 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 396.00 | 655.00 | 621.00 | 655.00 | 24.00 |
| 123 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 924.00 | 530.00 | 520.00 | 530.00 | 9.00 |
| 124 | Sagarmatha Insurance Co. Ltd. | 455.00 | 1328.00 | 1295.00 | 1328.00 | 26.00 |
| 125 | Sahayogi Bikas Bank Limited | 347.00 | 189.00 | 187.00 | 187.00 | -5.00 |
| 126 | Samata Microfinance Bittiya Sanstha Ltd. | 272.00 | 1315.00 | 1306.00 | 1315.00 | 11.00 |
| 127 | Sana Kisan Bikas Bank Ltd | 3204.00 | 1124.00 | 1071.00 | 1124.00 | 54.00 |
| 128 | Sanima Bank Limited | 11435.00 | 321.00 | 316.00 | 316.00 | 1.00 |
| 129 | Sanima Equity Fund | 1000.00 | 9.37 | 9.37 | 9.37 | -0.19 |
| 130 | Sanima Mai Hydropower Ltd. | 6206.00 | 325.00 | 319.00 | 321.00 | 5.00 |
| 131 | Saptakoshi Development Bank Ltd. | 39.00 | 116.00 | 116.00 | 116.00 | 2.00 |
| 132 | Shangrila Development Bank Ltd. | 1705.00 | 149.00 | 147.00 | 147.00 | 0.00 |
| 133 | Shikhar Insurance Co. Ltd. | 324.00 | 941.00 | 900.00 | 941.00 | 25.00 |
| 134 | Shine Resunga Development Bank Ltd. | 643.00 | 276.00 | 267.00 | 276.00 | 6.00 |
| 135 | Shrijana Finance (Bittaya Sanstha) | 20.00 | 260.00 | 255.00 | 260.00 | 10.00 |
| 136 | Siddhartha Bank Limited | 7196.00 | 300.00 | 298.00 | 300.00 | 6.00 |
| 137 | Siddhartha Equity Fund | 31000.00 | 9.21 | 9.00 | 9.00 | -0.40 |
| 138 | Siddhartha Equity Orineted Scheme | 1900.00 | 11.41 | 11.40 | 11.40 | 0.21 |
| 139 | Siddhartha Insurance Ltd. | 3198.00 | 682.00 | 659.00 | 682.00 | 25.00 |
| 140 | Standard Chartered Bank Limited | 2043.00 | 750.00 | 745.00 | 748.00 | 1.00 |
| 141 | Summit Micro Finance Dev. Bank Ltd. | 380.00 | 936.00 | 918.00 | 920.00 | 20.00 |
| 142 | Sunrise Bank Limited | 4533.00 | 222.00 | 218.00 | 222.00 | 4.00 |

Total Amount Rs. 191,699,649 Total Quantity 673,053 Total No of Transactions 2,912

२०७५, साउन
मंगलबार
८




सोमबार सबैभन्दा धेरै नेपाल इन्भेष्टमेन्ट बैंकको १ करोड ६० लाख ४२ हजार रुपियाँ बराबरको कारोबार भएको छ। सबैभन्दा धेरै कमाउनेमा नयाँ नेपाल लघुवित्त कम्पनीका लगानीकर्ताले प्रतिकित्ता १० प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा तिनाउ विकास बैंकका लगानीकर्ताले प्रतिकित्ता ४ दशमलव ४१ प्रतिशतका दरले गुमाएका छन्। सोमबार १९ वटा कम्पनीका शेयरधनीले मात्रै आफ्नो लगानी गुमाएको स्टक एक्सचेन्जले जनाएको छ।

## दोहोरो अंकले बढ्यो नेप्से

काठमाडौं, (नेस)

आइतबार ११ दशमलव ७३ अंकले घटेको नेपाल स्टक एक्सचेन्ज नेप्से परिसूचक सोमबार भने सोही अनुपातमा बढेको छ। सोमबार १२ दशमलव ८४ अंकले बढेर परिसूचक १ हजार १ सय १४ दशमलव ५० अंकमा कायम भएको छ। बजार बढेपनि कारोबार रकममा भने अघिल्लो दिनको तुलनामा घटेको छ।

सोमबार दिनभरिमा १ सय ५७ वटा कम्पनीको ६ लाख ५८ हजार २ सय ९२ कित्ता शेयर २ हजार ८ सय ३९ पटक खरिद बिक्री हुँदा १८ करोड ६५ लाख २६ हजार ५ सय ३५ रुपियाँ बराबरको कारोबार भएको छ। सबैभन्दा धेरै निर्जीवन बीमा कम्पनीको उपसूचक १ सय ३३ दशमलव ५१ अंकले बढेको छ। त्यसैगरी बैंकिङ समूहको उपसूचक ८ दशमलव शून्य ६ अंकले, विकास बैंक समूहको उपसुचक १५ दशमलव ८८ अंकले, जलविद्युत् समुहको उपसूचक १९ दशमलव शून्य १ अंकले, वित्त समूहको उपसूचक १ दशमलव ८ अंकले, उत्पादनमूलक समूहको उपसूचक १० दशमलव ९१ अंकले, अन्य समूहको उपसूचक ९ दशमलव ६३ अंकले, लघुवित्त समूहको उपसूचक ३५ दशमलव ४५ अंकले र जीवन बीमा समूहको उपसूचक ५४ दशमलव ८६ अंकले बढेका छन्। होटल समूहको उपसूचक भने स्थिर रहेको छ।

## सिस्को ग्लोबल साइबर सेक्युरिटी समिट हुने

काठमाडौं, (नेस)। साइबर सुरक्षाबारे अन्तर्राष्ट्रियस्तरमा सहकार्य गर्ने तथा नेपालीलाई यस विषयमा सचेत गराउने उद्देश्यका साथ नेपालमा पहिलोपटक 'सिस्को ग्लोबल साइबर सेक्युरिटी समिट' हुने भएको छ। साउन ११ र १२ गते राजधानीमा उक्त 'सिस्को ग्लोबल साइबर सेक्युरिटी समिट २०१८' हुने भएको हो। 'बिल्डिङ ग्लोबल एलायन्स फर साइबर रिजेलियन्स' भन्ने नारासहित हुने समिट होटल र्‍याडिसनमा आयोजना हुनेछ। यस समिटको पूर्वसंध्यामा साउन ११ गते नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानमा प्रि-समिट वर्कसप सञ्चालन हुनेछ। विश्वप्रसिद्ध आइटी र नेटवर्किङ कम्पनी सिस्कोको मुख्य प्रायोजन तथा टेक्सास इन्टरनेसनल कलेज, लगप्वइन्ट र चेकप्वाइन्टको सहप्रायोजनमा हुने यस ग्लोबल साइबर सेक्युरिटी समिट २०१८ मा सूचना प्रविधि क्षेत्रमा आबद्ध व्यावसायिक व्यक्ति, सुरक्षा विज्ञ, सरकारी अधिकारी, व्यवसायीहरूका साथमा विद्यार्थीहरूको सहभागिता हुने उक्त समिट सचिवालयले जनाएको छ।

# PRESS RELEASE

## मेगा बैंक नेपाल नवौं वर्षमा प्रवेश



काठमाडौं, (नेस)

मेगा बैंक नेपाल नवौं वर्षमा प्रवेश गरेको छ। सोमबार वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा अध्यक्ष भोजबहादुर शाहले चुक्ता पुँजीका रुपमा देशकै दोस्रो ठूलो बैंकको रुपमा स्थापित हुन सफलता भएको बताउनुभयो। मेगा बैंकले आर्थिक वर्ष २०६९/७० देखि नै निरन्तर राम्रो प्रतिफल दिइरहेको बताउँदै अध्यक्ष शाहले भन्नुभयो-'हामीले भर्खरैमात्र टुरिजम डेभलपमेन्ट बैंकसँग मर्जर सकेका छौं। मर्जरपछि साधारणसभामार्फत नयाँ सञ्चालक समिति पनि आएको छ। अब मेगा कल्चर अनुसार नै हामी रफ्तार बढाउँछौं। टुरिजम र पश्चिमाञ्चल डेभलपमेन्ट बैंक गाभिएपछि मेगा बैंकमा झनै उत्साह थपिएको मैले पाएको छु।'

अध्यक्ष शाहले चार वर्षभित्र बैंकको कर्पोरेट भवन बनाउने तथा संघीय संचरना अनुसार हरेक प्रदेशमा 'प्रदेश हेडक्वार्टर' स्थापना गरी मेगा बैंकको सञ्जाललाई व्यापक बनाइने बताउनुभयो। मेगा बैंककी प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले छोटो समयमै मेगा बैंक नेपालको बैंकिङ क्षेत्रमा उत्कृष्ट ब्राण्डका रुपमा स्थापित भएको बताउनुभयो। खुञ्जेलीले भन्नुभयो-'ग्राहकको चाहनाअनुसार लोकप्रिय र नवीनतम सुविधाहरू सँधै हाम्रो प्राथमिकतामा छन्। अनलाइन ट्रेड सर्भिस, फास्ट ट्र्याक ग्यारेन्टी इसुऐन्स, अनलाइन खाता खोल्ने जस्ता सेवालाई ग्राहकले अत्याधुनिक मन पराइदिनुभएको छ। शेयरधनी र ग्राहकवर्गलाई हामीले हरेक महिना 'मेगा मन्त्र' नामक न्यूजलेटर पठाएर हाम्रा सेवाबारे अवगत पनि गराउँदै आएका छौं। '

वार्षिकोत्सवको अवसरमा 'मेगा साना तथा मझौला कर्जा', आवास तथा गाडी लिन चाहने मध्यमवर्गीय नेपालीका लागि 'मेगा घर तथा गाडी कर्जा' र विभिन्न पेशा व्यवसायमा संलग्नलाई बिनाधितो ऋण प्रदान गर्ने गरी 'मेगा प्रोफेसनल लोन' योजना सार्वजनिक गरिएको छ।

## सिटिजन्स बैंक र ललितपुर प्रहरीबीच सम्झौता



ललितपुर, (नेस)

जिल्लामा कार्यरत प्रहरीलाई पुरस्कृत गर्न सिटिजन्स बैंक इन्टरनेसनलले महानगरीय प्रहरी परिसर ललितपुरलाई ७ लाख २० हजार रुपैयाँ प्रदान गरेको छ। बैंक र परिसरबीच सोमबार भएको सम्झौताअनुसार सो रकम प्रदान गरेको हो।

सम्झौतामा जिल्लामा कार्यरत प्रहरीमध्ये जिम्मेवारीमा उत्कृष्ट हुने तीन जनालाई प्रत्येक महिनाको पहिलो साता पुरस्कृत गर्ने भनिएको छ।

बैंकले तीन जना प्रहरीलाई जनही २० हजारका दरले जम्मा ६० हजार एक वर्षमा दिन सो रकम प्रदान गरेको सम्झौतापत्रमा उल्लेख गरिएको छ। सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारी र परिसर प्रमुख गणेशबहादुर ऐरले हस्ताक्षर गर्नुभयो। सम्झौतालगतै परिसरले तीन जना प्रहरीलाई सोमबार पुरस्कृत गरेको थियो। असार महिनाभित्र तीन वटा क्षेत्रमा उत्कृष्ट काम गर्ने प्रहरीलाई पुरस्कृत गरेको हो।

असार महिनाभित्र अपराध अनुसन्धान तथा कारबाहीको मूल्याकंन गर्दै दुई थान पेस्तोल र ५६ राउन्ड गोली सहित समातिएकोमा प्रहरी निरीक्षक खुमलाल भुसाल, जनमैत्री सामाजिक सचेतनामूलक कार्यक्रमतिर प्रहरी निरीक्षक चञ्चला श्रेष्ठ, प्रहरी परिचालन शान्ति सुरक्षा व्यवस्थापनमा प्रहरी निरीक्षक मीनबहादुर तामाङलाई पुरस्कृत गरेको हो।

पुरस्कृत हुने लाई बैंकका प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारीले नगद पुरस्कार जनही २० हजार रुपियाँ र परिसर प्रमुख ऐरले प्रशंसा पत्र प्रदान गर्नुभयो। सो अवसरमा प्रमुख कार्यकारी अधिकृत भण्डारीले सम्झौताबाट बैंक र प्रहरीबीच सहकार्य र प्रहरी मेरो साथीको भावना वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

प्रहरी प्रमुख ऐरले आफूलाई जिम्मेवारी दिइएको काममा लगनशील भएर लाग्ने हरेक प्रहरीलाई पुरस्कार प्रदान गर्न सकिने बताउँदै यसबाट जिल्लामा कार्यरत प्रहरी कर्मचारीहरू कामप्रति अझ उत्तरदायी हुने धारणा राख्नुभयो।

## एनआईसी एसिया बैंक र नेसनल लाइफ इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले नेसनल लाइफ इन्स्योरेन्स कम्पनीसँग बैंकास्योरेन्स सम्झौता गरेको छ। यस सम्झौताअनुसार अब सो बैंकका ग्राहकले २३३ वटै शाखाबाट नेसनल लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बीमा पोलिसी खरिद गर्न सक्नेछन्। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्स कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत भरत बस्नेतले हस्ताक्षर गर्नुभयो। बैंकको मुलुकभर २३२ शाखाकार्यालय, २२० एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवं १५ वटा शाखारहित बैंकिङ इकाई मार्फत बैंकिङ सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ। बैंकको वासलातको आकार १७५ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५० अर्ब पुगी निजी क्षेत्रका बैंकहरूमध्ये सबैभन्दा ठूलो बैंक तथा कुलकर्जा करिब ११९ अर्बसहित निजी क्षेत्रका बैंकहरूमध्ये दोस्रो ठूलो बैंक रहेको छ। हालसम्म यस बैंकमा ग्राहकको संख्याकरिब ११ लाख ७५ हजार रहेको छ।






# रश्मीको ह्याट्रिकमा रौतहटको जित



**नेपाल समाचारपत्र**

काठमाडौं

रश्मीकुमारी घिसिङको ह्याट्रिकसँगै रौतहट जिल्ला फुटबल टोलीले उपराष्ट्रपति महिला राष्ट्रिय लिग फुटबलमा जितबाट सुरुआत गरेको छ।

सातदोबाटोस्थित एन्फा मैदानमा सोमबारदेखि शुरू भएको प्रतियोगिताअन्तर्गत रौतहटले काठमाडौं जिल्ला फुटबल टोलीलाई ४-० गोल अन्तरले पन्छायो। टोलीको जितमा रश्मीले ९ मिनेटमा ३ गोल गरेर ह्याट्रिक पूरा गरेकी हुन्।

सबै गोल दोस्रो हाफमा हुने क्रममा रश्मीले ५०औं, ५६औं र ५९औं मिनेटमा गोल गर्दा मनिषा राउतले ६८औं मिनेटमा १ गोल थपिन्।

यसअघि प्रतियोगिताको उद्घाटन खेलमा त्रिभुवन आर्मीले नेपाल पुलिस क्लबलाई १-० गोलअन्तरले पराजित गर्‍यो। जसमा शर्मिला थापाको निर्णायक गोलले आर्मीलाई जित दिलाएको थियो। उनले निर्धारित समय सकिन ९ मिनेट बाँकी हुँदा गोल गरेकी हुन्।

# कालिनिचद्वारा पदक लिन अस्वीकार

लन्डन, (एजेन्सी)

क्रोएसियाका स्ट्राइकर निकोला कालिनिचले रजत पदक लिन अस्वीकार गरेका छन्।

गत साता सम्पन्न फिफा विश्वकपमा उपविजेता बनेको क्रोएसियाका स्ट्राइकर कालिनिचले रजत पदक लिन अस्वीकार गरेका हुन्। विश्वकप समूह चरणअन्तर्गत नाइजेरियाविरुद्ध भएको पहिलो खेलमा ढाडको समस्याका कारण वैकल्पिक खेलाडीका रूपमा मैदान जान नमानेपछि प्रशिक्षक ज्लाट्को डालिचले उनलाई सोझै घर फिर्ता पठाएका थिए। त्यसपछि भने उनले विश्वकपका अन्य खेल गुमाएका थिए।

तर क्रोएसिया टोलीको २३ सदस्यबाट भने उनको नामलाई यथावत नै राखिएको थियो। जसका कारण उनी पनि रजत पदकका हकदार बनेका हुन्। उनले भने- 'धन्यवाद, मैले विश्वकपमा खेलिन त्यसैले म यो पदक लिन सक्दिन।'

प्रतियोगितामा सनसनीपूर्ण प्रदर्शनसँगै फाइनल पुगेको क्रोएसियालाई कलिनिचजस्तो सशक्त स्ट्राइकरको अभाव भने खट्किएको थियो।



# ओजिलद्वारा अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास

लन्डन, (एजेन्सी)

जर्मन मिडफिल्डर मेसुट ओजिलले अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएको घोषणा गरेका छन्।

आइतबार राति एक लामो विज्ञप्ति जारी गर्दै ओजिलले संन्यासको घोषणा गरेका हुन्। रुस विश्वकपअघि टर्कीका राष्ट्रपति एन्डोगानसँग फोटो खिचाएका कारण विवादित बनेका ओजिलले त्यसपछि आफूलाई राजनीतिक प्रोपोगान्डा बनाएको र जर्मन फुटबल संघले आफूलाई गलत व्यवहार गरेको जनाएका छन्।

इंग्लिस क्लब आर्सेनलबाट व्यावसायिक फुटबल खेल्दै आएका उनले रुस विश्वकपमा खराब प्रदर्शन गरेको आरोप खेपेका थिए। टर्कीका राष्ट्रपतिसँगको फोटो सार्वजनिक भएपछि सामाजिक सञ्जालमा व्यापक आलोचना खेपेका २९ वर्षीय ओजिलले नस्लवादको आरोप र आत्मसम्मानमा चोट पुगेको भन्दै संन्यासको घोषणा गरेको बताएका छन्।

सन् २००९ मा डेब्यू गरेका ओजिलले ९२ क्याप जितेका छन्। जर्मनीका लागि २३ गोल गरेका ओजिल सन् २०१४ को विश्वविजेता हुँदा महत्त्वपूर्ण खेलाडी थिए। उनले ५ पटक जर्मन प्लेयर अफ द इयर जितेका थिए।

संन्यास घोषणा गर्दै उनले भनेका छन्- 'संन्यास घोषणा गर्नु मेरा लागि कठिन र चुनौतीपूर्ण काम हो। जब जित्थें तब मलाई जर्मनी भनिन्थ्यो, जब हारें तब मलाई प्रवासी भनिन थालियो। वास्तवमा मेरो परिवार टर्कीका हुन् र मैले मेरो परिवारको राष्ट्र प्रमुखसँग फोटो खिचाएको हुँ। तर यो जातीयता र नस्लवादसँग केही सरोकार नै नभएको विषय हो। मेरा समकालीन साथी पोडोल्स्की र मिरोस्लाभ क्लोज पनि पोल्यान्डका हुन्। तर उनीहरूलाई जातीयतासँग जोडिएको छैन। म मुस्लिम राष्ट्र टर्कीसँग सम्बन्धित भएकाले अहिले चर्चा पाएको छ।'

ओजिल अहिले प्रि-सिजन टुरका लागि सिंगापुर जाने आर्सेनल टोलीमा सामेल हुने तयारीमा छन्। जहाँ इन्टरनेसनल च्याम्पियन्स कप २०१८ अन्तर्गत आर्सेनलले एट्लेटिको मेड्रिड र पेरिस सेन्ट जर्मेनसँग म्याच खेल्ने कार्यक्रम रहेको छ।









## धरहरा

### वाक युद्ध



डा. केसी विगत २४ दिनदेखि अनसनमा छन्। उनको समर्थन अनि सरकारविरुद्ध निकै चर्को दबाब बढ्या छ। सत्तारुढ दलका नेता र मन्त्रीहरू केसीविरुद्ध कडा उत्रिया छन्। उनीहरू भन्छन्- 'कांग्रेसले केसीको हत्या गर्न र लासको राजनीति गर्न चाहेको छ।' सोमबार नेकपा नेता प्रचण्डले एक सार्वजनिक कार्यक्रममा यस्तो भन्दा धरहरा तीनछक पर्‍या छ।

प्रचण्ड कुनै शक्तिले तथास्तु गरेर अहिलेको अवस्थामा पुग्या भए पो छक्क नपर्नु, उनको विगत के थियो, कस्तो थियो थाह नभा हो र ? नेताज्यू, मैले के बोल्दैछु, बोलेपछि प्रतिक्रिया कस्तो हुन्छ भन्ने अलिकति पनि हेक्का हुन्न कि क्या हो ? कम्रेडले अब केही दिनपछि भन्न बेर छैन- 'मिडियाले अतिरञ्जित गरे, मैले बोल्दै नबोलेको कुरा तोडमोड गरे, मलाई अनावश्यक विवादमा तान्ने काम गरियो।'

नेता मात्रै हो र, नेताज्यूका मन्त्री पनि उस्तै छन् एक दिनअघि खैं के-के बोल्छन् अनि २४ घन्टा पनि बित्न नपाउँदै माफी माग्छन्। केसी अनसन बसेपछि कांग्रेस खुब लोकतान्त्रिक बन्या छ, सरकारविरुद्ध वाक युद्ध र आन्दोलनमा उत्रिया छ। अन्य विपक्षी दल पनि त्यही लाइनमा छन्। केसीको मागबारे जस लिन दलहरू तछाड मछाड गर्‍या छन्। जस लिन तछाड मछाड गर्नेहरूले कम्तिमा बोलीको हेक्का चाहिँ राखे हुन्थ्यो।

# रोनाल्डो उत्कृष्ट फुटबलर

लन्डन, (एजेन्सी)

पोर्चुगल तथा युभेन्ट्सका स्टार स्ट्राइकर क्रिस्टियानो रोनाल्डो वर्ष २०१८ को उत्कृष्ट पुरूष फुटबलर घोषित भएका छन्।

स्पेनिस क्बल रियल मेड्रिडबाट १ सय मिलियन पाउन्डमा इटालियन सिरी ए क्लब युभेन्ट्समा हालै अनुबन्धित भएका रोनाल्डोलाई स्पोर्ट्स अनलाइन सोनी ईएसपीएनले वर्षको सर्वोत्कृष्ट पुरूष खेलाडी घोषणा गरेको हो। ईएसपीएनले उनलाई 'ईएसपीवाई बेस्ट इन्टरनेसनल मेन्स फुटबल प्लेयर' को उपाधि दिएको हो।

चीन यात्रामा रहेका रोनाल्डो अवार्ड कार्यक्रम सहभागी थिएनन्। गत सिजन स्पेनिस क्लब रियल मड्रिडलाई च्याम्पियन्स लिगको उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका रोनाल्डोले गत सिजन आफ्नो गोलसंख्या ४४ पुर्‍याएका थिए।








कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ